# बुध्द शिक्षा

( नैतिक शिक्षा )



लेखिका: भिक्षुणी धम्मवती
शासनधज्ज धम्माचरिय,
अग्गमहागन्थ वाचक पण्डित,
धर्मकीर्ति विहार

धर्मदाता
सत्यराजा मानन्
चागल, इन्

Downloaded from http://www.dhamma.digital

# बुद्ध शिक्षा

**प्रकाशक**

धर्मकीर्ति प्रकाशन

धर्मकीर्ति विहार, श्रीघः नःघः त्वाः

Downloaded from http://www.dhamma.digital

**प्रकाशक:**
धर्मकीर्ति प्रकाशन
धर्मकीर्ति विहार, श्रीघः नःघः त्वाः

सर्वाधिकार प्रकाशकमा

**प्रथम संस्करण: १५००**

बुद्ध जन्म सम्वत् : २६४१
बुद्धत्व लाभ सम्वत् : २६०६
बुद्ध महापरिनिर्वाण सम्वत् : २५६१
नेपाल सम्वत् : ११३७
विक्रम सम्वत् : २०७४
इस्वी सम्वत् : २०१७

**मुद्रण:**
मोनाज अफसेट प्रेस, कुपण्डोल

Downloaded from http://www.dhamma.digital

## प्रकाशकीय

"बुद्ध शिक्षा" नामाकरण गरिएको यस पुस्तक धर्मकीर्ति प्रकाशन प्रथम संस्करणको रूपमा प्रकाशन गरिएको छ । दाता सत्यराजाले आफ्नो दिवंगत माता, पिता, ठूलो दाजु, सानो दाजु र भतिजा उपासिका उपासकहरूको पुण्य स्मृतिमा यस पुस्तक धर्मदान गर्नुभएको हो ।

"सब्बदानं धम्मदानं जिनाति" भन्ने बुद्ध वचन अनुसार सबै दानलाई धर्मदानले जितेको हुन्छ । यही धर्मदानको पुण्यद्वारा दिवंगत उपासिका उपासकहरूको परलोक जीवन सुखमय होस् । यस पुण्यले उहाँहरूको लागि निर्वाण हेतु पनि यथासिघ्र प्राप्त होस् । उपासक सत्यराजाका दीवंगत हुनुभएका परिवारहरूको कृतज्ञ गुण सम्झी धर्मदान गर्नुहुने दाता परिवारको पनि आयु आरोग्य कामना गर्दै उहाँहरूले पनि बुद्ध शिक्षालाई आ-आफ्नो जीवनमा प्रयोग गरी जीवन सुखमय बनाउन सकुन् ।

यस पुस्तकमा मैले लेखेका विभिन्न पुस्तकहरूबाट लेखहरू संग्रह गरी राखिएका छन् । ती पुस्तकहरूबाट मैले नेपाल भाषामा लेखेका लेखहरूलाई नेपाली भाषामा अनुवाद गर्नु भएका अनुवादकहरूको नामावली तल उल्लेख गरिएका छन्-

| क्र.सं. | पुस्तकको नाम | अनुवादकको नाम |
|---|---|---|
| १. | बुद्धया भिंनिगु विपाक | वीर्यवती गुरूमाँ |
| २. | प्रौढ बौद्ध कक्षा | वीर्यवती गुरूमाँ |
| ३. | लक्ष्मी द्यो | चक्रमान शाक्य |

Downloaded from http://www.dhamma.digital


| | | |
|---|---|---|
| ४. | मति भिंसा गति भिनी व उखान कथा संग्रह | प्रकाश बज्राचार्य, रमेश ताम्राकार |

समयमा नै पुस्तक प्रकाशनार्थ सहयोग पुऱ्याउनु भएकोमा मोनाज अफसेट प्रेसलाई पनि धन्यवाद ज्ञापन गर्दछौं ।



भिक्षुणी धम्मवती
शासनधज धम्माचरिय
अग्गमहागन्थवाचक पण्डित
धर्मकीर्ति विहार
श्रीघः, नःघः, काठमाडौं ।

Downloaded from http://www.dhamma.digital



**स्व. कालिदास मानन्धर**
जन्म मिति : १९८३ कार्तिक २६ गते
दिवंगत : २०७१ मंसिर १९ गते

Downloaded from http://www.dhamma.digital



स्व. : ईन्द्र कुमारी मानन्धर

जन्म मिति : १९८५ असोज १७

दिवंगत : २०७३ माघ १

Downloaded from http://www.dhamma.digital




स्व. श्याम राजा मानन्धर

जन्म मिति : २००५ माघ

विवंगत : २०६७ भाद्र ६ गते

Downloaded from http://www.dhamma.digital



स्व. राम राजा मानन्धर
जन्म मिति : २०११ माघ
विवंगत : २०७३ माघ २८ गते

Downloaded from http://www.dhamma.digital



**स्व. रवि राजा मानन्धर**

जन्म मिति : २०४२ मंसिर

विवंगत : २०६४ भाद्र

Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

## धर्मदान

अनन्त गुणले सम्पन्न हुनुभएका मेरो बुबा कालिदास मानन्धर ८९ वर्षमा र आमा ईन्द्रकुमारी मानन्धर ८८ वर्षमा साथै आदर णिय दाजुहरू श्यामराजा मानन्धर ६२ वर्षमा, रामराजा मानन्धर ६३ वर्षमा र भतिजा रविराजा मानन्धर (रामराजाको छोरा) २२ वर्षमा विवंगत हुनुभयो । उहाँहरूको पुण्य स्मृतिमा "सब्बदानं धम्मदानं जिनाति" अर्थात् सबै दानलाई धर्मदानले जित्छ, भन्ने बुद्ध वचनलाई हृदयंगम गरी यो पुस्तक "बुद्ध शिक्षा" धर्मदान गर्न पाउँदा मलाई अनि स-परिवारलाई खुसी लागेको छ ।

हुनत आमाले आफ्नो श्रीमान् कालिदास मानन्धर बित्नुभएको ६ महिनाको पुण्य तिथिमा डा. भिक्षु ज्ञानपूर्णिक धम्माचरिय, अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधजज्यूद्वारा (सम्पादक तथा अनुवादक) "परित्राण सूत्र" पुस्तक प्रकाशित गरि धर्मदान गर्नु भएको थियो) ।

"बुद्ध शिक्षा" पुस्तक अध्ययन गरी यहाँहरूले बुद्धको शिक्षालाई अझ राम्ररी बुझ्नु हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु ।

Downloaded from http://www.dhamma.digital

अन्तमा, भिक्षुणी धम्मवती शासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डितज्यूले यो पुस्तक प्रकाशन गर्ने अनुमति दिनु भएकोमा उहाँप्रति कृतज्ञ साथै आभार व्यक्त गर्दछु। साथै सहयोगी भिक्षुणी वीर्यवती ज्यूलाई धेरै-धेरै धन्यवाद !

## धर्मदाता



सत्यराजा मानन्धर

साथमा स-परिवार

२०७४

बुद्ध जयन्ति

भवतु सब्ब मंगलम्।

Downloaded from http://www.dhamma.digital

# विषय सूची


| क्र.सं. | विषय | पुष्ठ |
| --- | --- | --- |
| १ | चतु आर्य सत्य भनेको के के हुन्? | १ |
| २ | कायानुपस्सना सतिपट्ठान भनेको के के हुन्? | ६ |
| ३ | वेदनानु पस्सना सतिपट्ठान भनेको के के हुन्? | ६ |
| ४ | चित्तानुपस्सना सतिपट्ठान भनेको के के हुन्? | ७ |
| ५ | धम्मानुपस्सना सतिपट्ठान भनेको के के हुन्? | ८ |
| ६ | पञ्च नीवरण भनेको के के हुन्? | ८ |
| ७ | पञ्च उपादान भनेको के के हुन्? | ९ |
| ८ | ६ आयतन भनेको के के हुन्? | ९ |
| ९ | पथवी धातु भनेको के के हुन्? | १० |
| १० | आपो धातु भनेको के के हुन्? | ११ |
| ११ | तेजो धातु भनेको के के हुन्? | ११ |
| १२ | वायो धातु भनेको के के हुन्? | १२ |
| १३ | सातवटा आर्य धनहरू | १२ |
| १४ | स्त्रीले गर्दा गरीब धनी भएको | १३ |
| १५ | श्रीमतीले गर्दा रक्सीबाज श्रीमान सुध्रियो | २६ |
| १६ | श्रीमतीले गर्दा नकुल पिताको रोग निवारण | ३४ |
| १७ | एक महिलाद्वारा घर-कलह शान्ति | ४० |
| १८ | श्रीमतीको धर्मले श्रीमान्‌को ज्यान बच्यो | ४६ |


Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| १९ | शुद्ध मैत्री चित्तको प्रभावले कुमन्त्रले छुन सकेन | ५० |
| २० | मति राम्रो भए गति राम्रो हुन्छ | ५८ |
| २१ | मति सप्प्रो भने आयु पनि लम्बिन्छ | ६६ |
| २२ | मति राम्रो नभएकोले गति राम्रो भएन | ६९ |
| २३ | विषको विरूवामा पानी दिनु हुँदैन | ७२ |
| २४ | एउटा रूख अमिलो हुँदैमा वन नै अमिलो हुँदैन | ७९ |
| २५ | ठुलोपन देखाउनु हुँदैन | ८५ |
| २६ | कंजुस बन्नु हुँदैन | ८८ |
| २७ | स्वार्थी बन्नु हुँदैन | ९१ |
| २८ | भगवान बुद्धका बाह्र कर्म विपाकहरू | ९५ |

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## चतु आर्य सत्य भनेको के के हुन् ?

१) दुःख सत्य - जीवन दुःखले भरिएको छ।

२) दुःख समुदय सत्य - दुःखको कारण तृष्णा।

३) दुःख निरोध सत्य - दुःख नभएको निर्वाण।

४) दुःख निरोध गामिणि प्रतिपदा आर्यसत्य - दुःख हटाउने मार्ग छ।

## १) दुःख सत्य भनेको के के हुन् ?

क) जाति दुःख - जन्म हुनु दुःख।

ख) जरा दुःख - बुढा बुढी हुनु दुःख।

ग) व्याधि दुःख - रोग हुनु दुःख।

घ) मरण दुःख - मर्नुपर्ने दुःख।

ङ) अप्पियेहि सम्पयोगो दुक्खो - आफूलाई मन नपर्ने व्यक्तिहरुसंग जीवन विताउनुपर्ने दुःख।

च) पियेही विप्पयोगो दुक्खो - आफूलाई मनपर्ने व्यक्तिहरुसँग विछोड भई बस्नुपर्ने दुःख।

छ) यंपिच्छं न लभति तम्पि दुक्खं - आफूले इच्छा गरेको पूरा नहुनु पनि दुःख नै हो।

ज) संखित्तेन पञ्चुपादानक्खन्धापि दुक्खा - संक्षिप्तमा भन्ने हो भने यस पञ्चस्कन्धरुपी शरीर धारण गर्नु नै दुःख हो।



Downloaded from http://www.dhamma.digital

## २) दु:ख समुदय सत्य भनेको के के हुन् ?

क) काम तण्हा - पञ्चकाम भोग (मोज मज्जा) गर्ने इच्छा।

ख) भव तण्हा - फेरी फेरी जन्म लिने इच्छा।

ग) विभव तण्हा - तृष्णा क्षय नगरिकन नै मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने विश्वास सहितको इच्छा।

## ३) दु:ख निरोध सत्य भनेको के के हुन् ?

क) स उपादिसेस निब्बान धातु - पञ्चस्कन्ध बाँकि रहेको अवस्थामा क्लेश निरोध हुनु।

ख) अनुपादिसेस निब्बान धातु - पञ्चस्कन्ध र क्लेश दुबै निरोध हुनु।

## ४) दु:ख निरोध गामिनि पदिपदा आर्यसत्य भने को के के हुन् ?

आर्य अष्टाङ्गिक मार्गहरू

क) सम्मा दिट्ठि (सम्यक दृष्टि) - ठीक तरिकाले बुझिलिने।

ख) सम्मा संकप्प (सम्यक संकल्प) - राम्रो नियत।

ग) सम्मा वाचा (सम्यक वचन) - ठीक तरिकाले कुरा गर्नु।

घ) सम्मा कमन्त (सम्यक कर्मान्त) - ठीक तरिकाले काम गर्नु।

ङ) सम्मा आजिव (सम्यक आजिव) - ठीक तरिकाको जीविका।

च) सम्मा वायाम (सम्यक व्यायाम) - ठीक व्यायाम।

छ) सम्मा सति (सम्यक स्मृति) - ठीक स्मृति।

ज) सम्मा समाधि (सम्यक समाधि) - ठीक कार्यमा मन एकाग्र गर्नु।



Downloaded from http://www.dhamma.digital

## क) सम्मादिट्ठि (सम्यक दृष्टि) भनेको के के हुन् ?

१) दुःख सत्यलाई देख्न सक्नु ।

२) दुःख समुदय सत्यलाई देख्न सक्नु ।

३) दुःख निरोध सत्यलाई देख्न सक्नु ।

४) दुःख निरोध गामिनि पटिपदा आर्य सत्यलाई देख्न सक्नु ।

## ख) सम्मा संकप्प (सम्यक संकल्प) भनेको के के हुन् ?

१) नेक्खम्म संकप्प - क्लेशबाट अलग हुने इच्छा ।

२) अब्यापाद संकप्प - द्वेष भाव नगरी कसैलाई दुःख नदिई उपकार गर्न इच्छा ।

३) अविहिंसा संकप्प - कसैलाई पनि हिंसा नगर्ने इच्छा ।

Dhamma.Digital

## ग) सम्मा वाचा (सम्यक वचन) भनेको के के हुन् ?

१) मुसावादा वेरमणि - झूठो कुरा गर्नबाट अलग्ग रहने ।

२) पिसुन वाचा वेरमणि - चुकली कुरा गर्नबाट अलग्ग रहने ।

३) फरूस वाचा वेरमणि - कडा वचन प्रयोग गर्नबाट अलग्ग रहने ।

४) सम्फप्पलाप वाचा वेरमणि - काम नलाग्ने बकवास गफ गर्नबाट अलग्ग रहने ।



Downloaded from http://www.dhamma.digital

## घ) सम्मा कम्मन्त (सम्यक कर्मान्त) भनेको के के हुन् ?

१) पाणातिपाता वेरमणि - प्राणी हिंसा गर्ने कार्यबाट अलग्ग रहनु ।

२) अदिन्नादाना वेरमणि - परधन चोरेर लिने कार्यबाट अलग्ग रहनु ।

३) कामेसु मिच्छाचारा वेरमणि - काम मिथ्याचार कार्यबाट अलग्ग रहनु ।

## ङ) सम्मा आजिव (सम्यक आजिव) भनेको के के हुन् ?

१) मंस वाणिज्जा वेरमणि - प्राणी मारी मासु बेच्ने कार्यबाट अलग्ग रहने ।

२) पाण वाणिज्जा वेरमणि - मार्ने नियतले प्राणी बेच्ने कार्यबाट अलग्ग रहने ।

३) विस वाणिज्जा वेरमणि - मार्ने नियमतले विष बेच्ने कार्यबाट अलग्ग रहने ।

४) सत्थ वाणिज्जा वेरमणि - प्राणी मार्ने नियतले शस्त्र अस्त्र बेच्ने कार्यबाट अलग्ग रहने ।

५) मज्ज वाणिज्जा वेरमणि - जाँड, रक्सी आदि लठ्ठ पार्ने खालका मद्यपान र लागुपदार्थ आदिको व्यापार गर्ने कार्यबाट अलग्ग रहने ।

## च) सम्मा वायाम (सम्यक ब्यायाम) भनेको के के हुन् ?

१) उप्पन्नानं पापकानं पहानाय वायामो - उत्पन्न भइसकेका पापलाई निर्मूल गर्ने ।



Downloaded from http://www.dhamma.digital

२) उनुप्पन्नानं पापकानं अनुप्पादाय वायामो - उत्पन्न भइनसके का पापलाई उत्पन्न नै नगर्ने ।

३) अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो - उत्पन्न हुन बाँकी कुशल धर्मलाई उत्पन्न गर्न मेहनत गर्ने ।

४) उप्पन्नानं कुसलानं धम्मानं भिय्यो भावाय वायामो - उत्पन्न भइसकेका कुशल धर्मलाई बृद्धि गर्न मेहनत गर्ने ।

## छ) सम्मासति (सम्यक स्मृति) भनेको के के हुन् ?

१) कायानुपस्सना सतिपट्ठान - शरीरबाट क्लेश भित्रन नदिन होशियारी पूर्वक रहने ।

२) वेदनानुपस्सना सतिपट्ठान - सुख दुःख उपेक्षा वेदनाको तर्फबाट क्लेश भित्रन नदिई होशियारी पूर्वक रहने ।

३) चित्तानुपस्सना सतिपट्ठान - आफ्नो मनमा उत्पन्न भएका असल र खराब चित्तलाई होशियारी पूर्वक जाँची रहने ।

४) धम्मानुपस्सना सतिपट्ठान - कुशल धर्म र अकुशल धर्मलाई राम्ररी बुझी अकुशल धर्मलाई हटाउँदै कुशल धर्ममा होश पुऱ्याइरहने ।

## ज) सम्मा समाधि (सम्यक समाधि) भनेको के के हो ?

१) पथम ध्यान - वितक्क, विचार, प्रिति, सुख, एकाग्रता सहित पाँच अङ्गले परिपूर्ण ।

२) दुतिय ध्यान - विचार, प्रिति, सुख, एकाग्रता सहित चार अङ्गले परिपूर्ण ।

३) ततिय ध्यान - प्रिति, सुख, एकाग्रता सहित तीन अङ्गले परिपूर्ण ।



Downloaded from http://www.dhamma.digital

चतुत्थ ध्यान - सुख, एकाग्रता सहित दुई अङ्गले परिपूर्ण ।

पञ्चम ध्यान - उपेक्षा, एकाग्रता सहित दुई अङ्गले परिपूर्ण ।

## कायानुपस्सना सतिपट्ठान भनेको के के हुन् ?

१) आनापान सति - शरीरबाट श्वास भित्र बाहिर गइरहेको प्रक्रियालाई स्मृति राखिरहने ।

२) इरियापथ सति - उठ्ने, बस्ने, सुत्ने र हिंड्ने आदि गरी शरीरको चारवटा अवस्थामा स्मृति राखिरहने ।

३) पतिक्कूल मनसिकार - केसा (कपाल), लोमा (रौं) आदि गरी शरीरका बत्तीस कोठ्ठासहरुमा स्मृति राखिरहने ।

४) धातु मनसिकार - पथवी, आपो, तेजो, वायो आदि शरीरका चार धातुहरुमा स्मृति राखिरहने ।

## वेदनानुपस्सना सतिपट्ठान भनेको के के हुन् ?

१) सामिस सुख वेदना - वस्तुको आधारबाट प्राप्त भएको सुख वेदना ।

२) निरामिस सुख वेदना - वस्तुबाट अलग्ग रही प्राप्त भएको सुख वेदना ।

३) सामिस दुःख वेदना - वस्तुको आधारबाट प्राप्त भएको दुःख वेदना ।

४) निरामिस दुःख वेदना - वस्तुबाट अलग्ग रही प्राप्त भएको दुःख वेदना ।

५) सामिस उपेक्षा वेदना - वस्तुको आधारबाट प्राप्त भएको उपेक्षा वेदना ।

६) निरामिस उपेक्षा वेदना - वस्तुबाट अलग्ग रही प्राप्त भएको उपेक्षा वेदना ।



Downloaded from http://www.dhamma.digital

## चित्तानुपस्सना सतिपट्ठान भनेको के के हुन् ?

१) सराग चित्त - राग सहितको चित्त

२) वीत राग चित्त - राग रहितको चित्त

३) सदोस चित्त - द्वेष सहितको चित्त

४) वीतदोस चित्त - द्वेष रहितको चित्त

५) समोह चित्त - मोह सहितको चित्त

६) वीतमोह चित्त - मोह रहितको चित्त

७) संखित्त चित्त - अल्छि (साँघुरो) स्वभावको चित्त

८) विक्खित्त चित्त - चञ्चल चित्त

९) महग्गत चित्त - उत्तम चित्त

१०) अमहग्गत चित्त - उत्तम नभएको चित्त

११) सउत्तर चित्त - आफूभन्दा उत्तम अर्को चित्त

१२) अनुत्तर चित्त - सबभन्दा उत्तम चित्त

१३) समाहित चित्त - एकाग्र चित्त

१४) असमाहित चित्त - एकाग्र नभएको चित्त

१५) विमुत्त चित्त - विमुक्त चित्त

१६) अविमुत्त चित्त - मुक्त नभएको चित्त



Downloaded from http://www.dhamma.digital

## धम्मानुपस्सना सतिपट्ठान भनेको के के हुन् ?

१) पञ्चनीवरण - निर्वाण मार्गमा अगाडि बढ्ने बेलामा आउने पाँचवटा अवरोधहरु (बाधाहरु)

२) पञ्च उपादान - पाँचवटा उपादानहरु

३) छ आयतन - छ वटा आयतनहरु

४) सत्त बोज्भङ्ग - सातवटा बोधि अंगहरु

५) चतु आर्य सत्य - चार आर्य सत्यहरु

## पञ्च नीवरण भनेको के के हुन् ?

१) कामच्छन्द नीवरण - पाँचवटा सुख भोग गर्ने इच्छा अर्थात पञ्चइन्द्रियद्वारबाट सुख भोग गर्ने इच्छा ।

२) ब्यापाद नीवरण - अरूलाई दुःख दिने इच्छा ।

३) थीनमिद्ध नीवरण - शरीर र मनको अल्छीपना ।

४) उद्धच्च कुक्कुच्च नीवरण - चञ्चल र पश्चाताप हुनु ।

५) विचिकिच्छा नीवरण - बुद्ध, धर्म आदि तल उल्लेखित आठ क्षेत्रमा शंका उत्पन्न हुने ।

(१) बुद्ध (२) धर्म (३) संघ (४) शिक्षा (५) पूर्व जन्म (६) पूनर्जन्म (७) पूर्वजन्म र पूनर्जन्म (८) पटिच्च समुत्पाद आदि यी ८ क्षेत्रमा शंका हुनुलाई विचिकिच्छा भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

## पञ्च उपादान भनेको के के हुन् ?

१) रूप उपादान स्कन्ध - रूप समूह

२) वेदना उपादान स्कन्ध – वेदना (सुख दु:खको समूह)

३) सञ्ञा उपादान स्कन्ध – सञ्ञा (चिन्ने क्षमता)

४) संखार उपादान स्कन्ध - संस्कार (मनमा जरो गाड्ने गरी बानी गर्छ)

५) विञ्ञाण उपादान स्कन्ध – (विज्ञानले राम्रो नराम्रो, ठीक बेठीक बुझ्ने गर्छ)

## छ आयतन भनेको के के हुन् ?

चक्खायतन – चक्षु प्रसाद

सोतायतन – स्रोत प्रसाद

घानायतन – घान प्रसाद

जिह्वायतन – जिह्वा प्रसाद

कायायतन – काय प्रसाद

मनायतन – मन जम्मा १२१ वटा छन्।

## सत्त बोज्झङ्ग (सत्य बोध्यङ्ग) भनेको के के हुन् ?

१) सति सम्बोज्झङ्ग – पहिला गरि राखेको र भनी राखेको काम र कुराहरु पछि सम्म पनि सम्झी जस्तो हो त्यस्तै गरी आफ्नो बुद्धिले थाहा पाइराख्ने चेतसिक हो।

२) धम्म विचय सम्बोज्झङ्ग – नाम रूप धर्मलाई अनित्य दु:ख र अनात्म भनी जानी बुझ्न सक्ने प्रज्ञा चेतसिक हो।



Downloaded from http://www.dhamma.digital

३) वीरिय सम्बोज्झङ्ग – आफ्नो मनमा अकुशल चेतना उत्पन्न हुन नदिन र कुशल चेतना उत्पन्न गर्न अभ्यासरत वीर्य चेतसिक हो ।

४) पीति सम्बोज्झङ्ग – चित्त र चेतसिक प्रसन्न राखी काय र चित्त (शारीरिक र मानसिक ) तवरले रमाउने निरामिस प्रीति चेतसिक हो ।

५) पस्सद्धि सम्बोज्झङ्ग – नाम धर्म परम्परा बारे क्लेश अग्निलाई दमन गर्न सक्ने क्षमता भएको काय र चित्त पस्सद्धि चेतसिक दुइवटा हुन् ।

६) समाधि सम्बोज्झङ्ग – चित्त र चेतसिक एउटै आरम्मणमा रहने स्वभाव भएको एकाग्रता चेतसिक हो ।

७) उपेक्खा सम्बोज्झङ्ग – विदर्शना चित्त सन्तति (प्रवाहमा) समान भाव हुने स्वभाव तत्रमज्झत्तता मध्यस्थता चेतसिक हो ।

## पथवी धातु भनेको के के हुन् ?

१) केसा–कपाल २) लोमा – रौं

३) नखा – नङ्ग ४) दन्ता – दाँत

५) तचो – छाला ६) मंसं – मासु

७) न्हारू – नसा ८) अठ्ठिी – हड्डी

९) अठ्ठिमिञ्जं – मज्जा (नली हाड भित्र रहने एक प्रकारको गीलो पदार्थ, नेवारी भाषाबाट स्यो भनिन्छ) ।

१०) वक्कं – मृगौला ११) हदयं – मुटु

१२) यकनं – कलेजो १३) किलोमकं – झिल्ली



Downloaded from http://www.dhamma.digital

१४) पिहकं – फियो
१५) पप्फासं – फोक्सो
१६) अन्तं – ठूलो आन्द्रा
१७) अन्तगुणं – सानो आन्द्रा
१८) उदरीयं - पेट, आमाशय
१९) करीसं – मल
२०) मत्थलुङ्गं – गिदी, मगज।

## आपो धातु भनेको के के हुन् ?

१) पित्तं – पित्त
२) सेम्हं – खकार
३) पुब्बो – पीप
४) लोहितं – रगत
५) सेदो – पसिना
६) मेदो – शरीरबाट निस्कने एक प्रकारको चिल्लो पदार्थ अर्थात् चिल्लोपना
७) अस्सु – आँसु
८) वस्सा – बोसो
९) सेलो – थुक
१०) सिंघाणीकं – सिङ्गान
११) लसिकं - ज्याल
१२) मुत्तं – पिशाव

## तेजो धातु भनेको के के हुन् ?

१) सन्तापन तेजो – ताप भई पोलेर डाहा हुने एक प्रकारको अग्नी धातु।

२) जिरण तेजो – शरीरलाई जीर्ण गरिदिने एक प्रकारको अग्नी धातु।

३) परीचापक तेजो – शरीरलाई छिपाउँदै लाने एक प्रकारको अग्नी धातु।

४) परीदहन तेजो – शोक पीडाले डाहा हुने एक प्रकारको अग्नी धातु।



Downloaded from http://www.dhamma.digital

## वायो धातु भनेको के के हुन् ?

१) उद्धंगम वायो - शरीरको माथिल्लो भागबाट निस्कने वायू ।

२) अधोगम वायो - शरीरको तल्लो भागबाट निस्कने वायू ।

३) कुच्छित्य वायो - पेटभित्र रहेको वायू ।

४) कोठ्ठासय वायो - आन्द्राभित्र रहेको वायू ।

५) अंग मंगानुसारी वायो - अंग प्रत्यंगमा बगिरहने वायू ।

६) अस्सास पस्सास वायो - श्वास प्रश्वासमा प्रयोग भइरहने वायू ।

## सातवटा आर्य धनहरू

१) सद्धा धनं - श्रद्धा उत्पन्न गर्ने ।

२) शील धनं - आचारण (बानी व्यवहार) राम्रो गर्ने ।

३) हिरी धनं - पाप कार्य देखेर लाज मान्ने ।

४) ओत्तप्प धनं - पाप कार्य देखेर डराउने ।

५) बहुसुत्त धनं - बहुश्रुत ज्ञान लाभ गर्ने ।

६) चाग धनं - त्याग भावना उत्पन्न गर्ने ।

७) पञ्ञा धनं - प्रज्ञा, विवेक बुद्धि उत्पन्न गर्ने ।



Downloaded from http://www.dhamma.digital

# स्त्रीले गर्दा गरीब धनी भएको

मगधराज्यको राजधानी राजगृह थियो । भगवान बुद्धको समयमा महाराज बिम्बिसार त्यहाँ राज्य गर्दथे । त्यहाँ जोतिक, जतिल जस्ता अनेक धनवान महाजनहरु हुनुको साथै अत्यन्त दयनीय गरीबहरुको संख्या पनि कम थिएन । यो दीन हीन गरीबहरु मध्ये काकोन नाम गरेको ब्राह्मणको एक परिवार पनि थियो । तिनीहरु राजगृहमा बस्दथे । पूँजीको अभावले गर्दा तिनीहरुले केही इलम गर्न सकेका थिएनन् । वनमा गएर दाउरा ल्याएर बजार मा बेच्नु, त्यसबाट आएको आम्दानी नै तिनीहरुको जीविकाको साधन थियो । काकोन ब्राह्मण खाली पेटले वनमा जान्थे, दाउरा ल्याउँथे र त्यो दाउरा बेचेर खाने सामान किनेर घर आउँथे, त्यो आम्दानीले एकैछाक मात्र टर्थ्यो । ब्राह्मण बजारबाट नआउञ्जेल ब्राह्मणी भोकै बसिरहनु पर्थ्यो । एकदिन ब्राह्मणीले विचार गरिन् - "लोग्नेले दाउरा बेचेको पैसाले ऊ नआउञ्जेल भोकै बसेर दिनको एकछाक मात्र  खाइरहनु पर्छ । केही चीज खान मनलागे पनि लोग्नेलाई कुर्नुपर्छ । लोग्नेको भरमा मात्र बसेर भएन । आफूले पनि यताउति केही काम खोज्नु पर्‍यो ।" तिनताक त्यहाँ स्वास्नी मानिसले गर्न सकिने काम पनि यस्तो थिएन । घाँस काट्ने, भाँडा माझ्ने, धान कुट्ने, स्वास्नी मानिसले गर्ने काम ती मात्र थिए । ब्राह्मणीले धान कुटेको ठाउँमा काम गर्न जाने गरिन् । ज्यालाका रूपमा कनिकाहरु पाउँदथिन् । अलिकति कनिका हुनासाथ ब्राम्हणीले सोचिन् - "लोग्नेको कमाइले बेलुकाको छाक टर्दछ । मेरो कमाई यो कनिकाको बिहान क्वाँटी पकाएर खाउँ ।" ब्राह्मणीले बिहान



Downloaded from http://www.dhamma.digital

क्वाँटी पकाउने गरिन्, ब्राह्मणलाई ख्वाउँथिन् अनि आफू खान्थिन् । यसरी स्वास्नीको अलिकति कनिका आदानी भएकोले काकोन ब्राह्मणलाई खाली पेटले वन जान परेन ।

भगवान बुद्धको समयमा शील सत्यमा बलवान् भिक्षुहरु धेरै थिए । महान् शक्ति सम्पन्न भिक्षुहरु हरहमेशा दुःखी दरिद्रहरुको उद्धार गर्नमा तत्पर थिए । करूणा (समापति) ज्ञानले पूर्ण भएका अरहन्त भिक्षुहरु बराबर जंगलमा जान्थे र निरोध समापति भावना गर्थे । किनभने सात दिनसम्म विशुद्ध पवित्र भएर निरोध समापत्तिमा रही समाधिबाट उठेर कुनै गरीबको हातबाट केही चीज दान लिंदा त्यो गरीबलाई विपुल सम्पत्ति लाभ हुन्थ्यो । यसैकारण गरीब उद्धार गर्ने उद्देश्यले सारीपुत्र महास्थविर भन्ते निरोध समापत्तिमा बस्नुभयो । सात दिनपछि समाधिबाट उठेर महास्थविर भन्तेले दुःखीको खोजी गर्नु हुँदा काकोन ब्राह्मणको स्त्री पुरषलाई देख्नु भयो । सारीपुत्र महास्थवीर भन्ते भिक्षापात्र लिएर तिनीहरुकै दैलो अगाडि उभिनु भयो ।

काकोन ब्राह्मणी कनिकाको क्वाँटी पकाइ रहेकी थिइन् । क्वाँटी पकाइसकेपछि लोग्नेलाई दुईवटा कचौरामा क्वाँटी भाग लगाइरहँदा सारीपुत्र महास्थवीरलाई हातमा भिक्षापात्र लिएर दैलो अगाडी उभिरहनु भएको देखिन् । ब्राह्मणीले विचार गरिन्- धन जम्मा गरेर सुखी बन्ने उद्देश्यले धेरै मिहेतन गऱ्यौं । तर हाम्रो परिश्रम भाग्यको पात्रमा नपरेकोले हाम्रो सारा प्रयत्न बालुवामा



Downloaded from http://www.dhamma.digital

खन्याएको पानी झैं गायब भइरहेछ । भाग्य भन्नु आफूले गरेको पर उपकार र दान पुण्यको फल हो । आज म पनि आफ्नो पसिनाले कमाएको कनिकाको क्वाँटी उहाँ पवित्र,शीलवान् श्रमणलाई दान गर्छु । यसको फल राम्रो भाग्य बनेर यही जन्ममा हामीलाई प्राप्त हुनेछ । अनि हाम्रो बुद्धि र परिश्रम सफल होला । यति विचार गरेर काकोन ब्राह्मणीले क्वाँटी दान गर्न आफ्नो लोग्नेसँग सोधिन् । ब्राह्मण भन्दछ– "यो क्वाँटी तिम्रो परिश्रमको कमाई हो । जे मन लाग्छ गर । असल काम गर्न चाहेकी तिमीलाई म सहर्ष समर्थन गर्छु।"

पतिको स्वीकृति पाएपछि ब्राह्मणीले सारीपुत्र भन्तेको अगाडि उभिएर भनिन् । "करूणावान् भन्ते ! हाम्रो अभाग्य नाश भएर भाग्यको उदय होस् भन्ने कामना गरेर म दु:खीले आफ्नो गच्छेनुसार दिएको यो कनिकाको क्वाँटी कृपापूर्वक ग्रहण गरिदिनुहोस् ।" यति भनेर ब्राह्मणीले कनिकाको क्वाँटी महास्थविरको भिक्षापात्रमा खन्याइदिइन् । आशीर्वाद दिएर सारीपुत्र महास्थविर त्यहाँबाट जानुभयो ।

त्यसपछि काकोन ब्राह्मण दाउराको लागि वनमा गयो । ब्राह्मणीले स्वगत कुरा गरिन् – "मैले भाग्यको बिउ रोपिसकें, मेरो भाग्योदय कताबाट हुन्छ, कसरी मैले आफ्नो बुद्धि र परिश्रमले काम लिन सकुँला ।" यस्तै कल्पनाले तिनको दिन बित्यो । लोग्नेले दाउरा बेचेर ल्याएको खानेकुरा पकाएर खानपिन गरी निन्द्रा नपरून्जेल तिनले भाग्यको आशा गरिरहिन् ।



Downloaded from http://www.dhamma.digital

त्यही दिन सबेरै जागा हुनासाथ बिम्बिसार महाराजको मनमा यस्तो कुरा खेल्यो - "मेरो शासनले जनहित भयो कि भएन। मैले ऐनकानून बनाएको जनहितको लागि हो । तर जनतालाई मर्का परेको छ कि ? मेरो अगाडि भारदारहरु सबै कुरा ठीक छ महाराज, सबै ठाउँमा शान्ति छ महाराज भन्छन्। ठीक छैन भन्न सक्ने कोही छैन र राजभक्ति देखाई टोपलेर आफ्नो स्वार्थ सिद्ध गर्न चाहनेहरु पनि कम छैन । खुव आफैले भेष बदली साधारण मानिस बनेर देशका कुना काप्चा सम्म घुमेर हेर्नु पऱ्यो ।"

यस्तो बिचार गरेर महाराज बिम्बिसार बिहान सबेरै भेष बदलेर देवस्थलमा, पसलमा, दोबाटोमा, जहाँ जहाँ मानिसहरुको जमघट हुन्थ्यो, त्यहाँ घुम्दै जाँदा मुर्दा जलाउने मसानघाटमा पुगे।

तिनताक मगधराज्यमा साधारण चोरलाई हातखुट्टामा किला ठोकी एकदिन एकरात (२४ घण्टा) उभ्याई राखेर भोलिपल्ट मात्रै मार्ने कानून थियो। डाकू अथवा ज्यानमारा भएमा चाकबाट सुइरो रोपेर टाउकोबाट छिचोली माछा उने झैं गरेर २४ घण्टा कठोर सजाँय दिई भोलिपल्ट मार्ने चलन थियो।

भेष बदलेर राज्यको कुना काप्चासम्म निरीक्षण गर्दै हिंडेका महाराज बिम्बिसारले मसानघाटमा पुग्दा चारैवटा हात खुट्टामा किला ठोकेर सजाँय दिइराखेको चोरलाई देखे। चोरले भोगिरहेको यातना देखेर राजाको मन पग्ल्यो । दया र करूणाले प्लावित राजाको हृदय छिया छिया भयो र चोरको नजिक गएर राजाले भने - "हे



Downloaded from http://www.dhamma.digital

पुरूष, तँलाइं चोर भनेर सजाँय दिइराखिसक्यो । भोलि तँ मारिने छस्, केही इच्छा भए भन, म पुऱ्याइदिनेछु ।"

चोरले विचार गऱ्यो – यो कुनै दयावान महाजन हुन सक्छ । त्यसले भन्यो – "हे दयावान मानव, मलाई चोर भनेर समातेर ल्याएदेखि मैले केही खान पाएको छैन । पेटमा भोकको आगो दन्किरहेछ । म त अवश्य मर्ने भैसकें । तापनि मर्नुभन्दा अघि एकछाक मीठो भात र एक लोटा चिसो पानी खान मन लागि रहेछ । कृपा गरेर यो इच्छा पुऱ्याइदिनुहोस् ।"

"हुन्छ, तेरो इच्छा पुऱ्याइदिन्छु ।" यति भनेर भेष बदलेका राजा त्यहाँबाट फर्के । दरवारमा पुगेर राजा राजै भए । राजकाजमा भुलेर चोरलाई कबुल गरेको कुरा बिर्से । दिनभरि राज्य शासनको काममा व्यस्त रहे र रात पऱ्यो । मन्त्रीहरु घर गए । राजालाई फुर्सद भयो, भान्सेले खाना टक्र्याउन ल्यायो । त्यो देख्नासाथ राजाले चोरलाई प्रतिज्ञा गरेको कुरा सम्झे । खान भनी बसेको ठाउँबाट उठेर राजाले भने – "यो भात मसानघाटमा सजाँय भोगिरहेको चोरलाई लगिदेउ ।" तर राजाको यो आदेश पालन गर्ने क्षमता कसैसँग भएन । किनभने राजगृह नगरको चारैतिर अग्ला अग्ला पर्खालहरु थिए । बेलुका ६ बजे नगरको ढोका बन्द हुन्थ्यो । जनसंख्या थोरै थियो । अमनुष्यहरु धेरै थिए । रात परेपछि सतर्क भएर अमनुष्यहरुबाट सुरक्षित हुनुपर्थ्यो । नत्र राक्षसहरुबाट आपत्ति लाग्थ्यो । यसैकारणले राजाको आज्ञा मान्न कोही तयार भएन ।



Downloaded from http://www.dhamma.digital

यो कुरा अहिलेको जमानामा विश्वास गर्न गाह्रो पर्ला। अहिले जनसंख्या बढेर परिवार नियोजन गर्नु पर्ने अवस्था आइसक्यो। मानिसहरु धेरै भएर राक्षसहरु भागिसके। देवताहरुको पूजा गर्नुको सट्टा देवताहरु चोरेर विदेशमा बेच्ने भएकोले देवताहरु पनि अब मानिसहरुदेखि डराउने भैसक्यो।

अमनुष्यहरुको डरले बेलुका ६ बजे नगरको ढोका बन्द हुन्छ। रातमा मसानघाट गएर कुन चाहिँ सुखी मानिसले चोरलाई भात खुवाउन जान अघि सर्ला ? मर्नु परे पनि मरूँला भन्ने त गरीबै न हो ? यसैले राजाले विचार गरे, धनको लोभ देखाउनु पऱ्यो। यी उपाय सुझेपछि राजाले झ्याली पिटाउन लगाए - आज बेलुका मसानघाटमा सजाँय भोगिरहेको चोरलाई जसले भात खुवाउन जान्छ, उसलाई एक हजार कार्षापण (रूपैयाँ) पुरस्कार मिल्नेछ।

"महास्थवीर सारीपुत्र भन्तेलाई आफ्नो सच्चा परिश्रमको कमाई कनिका क्वाँटी दान गरेर आज बिहान रोपेको भाग्यको बिउ कहिले टुसाउला र फल्ला।" काकोन ब्राह्मणी स्त्री मनमनै यो भनिरहेकी थिइन्। राजाको घोषणा सुनेर तिनले भनिन् - "मेरो भाग्यको बिजांकुर अब देखिन लाग्यो। मिहेनत र बुद्धिले काम लिने बेला आयो।" काकोन ब्राह्मणीले दगुर्दै गएर झ्यालि पिट्न आएको मानिसलाई भनिन् - "यो काम म गर्ने भएँ। अब झ्यालि पिट्न पर्दैन। मेरो पतिसँग सोधी तुरून्तै म यहाँ आउनेछु।" यति भनेर काकोन ब्राह्मणी हतपत घरमा गइन् र पतिलाई भनिन् - "हामीले आज बिहान रोपेको भाग्यको बिउ टुसायो।



Downloaded from http://www.dhamma.digital

अब चाँडै नै फल फल्नेछ।"

"कसरी ?"

"सुन्नु भएन तपाईले, झ्याली पिट्न आएको ? झुण्ड्याएर मार्न लागेको चोरलाई जसले भात ख्वाउन जान्छ उसलाई राजाले एकहजार कार्षापण बक्सिन्छ। म चोरलाई भात ख्वाएर आउँछु। बचन दिनुहोस्।"

"पर्दैन, अहिले रात परिसक्यो। यो अँध्यारो रात, नगर बाहिर डरलाग्दा अमनुष्यहरुको भय छ। तिमी निस्केपछि नगरको ढोका बन्द हुन्छ। राक्षसले तिमीलाई खान्छ। फर्किन सक्नेछैनौ।"

"खाँदैन स्वामी। मलाई राक्षसले खाँदैन। यसमा मेरो दृढ विश्वास छ। अघि जस्तो मेरो मन कमजोर छैन। मनमा आत्मविश्वास छ। अब म अभागिनी होइन। शुद्ध मनले शुद्ध श्रमणलाई आफ्नो सच्चा परिश्रमको कमाई कनिकाको क्वाँटी दान दिएको यो कदापि खेर जाँदैन। भाग्य रुपी फल प्राप्त गर्न मात्र मिहेनत र परिश्रमको आवश्यकता छ। अब म मर्ने छैन। मलाई राक्षसले छुन पनि सक्ने छैन।"

"के तिमी भाग्यको आशाले मर्न जाने ? प्रसन्न चित्तले हँसिलो भएर परस्पर मुख हेरिरहन पाए पुग्छ। धनको लोभले ज्यान फाल्ने काम नगर। मिठो नमिठो जे उब्जिन्छ, आफ्नो परिश्रमले त्यसमा सन्तुष्ट भएर दिनको एक छाक मात्र खाएर भए पनि मिलजुल भइरहनु पनि भाग्य हो।"



Downloaded from http://www.dhamma.digital

"आफ्नो अवस्था सुधार्नलाई उत्साह र आत्मविश्वास चाहिन्छ । फलानलाई नष्ट गर्ने फलामैबाट निस्केको खियाले हो । त्यस्तै मानिसको भाग्य विनाश गर्ने पनि मानिसकै मनको आलस्यले हो । म मर्न जाने होइन । मलाई नरोक्नुहोस् ।" यति भनी ब्राह्मणी सरासर राजा कहाँ गईन् ।

राजदरबारमा पुगेर ब्राह्मणीले बिन्ती गरिन्, - "महाराज ! म मसानघाटमा सजाँय भोगिरहेको चोरलाई भात ख्वाउन जान्छु । तर मैले भनेको थालमा भात राखेर लान पाउँ ।"

राजाले हर्षपूर्वक भने, "हुन्छ, भात ख्वाउन जान्छु मात्र भन । तिमीले भनेको थालमा राखेर पठाइदिन्छु । भन, तिमीलाई कस्तो थाल चाहियो ?"

राजाले ब्राह्मणीको माग पूरा गरिदिए । रत्नजडित सुनको थालमा भात राखेर एकलोटा चिसो पानी पनि लिएर ब्राह्मणी मसानघाटतिर लागिन् । मसानघाट जाँदा एउटा ताडको रूखको जङ्गल पार गर्नुपर्थ्यो । त्यो जङ्गलमा दीघताल भन्ने एउटा भयंकर राक्षस बस्थ्यो । आहार खोज्न भनी निस्केको त्यो राक्षसले ब्राह्मणीलाई देख्यो । राक्षस खुशी भयो, "आहा, मेरो कस्तो भाग्य आज, कति राम्रो साइतमा निस्केछु । थालभरी भात र एकजना मानिस पनि । भातको साथै मानिसको तातो रगत र मासु पनि खान पाउने भयो ।"



Downloaded from http://www.dhamma.digital

"यक्षदाजु, तपाईलाई थाहै छ होला, विचार नगरिकन झ्वाट्ट कुनै काम पनि गर्नु हुँदैन । मलाई खान उचित छ कि छैन, विवेक र बुद्धिलाई साक्षी राखेर राम्रोसंग विचार गर्नुहोस् । किनकि म आफ्नो स्वार्थको लागि यहाँ आएकी होइन । असल राजा भनेर सबै ले मानीराखेको महाराज बिम्बिसारको असल कामना पूर्ण गर्नाको निमित्त मसानघाटमा दण्ड भोगिरहेको मानिसलाई भात ख्वाउन भनी आएकी हुँ । एक छाक मीठो भात खाएर मर्छु भनी आशा गरिरहेको त्यो दण्डभोगी व्यक्तिको आशा पूर्ण गर्न आफ्नो ज्यानको माया मारेर म आइरहेकी छु । यसैले मलाई खान योग्य छैन ।"

"तँलाई राजाले पठाएको हो भन्ने के प्रमाण छ ? राक्षसले गर्जेर भन्यो ।"

"यस्तो रत्नजडित सुनको थाल म जस्तो गरीबको हुन्छ र ? यसबाट बुझ्नुहोस् म आफ्नो खुसीले आएकी हुँ वा राजाको आज्ञाले ।"

राक्षस मौन भयो । उसले आफूलाई भन्यो - "हो बा, यिनी त न्याय परायण दयावान् राजाको आज्ञाले आएकी हुन् । यिनलाई खानु हुँदैन र राक्षसको मनमा सत्य धर्मको चेतना आयो । राक्षस भएपनि त्यो अमनुष्यसंग बुद्धि र विवेक थियो । दुःखको कुरा, मानिसहरुमा बरू विवेक र बुद्धि हराउँदै छ । राक्षसले ब्राह्मणीलाई भन्यो, "मैयाँ, तिमीले मेरो पनि एउटा काम गरिदेऊ, हुन्छ ?"

"तपाईले मलाई दया गर्नु भयो । तपाईको काम गर्नु पनि त मेरो कर्तव्य हो ।"



Downloaded from http://www.dhamma.digital

"सुन, मसानघाटदेखि केही पर एउटा ठूलो इमलीको रूख छ । त्यसमा एउटा बृक्ष देवता छ । उनकी छोरी मेरी पत्नी हुन् । तिनबाट भर्खरै एउटा छोरा जन्म्यो । त्यो देवतालाई यो समाचार भनिदिनु ।"

"हुन्छ, मैले खुसीसाथ भनिदिन्छु ।"

ब्राह्मणी मसानघाटतिर गइन् । सजाँय भोगिरहेको चोरको पेटमा भुखाग्नि दन्किरहेको थियो । हातखुट्टामा किला थोकिर ाखेकोले त्यो चल्न सक्दैनथ्यो । ब्राह्मणीले महाराज बिम्बिसारको भोजन, त्यो भात एकएक गाँस गरेर चोरको मुखमा राखिदिइन् । चोरलाई देवभोजन अमृत खाए जस्तो भयो। चोरले भातको स्वाद लिदै ब्राह्मणीलाई धन्यवाद दिदै गऱ्यो । भात ख्वाइसकेपछि ब्राह्मणीले पानी खान दिइन् । त्यसपछि इमलीको रूखमा गएर देवतालाई राक्षसको समाचार भनिन्, "हे वृक्ष देवता, ताड बृक्षको जङ्गलमा बस्ने यक्षको समाचार लिएर म आएकी छु। खुसी हुनुहोस् । भर्खर तपाईकी छोरीले पुत्र पैदा गरिन् ।" नाती जन्मेको समाचार सुनेर वृक्षदेवता अति खुसी भयो । साँवाको भन्दा ब्याजको माया भने जस्तै वृक्षदेवतालाई छोरीको भन्दा नातीको माया लाग्यो । यस्तो हुनु प्रकृतिको स्वभाव रहेछ । महाराज शुद्धोधनलाई पनि जेठो छोरो सिद्धार्थ र कान्छो छोरो नन्दकुमार प्रव्रजित हुँदा त्यति दुःख लागेन जति राहुलकुमार प्रव्रजित हुँदा दुःखको अनुभव भयो । महाराज शुद्धोधनले यस्तो भन्नु भएको थियो। छोराछोरीको माया रगत मांस पार गरेर हाडसम्म पुग्छ । तर नातिको माया हड्डी



Downloaded from http://www.dhamma.digital

छिचोलेर हाड भित्रको तत्व (Marrow) सम्म पुग्दछ । वृक्ष देवतालाई पनि यस्तै भयो । वृक्ष देवताको खुसीको सीमाना रहेन । खुसीको समाचार सुनाउन आएकी ब्राह्मणीलाई के दिउँ, के दिउँ भयो । आपतकालको लागि भनेर त्यो जङ्गलमा साहु महाजनहरुले सातवटा सुवर्णघट गाडिराखेको रहेछ । ती महाजन मरिसके । ती सुनका गाग्रीहरु बेवारिस भएर त्यसै परिरहेका रहेछन् । यो सम्फेर देवताले ब्राह्मणीलाई भने, "मैयाँ, तिमीले नाति जन्मेको समाचार सुनायौ । तिमीलाई एउटा पुरस्कार दिन्छु । यहाँ जङ्गलमा सातवटा सुनका गाग्रीहरु छन् । भोलि यहाँ आएर खनेर लैजानु ।" देवताले ठाउँ देखाइदिए ।

"हवस्" भनेर ब्राह्मणी त्यहाँबाट फर्किन् । बाटोमा त्यही राक्षससँग भेट भयो । राक्षसले सोध्यो -"मैले भनेको समाचार पुऱ्याइदियौ ?"

"पुऱ्याइदिएँ ।" ब्राह्मणीले भनिन्, "देवता अति खुसी हुनुभयो । पुरस्कार स्वरूप मलाई सातवटा सुनका गाग्रीहरु पनि दिनुभयो ।"

यो सुनेर राक्षसले मनमनै भन्यो, "काम अह्राएको मैले, ज्याला दिनुभयो ससुराले । समाचार सुन्नेले त ज्याला दिई पठायो भने म काम अह्राउनेले केही नदिनु त..... ?" राक्षसले पनि ज्याला दिने मनसुवा गऱ्यो । त्यहाँ जङ्गलमा पनि अघिअघिका महाजनहरुले गाडिराखेको बेवारिस धन रहेछ । त्यही धन दिने विचार गरेर



Downloaded from http://www.dhamma.digital

राक्षसले भन्यो, म पनि तिमीलाई गाडिराखेको बेवारिस धन दिन्छु, झिकेर लैजानु ।" यति भनी राक्षसले धन गाडिराखेको ठाउँ देखाइदियो ।

ब्राह्मणी सरासर राजाकहाँ गइन् । राजाको सन्मुख उभिएर बिन्ति गरिन्- "महाराज, सरकारको आज्ञा अनुसार भोकाएर छट्पटि रहेको चोरलाई भात खुवाएर आइसकें ।" राजाले खुसी भएर तिनलाई एक हजार कार्षापण (रूपैयाँ) दिए । ब्राह्मणीले फेरि बिन्ती गरिन्- "महाराज ! म दुःखीलाई एकहजार कार्षापण बकसेकोले धेरै खुशी छु । एक थोक अर्को पनि बिन्ती चढाउने इच्छा छ ।" राजाबाट हुकुम भयो, "के इच्छा छ, भन ।" ब्राह्मणीले देवता र राक्षसले ज्याला दिएको धन लिन जानलाई बलिया बलिया २०, २५ जना मानिसहरु र खन्ने सामानहरु मागिन् । राजाले तिनको माग पूरा गरिदिए ।

धन ल्याइसकेपछि ब्राह्मणीले फेरि राजाकहाँ गएर बिन्ती गरिन्- "महाराज ! धन धेरै छ । राख्ने ठाउँ भएन । घर बनाउन एक टुक्रा जमिन पाउँ ।"

एकजना निःसन्तान महाजनको घरको भग्नावशेष थियो । त्यसको कोही वारेस नभएकोले त्यो भग्नावशेष सिस्नुघारी भइरहेको थियो । त्यो घडेरीमा घर बनाउनु भनी राजाबाट हुकुम भयो ।

ब्राह्मणीले त्यहाँ राम्रो घर बनाउने उद्देश्यले जग खन्न लगाउँदा त्यहाँ पनि गाडिराखेको धन फेला पर्‍यो । ब्राह्मणीलाई ढुङ्गा



Downloaded from http://www.dhamma.digital

खोज्दा देवता मिलेको जस्तो भयो । दीनहीन गरिब भएकाले अघाएर मिल्काउने केही चीज थिएन । यसैले कागसम्म पनि तिनीहरुको घरमा जाँदैनथ्यो। यसै कारणले मानिसहरु तिनीहरुलाई काकोन भन्थे । "काकोन" यो पाली शब्द हो । यसको अर्थ हो - कागसम्म पनि जाँदैन । अहिले महाजन पदवी लिइसकेपछि पनि तिनीहरुले आफ्नो अगाडिको नाम लोप गरेन । उही काकोन नामले प्रसिद्ध महाजन बने ।

शुद्ध मनले धर्म गऱ्यो भने नभएको भाग्य पनि पलाएर आउँछ भनी काकोन ब्राह्मण दम्पत्तिले आफ्नै अनुभवले जाने । त्यसैले त्यो महाजनले गरीब दुःखीहरुको यथासक्य उपकार गरे, सहायता गरे । शुद्ध मनले दान धर्म गरे । उनीहरु मरेर गए । तापनि उनीहरुको नाम रहिरहेको छ ।

सत्पात्रमा दान दिएर उत्साहपूर्वक काम गरेमा भाग्योदय हुन्छ भन्ने यो कथाको कथन हामीले बुझ्नु परेको छ ।

★ ★ ★



Downloaded from http://www.dhamma.digital

# श्रीमतीले गर्दा रक्सीबाज श्रीमान् सुध्रियो

*(स्वार्थ नभएको व्यक्ति शायदै होला । बहुसंख्यामा आफ्नो निजी स्वार्थको लागि अनुचित काम गर्न लाज नमान्ने मानिसहरु छन् । यस्तै स्वार्थको ज्यादतिले मानिसलाई दुर्जन बनाउँछ । मानवताको हत्या हुन्छ । चारैतिर मत्स्य नितीको बोलबाला देखाउनु यसको कारण हो । कोही मानिस आफू सुध्रिनुको साथै अरूलाई पनि सुधार गर्न चाहन्छन् । लाभहानी मान अपमानको पर्वाह गर्दैन । यस्तै सज्जनको चरित्र चित्रण भएको छ । -अनुवादक)*

एकजना साहुको एउटी छोरी थिइन् । तिनलाई सुशिक्षा दिनुको साथै व्यवहारिक शिक्षा पनि दिएर तालिम गरी हुर्कायो । त्यो महाजन बुद्धधर्म मात्र मान्ने होइन कि बराबर विहारमा गएर भिक्षुहरुबाट धर्मकथाहरु पनि सुन्ने गर्दथे । महाजनको विचार थियो - आफू मात्र सुधेर पुग्दैन, अरूलाई पनि सुधार गर्न सक्नुपर्छ ।

साहुकी छोरी जति राम्री थिइन् - उति हिसि पनि परेकी थिइन् । शिक्षित, राम्रो चालचलन भएकी तिनी अति नम्र स्वभावकी थिइन् । यसैले तिनलाई ठूला ठूला घरानका कुलपुत्रहरुले माग्न आउँथे । बाबुआमाको यस्तो विचार थियो - "छोरीलाई धेरै धन खर्च गरेर पढायौं, तालिम गऱ्यौं, ज्ञानी तुल्यायौं । ज्ञानीलाई ज्ञानीसंग विवाह गरिदिए ज्ञानको मूल्याङ्कन हुँदैन, उज्यालो ठाउँमा बत्तीको कदर नभए झैं बाबुआमाले कझाउन नसकेको कोही मुत्याहालाई कझाउन सके मात्र छोरीको ज्ञानको मूल्य हुन्छ । छोरीलाई मुत्याहासँग विवाह गरिदिनुपर्छ ।"



Downloaded from http://www.dhamma.digital

एकदिन साहुले बाबुआमाले कफाउन नसकेको तीनजना मुल्याहाहरु खोजेर ल्याए ।

१) एउटा फटाहा (कहिल्यै साँचो नबोल्ने)

२) एउटा रण्डीबाज (राम्रा राम्रा तरूनी मात्र खोजी हिंड्ने)

३) एउटा रक्सीबाज (सधैं भट्टीमा गएर भल्ला भएर आउने)

यी तीनजना मुल्याहाहरुको अगाडी छोरीलाई बोलाएर साहुले भने, "छोरी ! तिमीलाई चाहिंदो धन खर्च गरेर शिक्षा दिक्षा, अर्ति उपदेश दिएर शिक्षित र ज्ञानी तुल्यायौं, यो हाम्रो पहिलो कर्तव्य थियो, जस्तो हामीले चाहेका थियौं, उस्तै भयो । हामीलाई खुसी लागेको छ । अब तिमीप्रति हामीले गर्नु पर्ने अर्को कर्तव्य छ । यो आमाबाबुले छोराछोरी प्रति गर्नुपर्ने दोस्रो कर्तव्य हो । तिमी तरूनी भयौ । तिम्रो विवाह गरिदिनु पर्छ । विवाह गरिविएपछि लोग्नेसंग मिलजुल भएर बस्नु, सिर्फ यतिले तिमीलाई दिइराखेको शिक्षाको सार हुँदैन । बाबुआमाले कफाउन नसकेको एउटा मुल्याहालाई कफाउन सके मात्र तिमीले हासिल गरेको शिक्षाको महत्व हुन्छ । यो हाम्रो मनसाय हो । यी तीनजना मुल्याहाहरुमध्ये कसलाई तिमी मनपराउँछौ ? कसलाई तिम्रो कफाउने आँट आउँछ ।"

फिसिक्क हाँसेर साहुकी छोरी त्यहाँबाट निस्केर आफ्नो कोठामा गइन् । साहुनीले छोरीलाई तीनजना मुल्याहाहरुको परिचय दिइन् । महाजनकन्याले विचार गरिन् (फताहालाई कफाउन धेरै गाह्रो पर्छ । उसले कहिले पनि गरेकोलाई मैले गरें, भन्दैन ।



Downloaded from http://www.dhamma.digital

नगरेकालाई गरें, नभनेकोलाई भनें भन्नु उसको आदत हो। सत्य कुरामा उसको ध्यानै जाँदैन। मानिस दुई प्रकारका हुन्छन्।

१) नराम्रो काम गरेकोलाई मैले नराम्रो काम गरें भन्ने।

२) आफूले नराम्रो काम गरेर पनि गरेको छैन भन्ने।

यी दुईमध्ये नराम्रो काम गरेर पनि गरेको छैन भन्ने बडो डर लाग्दो हुन्छ। उसको कुराको केही ठेगाना हुँदैन। यस्तो व्यक्तिलाई बेइमान व्यक्ति भन्छन्। यस्तोलाई सत्मार्गमा हिंडाउन गाह्रो हुन्छ।

"रण्डीबाजसंग सच्चा प्रेम हुँदैन किनकी उसलाई एउटी स्वास्नीले पुग्दैन।" महाजनकन्याले मनमनै भनिन्, "जतिसुकै प्रेम गरे पनि ऊ सन्तुष्ट हुँदैन। जहिले पनि ऊ नयाँ नयाँ स्वास्नीको खोजीमा लागिरहन्छ। राम्रो कुरा गरे पनि उसले उल्टो सम्झन्छ। खँदिलो प्रेम नभएको व्यक्तिलाई सम्झाउन मुश्किल हुन्छ।"

रक्सीबाज आज रक्सी खाएर बेहोश भए पनि रक्सीको नशा छुटेपछि माया गरेर, प्रेमले बाँधेर बिस्तारै कफाउन सकिएला। यस्तो विचार गरेर महाजनकन्याले आमालाई भनिन्, "मलाई रक्सीबाजसंग विवाह गरिदिनुहोस्।"

छोरीको कुरा सुनेर बाबुआमा दुबै खुसी भए। बाबुआमाले कफाउन नसकेको रक्सीबाजसंग छोरीको विवाह गरिदिए।



Downloaded from http://www.dhamma.digital

विवाह भइसकेपछि पनि त्यो रक्सीबाजले साथीहरुसंग भट्टीमा गएर रक्सी खाने बानी छोडेन । खाएर आएपछि बाटो सबै मेरो हो भने झैं झल्ला भएर आउँथ्यो । त्यस्ती प्यारी स्वास्नी पनि बिर्सिन्थ्यो । न इज्जत, न शर्म, न धर्म कुनै कुराको पनि पर्वाह हुँदैनथ्यो । कहिलेकाहीं कुलोको हीलोमा पनि लम्पसार गरेर सुतिरहन्थ्यो । एक दुई महिना यस्तै भइरह्यो ।

एकदिन रक्सी खानुअघि होश छँदैमा दुईजना लोग्ने स्वास्नी मीठो मीठो कुरा गरेर आनन्दसंग बसिरहेका थिए । स्वास्नीले लोग्नेको स्वभाव र चाल-चलनको राम्रो अध्ययन गरिन् । तिनले खूब माया गरेर लोग्नेलाई प्रेम गरिन् । लोग्नेले पनि आफूलाई असाध्यै प्रेम गर्छ भनी स्वास्नीले बुझिन् । तर लोग्नेले रक्सी खाने बानी छोडेको होइन । रक्सीले चूर भएर आउने गर्थ्यो ।

एक दनि महाजन पुत्री रक्सी लागेको लोग्नेलाई रूमाल भिजाउँदै तालुमा राख्दै सेवा गरिरहेकी थिइन् । रक्सीले छोडेपछि लोग्ने चाहिं होशमा आयो र स्वास्नी आफूसंगै बसिरहेको देख्यो । हाँस्दै स्वास्नीको हात समातेर कुरा गर्न लाग्यो । स्वास्नी चाहिं अँध्यारो मुखले बसिरहिन् । लोग्नेले भन्यो, "किन यस्तो अँध्यारो मुखले... ?"

"कसरी उज्यालो हुन्छ, यो मुख ?"

"किन ?"

"किन भनुं ?"



Downloaded from http://www.dhamma.digital

"भन न, के भयो तिमीलाई ?"

"के भयो भन्नु, सबैले हेला गर्छन् ।"

"किन ?"

"पढे - लेखेकी, लक्ष्मी जस्ती बुहारी पऱ्यो भनेर खुशी ला⁄को त आफ्नो लोग्ने पनि कभ्फाउन नसकेको रे । साँच्चै पढे-लेखेको हो भने भट्टीमा गएर दिनहुँ भ्फल्ला भएर आउने लोग्ने लाई कभ्फाउन सक्नुपर्छ । दिनहुँ यस्तो कुरा सुनेर यहाँ बसिरहन मन लागेन । तैपनि तपाईको मायाले ... ।" लोग्नेको हात सुम्सुम्याउँदै सुँकसुँक गरिन् ।

लोग्नेको मन पग्ल्यो प्रेमपूर्वक स्वास्नीको हात समाउँदै सोध्यो, "तिमी के भन्छ्यौ त ?"

"मेरो बिन्ती लागोस् । दिन दिनै खानुको सट्टा एक दिन बिराएर खाने गर्नुहोस्, है ? त्यसै गर्नुहोस् है अबदेखि, अलिकति भए पनि मेरो शिर ठाडो हुन्छ । अब त अलिकति सुधियो भन्ला । मेरो राजा, अबदेखि एकदिन बिराएर पिउने गर्नुहोस् । लागि सके को बानी एकै चोटी छोड्न गाह्रो हुन्छ । अबदेखि यस्तै गर्नुहोस् । है ? है भने ? हुन्छ भन्नुहोस् न ।"

स्वास्नीको मायालु बोली र करूणाजनक अनुहारले रक्सीबाज लोग्नेको मन पग्ल्यो । घरका जहानहरुले स्वास्नीलाई हेला गरेको कुरा सुन्दा चित्त पनि दुख्यो । रक्सी खाँदै नखाउ, भट्टीमा जाँदै



Downloaded from http://www.dhamma.digital

नजाउ भनेको पनि होइन । दिनदिनै नजानु, अचाक्लि मात्र नगर्नु भनेको स्वास्नीको कुरा मनासिब पनि देखियो । स्वास्नीले राम्रो कुरा गरेको हो भन्ने सम्भी एक-एक दिन बिराएर मात्र भट्टीमा जाने गऱ्यो। साथीहरुले बोलाउन आए पनि सन्चो छैन भनी पठाउने भयो । यसरी दुई दिनको एकचोटी मात्र भट्टीमा जाने भएकाले साथीहरू टाढा हुँदै गयो । विस्तार विस्तारै तीन चार दिनमा एक पटक पनि भट्टीमा नजाने भयो । तापनि सक्सक् लाग्ने भएकोले पिउने बानी छोड्न सकेको थिएन। रक्सी सम्भेर भोक्कि रहन्थ्यो । जबरजस्ति आमाको दूध छुटाएको बच्चा भैं, प्रेमीकासंग विछोड भएको प्रेमी भैं । लोग्नेको हालत देखेर महाजनपुत्रीलाई कहिले हाँसो उठ्थ्यो, कहिले माया लाग्थ्यो। उनी भन्दथिन्, "अब त तपाईं दुई दिनमा एकपल्ट पनि भट्टीमा जानु भएन।"

"तिमीले नजाउ भनेकीले नगएको। साथीहरु पनि टाढा हुँदै गयो । रक्सी खान नपाएकोले बेमज्जा भइरहको छ । सक्सक् लाग्छ।"

"उसो भए रक्सी मैले ल्याइदिन्छु। तपाईं भट्टीमा नजानुहोस् घरमै खानुहोस्, हुँदैन ?"

"भैहाल्छ नि, नजाउँला भट्टीमा। घरैमा खान पाएपछि किन भट्टीमा गइरहने ?"

महाजनपुत्रीको हर्षको सीमाना रहेन । ज्यादै सक्सक् लाग्ने बेला श्रीमान्लाई आफैले भट्टीमा गएर रक्सी ल्याइदिने गरिन्।



Downloaded from http://www.dhamma.digital

एकदिनको कुरा, भट्टीमा रक्सी लिन जाँदा स्वास्नीलाई रूँदै आएको देखेर लोग्नेलाई के जस्तो के जस्तो भयो। उनले सोध्यो, "किन रोएर आएकी ?" "खानुहोस् अनि भनुँला।" भन्दै सिसी अगाडि राखिदिइन्।

"एकातिर राख, यो सिसी। भन पहिले, किन रोएर आयौ तिमी ?"

"खानुहोस् न खानेकुरा, अनि भनुंला।"

"नाइँ, कुरा नबुझिकन खान्न।"

"भट्टीभरि हुल्याहा मुल्याहाहरु बसिरहेका रहेछन्, कस्तो कस्तो आँखाले हेरेर मलाई देखेर के के भनेर गिज्याएको। मेरो जिन्दगीमा कहिल्यै त्यस्तो भनाई सहन परेको थिएन। लोग्ने मानिसहरुले त्यस्तो भनेको, त्यस्तो हेला गरेकोले मरेतुल्य हुनुपर्‍यो। लोग्नेलाई रक्सी नभैहुन्न। त्यसैले भट्टीमा रक्सी किन्न जान पर्‍यो। हुल्याहा मुल्याहाहरुले जथाभावि भनेको सहनु पर्‍यो भनेर रूँदै आएकी।"

आफ्नी श्रीमतीलाई अरूले हेला गरेको, कुदृष्टिले हेरेको कुरा सुन्दा लोग्नेको मनमा ठूलो चोट पर्‍यो। हो, ठिक हो। मैले गरेर नै स्वास्नीले रूँदै आउनु पर्‍यो। रक्सीले गर्दा इज्जतको बर्बाद भयो। अर्काको अपमान सहनुपर्‍यो। जिन्दगीभर म रक्सी खानेछैन भन्दै सिसी चकनाचूर पारिदियो। त्यसै दिनदेखि उनी सज्जन बने।



Downloaded from http://www.dhamma.digital

सासु ससुराले मुग्धकण्ठले बुहारीको प्रशंसा गरे – "धन्य थी बुहारी, लक्ष्मी समान छिन् यिनी।"

यो खबर माइतीमा पनि पुग्यो। छोरीलाई पढाएको, रक्सीबाजसंग विवाह गरिदिएको उद्देश्य सफल भयो भन्दै बाबुआमाले सन्तोषको सास फेरे। तिनीहरुले भने, "विहारमा गएर भिक्षुहरुको कथा सुन्ने गरेको, भगवान् बुद्धको उपदेश व्यवहारमा प्रयोग गरेको सार भयो।"

छिमेकीहरुको मुखबाट पनि यही शब्द निस्क्यो – "धन्य त्यो साहु, त्यत्रो महाजन भएर पनि दुनियाँको भनाई खाएर आफ्नो छोरीलाई त्यस्तो रक्सीबाजसंग विवाह गरिदियो, धन्य ती साहुकी छोरी ! त्यस्तो रक्सीबाज लोग्नेलाई पनि सज्जन बनाई छोडिन्। लक्ष्मी भन्नु त्यस्तीलाई हो। तिनी साँच्चै धर्मात्मा बाबुकी छोरी हुन्।"

Dhamma.Digital

★★★



Downloaded from http://www.dhamma.digital

# श्रीमतीले गर्दा नकुल पिताको रोग निवारण

एकदिन भगवान् बुद्ध संसुमारगिरि नामक नगरको नगीचै एउटा टोलमा बसिरहनु भएको थियो । भर्खरै रोगबाट छुटेको नकुलपिता नामक एक उपासक लौरो टेक्दै सकी नसकी गौतम बुद्धकहाँ गयो । वहाँ पुगेर भगवान् बुद्धलाई वन्दना गरेर एक छेउमा बस्यो ।

बुद्धले सोध्नुभयो – "अब त आराम भयो, उपासक ?" नकुलपिताले भन्यो, "भन्ते, आराम त भयो । तर बलियो भएको छैन ।

बुद्धले भन्नुभयो, "बल नभइकन सकी नसकी किन आएको त ?" नकुलपिता – "भन्ते, हजुरकी उपासिका, मेरी गृहलक्ष्मीले हजुरको उपदेशानुसार मैत्री चित्तले मनै हलुका हुने गरी शीतल प्रिय वचनले टहल सेवा गरेकीले मेरो ज्यान बच्यो । बैद्यले निराश भएर हात खुट्टा छोडिसकेको मलाई । यो कुरा यहाँ विदीत गर्न साह्रै उत्सुक भएकोले सकी नसकीकन आएँ, भन्ते ! बुद्धले भन्नुभयो, "उपासक, तपाईंकी गृहलक्ष्मीले कसरी सेवा गरिन् तपाईंको ?"

नकुलपिता – "भन्ते ! मलाई रोगले साह्रै चाप्यो । शरीरको रगत मासु सुके । शरीर दुर्बल हुँदा मन पनि कमजोर भयो । बाँच्ने आशा रहेन । मनको शान्ति हरायो । अनेक अनावश्यक पीर, चिन्ता र कल्पनाहरु बढे । ठूला ठूला बैद्यहरु बोलाइए । असल बहुमूल्य



Downloaded from http://www.dhamma.digital

औषधीहरु ख्वाए । तर औषधीले मलाई छोएन । अनि वैद्यहरुले निको हुँदैन आशा नगरे पनि भयो भनेर छोडेर गयो । यो कुरा सुनेदेखिन मेरो शिर झुक्यो । मन खल्लो भयो । बाँच्ने आशा छैन भनेर निराश भएँ । म मरेपछि यो घरमा के होला ? नाना प्रकारका यस्ता अनावश्यक पीरले सतायो । फलस्वरूप झन् झन् रोग बढ्यो । तर म त्यस्तरी सिकिष्ट भएर पनि हजुरको उपासिका कत्ति निराश भइनन् । मन बलियो पारेर धैर्यपूर्वक झन् राम्रोसँग सेवा गरिन्, वैद्यले बाँच्दैन भनको भनेर निराश भएर टहल सेवामाथि कति फरक गरेन । मलाई भरोसा दिएर, मन हलुका हुने कुरा गरेर मन जितिरहिन्, तर मेरो मुख उज्यालो भएन । अनि गृहलक्ष्मीले नजिकै आएर मेरो कपालमा हात राखेर सोधिन् ।

"स्वामी ! केही पीर लिनु भयो कि ? किन मुख अँध्यारो पारेको ? हामीलाई बुद्धले यस्तो उपदेश दिनु भएको होइन,? हामी सबैले एकदिन मर्नुपर्छ । मनमा कुनै प्रकारको धन्दा सुर्ता तथा चिन्ता राखेर प्राण छोड्नु हुँदैन । तपाईको मनमा यस्तो पीर पो भयो कि - म मर्ने भएँ । म नभएपछि घर बिग्रिन्छ । केटाकेटीहरुको र म्रो पालन पोषण हुँदैन । यस विषयमा तपाईले कति धन्दा मान्नु पर्दैन । कपासको धागो काट्ने र अरू काम पनि मैले जानेकी छु । ती काम गरेर तपाईँ नभए पनि बालबच्चाको पालनपोषण गरी घर थामेर बस्नेछु । तपाईले किन  पीर मान्नु भएको ? रोग हुँदा यसरी पीर मान्नु हुँदैन । कुनै कुरामा पनि आशक्त भएर मर्नु हुँदैन, मन हलुका गरेर बस्नुहोस् ।


Downloaded from http://www.dhamma.digital

यति कुरा सुनेपछि मेरो मन केही हलुका भयो । अनुहार पनि अलि उज्यालो भयो होला । फेरी अर्को कुरा सम्झेर पीर पऱ्यो, चिन्ताग्रस्त भयो । अनि मेरो मुख अँध्यारो भयो होला । फेरी हजुरकी उपासिकाले सोधिन् ।

"भो स्वामी ! फेरि पीर लिनुभयो कि ? म मरेपछि यिनी अर्काकी घरमा जान्छे । तपाईले यस्तो कुरा मनमा लिनुभयो कि ? यस्तो मनमा राख्नु हुँदैन । तपाईले मेरो बानी राम्रोसँग थाहा छ । मैले पनि तपाईको बानी राम्रैसँग थाहा छ । हाम्रो विवाह भएको यतिका वर्ष भैसक्यो । आजसम्म हाम्रो सत्य चर्याशील नष्ट भएको छैन । हामी मध्ये कसैबाट पनि आजसम्म झगडा गर्नुपर्ने काम भएको छैन । यस बारेमा तपाईले कति पीर नमान्नुहोस् । यसरी अस्वस्थ्य भइरहँदा त्यस्तो अनावश्यक कल्पना गरेर चिन्तित भएर मर्नुलाई बुद्धले प्रशंसा गर्नु भएको छैन, धैर्य गर्नुहोस् । मन बलियो पार्नुहोस् धन्दा लिनु पर्दैन ।" मेरो गृहलक्ष्मीको सत्यवचन प्रेमपूर्ण ममताले भरिएको कुरा सुनेर मन हलुका भयो र शरीर पनि हलुका भयो । अनि मुख उज्यालो हुनु पनि स्वभाविकै हो । तर एकछिन पछि फेरि मलाई अर्को पीर पऱ्यो । धन्दा भयो । अनि शरीर पनि भारी भयो । मेरो मुखमा मलीनता छायो होला हजूरको उपासिकाले फेरी सोधिन् -

"किन स्वामी ! फेरी मुख अँध्यारो भयो ? तपाईले यस्तो मनमा लिनुभयो कि - म मरेपछि यिनले गौतम बुद्ध कहाँ गएर कथा सुनेर, भिक्षु संघलाई वन्दना गरेर मानमर्यादा राखेर आदर



Downloaded from http://www.dhamma.digital

सत्कार गर्दैन होला । यस्तो पनि तपाईले नठान्नु होला, धन्दा नलिनुहोला । तपाई स्वर्गबास हुनु भयो भने यताउती हिँडिरहनु पर्ने गृहस्थीको काम छोड्ने छु । अनि अहिले भन्दा पनि बढी म विहारमा जान सक्नेछु । भगवान बुद्धको दर्शन गर्न सक्नेछु । बुद्धको उपदेशामृतपान गरेर धर्म अनुसार जीवन यापन गर्नेछु । तपाईले अनावश्यक पीर लिएर चिन्ताग्रस्त मनले मर्ने विचार नगर्नुहोला । यसरी गहौं दिलले मर्नुलाई बुद्धले प्रशंसा गर्नुहुन्न भन्ने तपाईलाई थाहा छ । मर्ने बेलामा मन कुनै कुरामा पनि अल्भाउनु हुँदैन ।" हजुरको उपासिकाको यस्तो सत्यवचन रुपी औषधीले केही बेर शरीर हलुका भयो ।

तर फेरि अर्को कल्पनाले दिल गहौं भयो । मुख पनि अँध्यारो भयो होला, हजुरकी उपासिकाले फेरि सोधिन् - "भो स्वामी ! फेरि तपाईले यस्तो पनि ठान्नु भयो कि ? म मरेपछि यिनले शीलपालन गर्नेछैन । यस्तो कुरा मनमा लिनु अयोग्य छ । गौतम बुद्धका जति पनि शीलवान् श्राविकाहरु छन्, म पनि तिनीहरुमा एक हुँ । यस बारेमा तपाईले धन्दा मान्नु पर्दैन । तपाईँलाई विश्वास नभए जस्तो लागे भगवान् बुद्ध यही सुंसुमार गिरिको मृगदानवनमा बसिरहनु भएको छ । चाँडै नै स्वस्थ भएर बुद्धकहाँ गएर सोध्नुहोस् । तपाईले यस कुरामा चिन्ता नगर्नुहोस् । चिन्ताग्रस्त मृत्युलाई बुद्धले प्रशंसा गर्नु भएको छैन ।"

हजुरकी उपासिकाले यसरी भरोसा दिंदा मलाई रोगबाट मुक्ति भएको जस्तो लाग्यो ।



Downloaded from http://www.dhamma.digital

फेरि एकछिन पछि प्रमादवश म कल्पना सागरमा डुबिएँ, मेरो मुखमा हेरेर गृहलक्ष्मीले भनिन् - "भो स्वामी ! फेरि के धन्दाले मुख मलिन भयो ? तपाईले यस्तो मनमा लिनु भयो कि - यो स्त्री आध्यात्मिक (चित्त) शान्ति लाभ गरेर बस्न जानेको छैन। तपाईले यस्तो पनि विचार गर्नु हुँदैन। तपाईलाई थाहा छैन र ? भगवान बुद्धका जति पनि शुद्धजीवि उपासिकाहरु छन्, आध्यात्मिक शान्ति लाभ गरेर समाधि बलियो तुल्याई बसिरहेका छन्, यिनीहरु मध्ये म पनि एक हुँ। पत्यार नलागेको भए चाँडै स्वस्थ भई बुद्धकहाँ सोध्न जानुहोस्। पीर नलिनुहोस्।"

के के कल्पनाले मेरो मुख फेरि अँध्यारो भयो। मेरो गृहलक्ष्मीले फेरि सोधिन्, "भो स्वामी ! तपाईलाई यस्तो पनि धन्दा भयो कि यो नारीले त्रिपिटकको कुरा केही बुझेको छैन। आफ्नो भरोसा आफैं हुन् भनी जानेकी छैन। यस्तो कल्पना गरेर अनावश्यक पीर लिइरहनु ठीक छैन। तपाईलाई थाहै छ, भगवान बुद्धका जति पनि शुद्धजीवि धर्म र विनय राम्रोसँग बुझे का उपासिकाहरु छन्, उनीहरु मध्ये म पनि एक हुँ पत्यार नलागे को भए यहाँ नजीकै सुंसुमारगिरिको मृगदानवनमा भगवान बुद्ध विराजित हुनु भएको छ। चाँडै स्वास्थ्य लाभ गरेर बुद्धकहाँ जानुहोस्। चिन्ताग्रस्त जीवनलाई बुद्धले प्रशंसा गर्नु भएको छैन।"

"यसरी हजुरकी उपासिकाको प्रेमपूर्ण सत्य वचन सुनेर तन र मन दुवै हलुका भयो। बैद्यहरुको असल असल औषधीहरूले मलाई छोएन। हजुरकी उपासिकाको सत्यवचन औषधीले मेरो



Downloaded from http://www.dhamma.digital

रोग निको भयो। हजुरलाई यो कुरा भन्न उत्सुक भएकोले शरीर मा बल नभए पनि लट्ठी टेकेर हजुरको दर्शन गर्न आएको हुँ।"

भगवान बुद्धले भन्नुभयो, "नकुलपिता उपासक, तपाई भाग्यमानी पुरूष हुनुहुन्छ। तपाईंको पुण्य बलियो छ। नकुलमाता उपासिका जस्ती लक्षणले युक्त भएकी, दया र करूणाले सम्पन्न, आफ्नो पतिको हितसुखको लागि चाहेजति प्रयत्न गर्न सकेकी, ज्ञानी, आज्ञाकारी, ईमान्दारी पत्नी पाउनु भएको छ। यस्ती गुणवती, शीलवती ज्ञानी पत्नीको सहबासमा जीवन यापन गर्न पाउनु कम पुण्यको फल होइन। तपाईलाई कुनै कुराको पनि धन्दा छैन। तपाईका नकुलमाता साँच्चै नै राम्रो शील स्वभावकी, धर्मको तथ्य बुझ्केकी आध्यात्मिक शान्तिको लागि समाधि बलियो भएकी, भित्री दिलदेखि नै मैत्री चित्त भएकी साँच्चिकी गृहलक्ष्मी हुन्। अत्युत्तम नारीरत्न पाउनु भएकोमा सन्तोष हुनुहोस्।"

भगवान बुद्धबाट आफ्नो पत्नीको प्रशंसा सुनेर नकुलपिता खुसी हुँदै घर गए।

★★★



Downloaded from http://www.dhamma.digital

# एक महिलाद्वारा घर-कलह शान्ति

एक समयको कुरो हो । एउटा महाजन थियो । धर्म भन्ने कुन तत्व हो, त्यसलाई थाहा थिएन । उनमा धनको घमण्ड थियो । उनी निकै माथि पुगेका थिए । महाजनपनाले गर्दा समाजमा उनको हेलमेल थिएन । उसको चाकरी गर्न आउनेलाई मात्र उनी मद्दत गर्थे ।

हाम्रो यहाँ श्रावणमासमा कथा पुराण भन्ने चलन भए झैं त्यो महाजनको टोलमा पनि श्रावण महिनामा भिक्षुहरुद्वारा बुद्धपूजा आदि बुद्धधर्मको प्रचार गर्ने काम सुरू भयो । त्यो टोलमा प्रायः सबै जना कथा सुन्न गए । त्यो साहुकी जहान साहुनीको पनि कथा सुन्न जाने बानी बस्यो । साहुनीले आफूले सुनेर आएको कथा घरमा आएर आफ्नो लोग्ने र छोरीलाई पनि सुनाउने गरिन् । साहुनी भिक्षुहरुका धर्म-देशनाबाट पनि निकै प्रभावित भइन् । तिनले साहुलाई भनिन् - "एक दिन पनि फुर्सत नलिइकन मात्रै के गर्ने धेरै घर, धेरै सम्पत्ति के केलाई, चिन्तामात्र बढ्ने । अलि अलि त्याग पनि गर्न सक्नुपर्छ । धर्मकर्म पनि गर्न सक्नुपर्छ ।"

साहुको मनमा पऱ्यो - भिक्षुहरुकहाँ कथा सुन्न गई । अब खर्च गर्ने कुरा गरी । अघि अघि एकजोर साधारण लुगा मात्र लाएर धन जम्मा गर्नुपर्छ भन्नेले अहिले कस्तो कुरा गरेकी । त्याग गर्ने त हो । छोराहरुलाई पढाउनुपर्छ । पछि दाजुभाई झगडा गर्न नपर्ने गरी उनीहरुलाई सबैकुराको बन्दोबस्त गर्न सक्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

एकदिन साहुलाई घरायसी तन्ताले दिक्क लाग्यो । मन बहलाउन भनी विहारमा कथा सुन्न गयो । शंका लागेको कुरामा छलफल गऱ्यो । कथामा कस्तो कुरा निस्क्यो भने कमाउनु पनि पर्छ । मिहेनत पनि गर्नुपर्छ । तर कमाएको धनको सदुपयोग गर्न जानेन भने दुःख हुन सक्छ । परिवारमा झगडा हुन सक्छ । अनि धन भएर पनि मनमा शान्ति हुँदैन ।

यसरी कथा सुनेपछि साहुको मनमा धर्म चेतना आयो । स्वभाव परिवर्तन भयो । धार्मिक क्रियाकलापमा त्यागको भावना आयो । चन्दा दिएर, आवश्यक सरसामान प्रदान गरेर मद्दत गर्ने भयो । साहुको स्वभावमा धेरै परिवर्तन आयो । साहुको स्वभाव राम्रो भएको देखेर टोलका मानिसहरुलाई पनि खुशी लाग्यो । अघि जस्तै खुसामद गर्न आउनेलाई मात्र मद्दत गर्ने होइन कि आफ्नै मनले देखेर आफै अघि सरेर दीन दुःखीहरुलाई मद्दत गर्ने भयो । धर्म केलाई भन्दछन्, राम्रोसँग बुझे । घरका सबैजना धर्मावलम्बी भए । बुद्ध पूजामा भाग लिन जाने भए ।

क्रमशः एउटी छोरी विवाह योग्य उमेरको भई विवाह गरि दिने निश्चय भयो । आमाबाबु दुवैले छोरीलाई बोलाएर भने - "तिमी हाम्रो प्यारी हौ । अब तिमी दुलही हुन लागिरहेछौ । हामी विहारमा गएर कथा सुन्ने गरेका, बुद्धधर्मावलम्बी भनेर सबैलाई थाहा छ । तिमी चारजना दाजुभाई भएको घरमा पर्ने भयो । धेरै दाजुभाई भएको घरमा झगडा हुन सक्छ । सासु र बुहारीहरुको बीचमा, नन्द र भाउज्यूको बीचमा, ज्येठानी देवरानीहरुको बीचमा



Downloaded from http://www.dhamma.digital

झगडा भई रहन सक्छ । तिमीले घरमा गएर कलह शान्ति गरिदिनु । तिमीले यो बुझ्ने कोसिस गर, झगडा भयो, किन झगडा भयो ? कलहको कारण देखेर त्यसको जरै उखेल्ने प्रयास गर । अलिकति सहनु पर्ला । दुःख भोग्नु पर्ला सासु ससुरा, देवर देवरानी, ज्येठाज्यू ज्येठानी भएको घरमा माइतीमा जस्तो हुँदैन ।"

छोरीले बाबुआमाको आज्ञापालन गर्ने प्रतिज्ञा गरिन् । यथासमयमा विवाह भयो । पतिघरमा प्रवेश गरेदेखि नै साहुकी छोरीले चालचलन अध्ययन गर्न लागिन् । एक दुई महिनासम्म त घरको वातावरण शान्तै थियो । बिस्तारै त्यो घरमा दन्तबजान सुनिँदै आयो । एकातिर सासु र नन्द अर्कोतिर बुहारीहरु, सासु हुनेले आफ्नी छोरीलाई सकेसम्म ऐश आराममा राख्न खोज्दथिन् । बुहारीहरुलाई कमारी झैं काममा जोत्दथिन् । पछिबाट बुहारीहरुमा पनि झगडा हुन थाल्यो । कारण के भने ठूलो जहान भएकोले चुलो धन्दा गर्न त्यो घरमा गाह्रो थियो । यसैले बुहारीहरुमा चुलो धन्दा गर्ने पालो बाँधेको थियो ।

आफ्नो भात पकाउने पालोमा माइती जाने, कतिको बाठी, मेरो पनि माइती छ । मलाई जान मन लाग्दैन आफ्नो माइतीमा ? भाँडा माझ्ने डुंगुर छ । बच्चा सुताउने निहुँले कोठामा गएर मज्जासंग सुत्ने । अहिले हो, बच्चा रोएको ? छोरालाई दूध ख्वाउँ कि तिहुन तरकारी हेरूँ लुगा धोयो, आफ्नो मात्रै सुकिलो । अर्काको मा त साबुनै नलाएको जस्तो । यस्तै त्यो घरमा सधैं ।



Downloaded from http://www.dhamma.digital

नयाँ दुलही सबैभन्दा कान्छी, बोलीमा नम्रता, जाँगरता थियो तिनको ।

"बच्चा रोइरहेछ । बच्चालाई दूध ख्वाउन जानुहोस् । चुलो मा म हेर्छु ।"

तिमी नयाँ दुलही । तिम्रो पनि पालो आउँछ भात पकाउने ।

"हो, त्यो मलाई पनि थाहा छ । अहिलेदेखि अभ्यास गरे आफ्नो पालोमा राम्रोसंग भात पकाउन सकिन्छ । मलाई सिकाइ दिनुहोस्, स्वादिष्ट तिहुन तरकारीहरु पकाउने ।"

भाउज्यू चाहिंको मनमा पऱ्यो - अरूहरु काम गर्नु पर्ला भनेर टाउको दुख्यो, पेट दुख्यो भनेर माइती जान्छन् । यिनी नगर भनें पनि काम गर्न आइरहन्छे । कस्तो ज्ञानी छ यो दुलही, माइती जानपरे जानुहोस् भाउज्यू भात म पकाई दिन्छु भन्छे ।

नयाँ दुलहीको चालचलन देख्दा सासु चाहिं पनि छक्क परिन् । एकदिन नयाँ दुलहीलाई बोलाएर सासुले भनिन् - "ए दुलही, अर्काको भात पकाउने पालोमा तैंले किन काम गर्न गएकी ? जान्ने नहोउ, आफ्नो पालोमा मात्र चुलो धन्दा नगरीकन ।"

"होइन आमा" नयाँ दुलहीले भनिन् - "अघि यो घरमा जहिले पनि भात पकाउने, लुगा धुने कुरामा झगडा भइरहन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

अहिले यस्तो छैन । माइती जानलाई पनि कसैले भनाई खान पर्दैन । परस्परमा सहयोग भइरहेकोले काम सबै राम्रोसंग भइरहेको छ ।"

नयाँ दुलहीको कुरा सुनेर सासुचाहिं प्रभावित भइन् । तिनले सोधिन् - "तँलाई कसले यसरी काम गर्न सिकाएको ?"

नयाँ दुलहीले भनिन् - "हाम्रो बा आमा, हामी सबै विहारमा गएर कथा सुन्थ्यौं । धर्मकर्म गर्थ्यौं । भन्तेहरुको र गुरूमांहरुको बानी सुधार गर्ने कथा सुन्थ्यौं । मलाई यहाँ दिईपठाउनु दुई दिन अघि बा र आमाले भन्नु भएको थियो - "पति घरमा बस्दा आफ्नो मनले देखेर काम गर्नुपर्छ । झगडा भएमा झगडाको कारण बुझेर झगडा नहुने काम गर्नुपर्छ । नत्र इज्जत जान्छ । यो दुलही अल्छी, लुच्ची, बजौठी, यस्तो भनाई खानु पऱ्यो भने बाबु आमालाई समेत नराम्रो हुन्छ । त्यसैले मैले बाबुआमाको अर्ति मुताबिक काम गरिरहेछु ।"

सासु चाहिंले सोधिन् - "भन्तेहरु भन्ने को हुन् नि ?"

नयाँ दुलहीले भनिन् - "भन्ते, भिक्षुहरुलाई आदरपूर्वक बोलाउँदा प्रयोग गरिने आदरार्थक शब्द हो ।"

"भन्ते, भिक्षुहरुलाई प्रयोग गरिने आदर सूचक शब्द रहेछ । भिक्षुहरुले यस्ता कथाहरु भन्ने रहेछ ।"



Downloaded from http://www.dhamma.digital

सासु चाहिंले भनिन् - "दान विनुपर्छ भनी दान लिने मात्र गर्छन् भनेको त होइन रहेछ" मनमनै भनिन् "राम्रो उपदेश दिने रहेछ भिक्षुहरुले साँच्चै । लक्ष्मीजस्तै वुलही फेला पऱ्यो । घरमा भगडा तगडा केही छैन अब । सबै मिलजुल भएर काम गर्दा कति राम्रो भयो । माइती जान पर्नेहरुलाई पनि आनन्द भयो । हो बा, छोरीलाई पुल्पुल्याएर राख्दा पछि आफैलाई नराम्रो हुन्छ । अर्काको निन्दा चर्चा सहनुपर्ने हुन्छ । छोरीलाई तालीम गर्नु पऱ्यो ।

पतिघरमा गएर छोरीले मनले चिताएभैं काम गरेर बाबुआमाको नाम राखी दिइन् । साहु र साहुनी दुबै खुसी भए ।

बिहारमा गएर भन्ते र गुरुमांहरुद्वारा भगवान बुद्धको उपदेशानुसार सुधार कार्य गर्न सकेकाले तिनीहरुको हर्षको सीमा रहेन ।

★ ★ ★



Downloaded from http://www.dhamma.digital

# श्रीमतीको धर्मले श्रीमान्को ज्यान बच्यो

एक समयमा वाराणसी देशमा ब्रह्मदत्त नाउँ गरेको राजा थियो। उनको शासनकालमा हिमालय प्रदेशमा किन्नर (परी) योनीमा बोधिसत्वको जन्म भएको थियो । उनकी चन्दा नाउँ गरेकी किन्नरी पत्नी थिइन् । तिनीहरु चन्द नामको चाँदिको पर्वतमा बस्दथे ।

एकदिन बाराणसीका राजा शिकार खेल्न भनी हिमालयतिर गए । मृगहरु मार्दै मासु खाँदै राजा किन्नरहरु भएको पर्वतको फेदिमा पुगे ।

किन्नरहरु वर्षाद ऋतुमा तल झर्दैनथे । गरम महिनामा रंगविरंगका फूलहरुले वनजंगल मनोहर हुन्छन् । यस्तो अवसरमा रसरंगका लागि किन्नरहरु वनविहार गर्न पर्वतबाट तल ओर्लन्थे ।

बोधिसत्व किन्नर आफ्नी किन्नरी चन्दालाई साथमा लिएर सुगन्धित पुष्पहरुको पराग (केशरी) खाँदै सुगन्ध छर्दै पहाडबाट तल झरिरहेका थिए । तलतिर एउटा राम्रो पोखरी थियो । त्यो पोखरीमा नुहाएर फूलका मालाले सजिएर किन्नरी पोखरीको डिलमा नाचिरहेकी थिइन् । बाधिसत्व किन्नर बाँसुरी बजाइरहे को थियो । बाँसुरीको शब्द सुनेर शिकारको लागि डुल्दै आइरहेको राजा सुस्तसंग विरालो हिंडाइले त्यस ठाउँमा आए । वनस्पतिको झाँगमा लुकेर किन्नर किन्नरीको रूपलावण्य देखेर राजा मोहित



Downloaded from http://www.dhamma.digital

भए । किन्नरी निकै राम्री थिइन् । किन्नरलाई मारेर किन्नरी दरवारमा लिएर जान्छु, राजाले यस्तो चाहना गरे । कुनियतमा परेका राजाले बोधिसत्व किन्नरलाई वाणले हाने । किन्नर घायल भएर छट्पटायो । तिनको शरीरबाट रगतको भल बग्यो । आफ्नी प्रियासंग सदाको निमित्त बिछोड हुनु पर्‍यो भन्ने पीरले किन्नर आकुल व्याकुल भयो । तिनको आँखाबाट आँसुको धारा छुट्यो । उनले बिलौना गर्‍यो -

"लाग्यो उड्न यो प्राण पखेरू
जीवनज्योति निभिरहेछ रक्तदेहको भुइँमा बगी
छैन कति अब आशा मेरो जीवन अन्त हुन्छ छिट्टै
दुर्दिनले पर्खाल उठायो तिम्रो मेरो बीचमा अजङ्गै
चन्दा ! चन्दा !! हाय चन्दा !!! हुन लाग्यो तिमी एक्लै लाग्यो
उड्न यो पखेरू ।"

Dhamma.Digital

बोधिसत्व किन्नर विलाप गर्दै बेहोशमा परेर छट्पटाई रह्यो । राजाले वनस्पतिको झाँगमा लुकेर हेरिरह्यो । उता किन्नरीलाई लोग्नेको प्राण जान लागेको थाहा भएन । मनमस्त भएर नाचिरहेकी किन्नरीको आँखा अनायासले किन्नर माथि पर्‍यो । आफ्नो लोग्ने अचेत भएर लडिरहेको देखेर हतपतसंग दगुर्दै लोग्नेको नजीक आइन् । किन्नरको रगत भुइँमा छताछुल्ल भइरहेको, धेरै बेरसम्म छटपटिरहकोले जीउभरि रगत लागेको, प्राण पखेरू उडिसकेकोले शरीर चिसो भइसकेको, पतिको हालत



Downloaded from http://www.dhamma.digital

देखेर किन्नरीले विलाप गरिन् । किन्नर मरिसकेको निश्चय भएपछि राजा विस्तारै वनस्पतिको झाँगबाट बाहिर निस्के । चन्दाले राजालाई देख्नासाथ भनिन् "यही चण्डालले मेरो लोग्नेलाई वाणले हानेको होला ।" किन्नरी डराएर त्यहाँबाट भागिन् । पहाडको थुम्कामा बसेर राजालाई सरापिन् – "दुष्टराजपुत्र ! मेरो निर्दोषी लोग्नेलाई वाणले हानिस् । तैंले जुन किन्नरी विवाह गर्ने आशाले पापकर्म गरिस्, किन्नरीको मनमा जस्तो सोक, पीर र दुःख भयो, त्यस्तै त्यो तेरो स्वास्नीलाई पनि होस् । तेरो आमाले तेरो सुख देख्न नपाओस् । तेरो स्वास्नीले लोग्नेको मुख देख्न नपाओस् ।"

आफूलाई सराप्दै रोइरहेकी किन्नरीलाई हेर्दै राजा भन्दछ, "हे चन्दा ! तिमी नरोऊ । केही धन्दा नमान । तिमी मेरी महारानी हुनेछौ । तिमीलाई दरवारमा देवीलाई जस्तै मानमर्यादा गर्नेछु ।"

"हे पापी राजपुत्र ! तैंले मेरो लोभले मेरो निर्दोषी लोग्ने किन्नरलाई मारिस् । बरू मर्न तयार छु । तँ जस्तो दुष्ट अधर्मीसँग आउने छैन ।"

किन्नरीको त्यो गाली गलोच सुनेर राजा त्यहाँबाट हिंडे । जानुभन्दा अघि राजाले भने "हे मूर्खनी किन्नरी ! तँ हिमालमै बसिरहोस् जहाँ फलफूल र मृग जन्तु सिवाय केही छैन ।"

राजा हिंडिसकेपछि पहाडबाट ओर्लेर किन्नरीले बोधिसत्व किन्नरको मृत शरीर बोकेर पर्वतशिखरमा लगिन् । पतिको शिर



Downloaded from http://www.dhamma.digital

आफ्नो काखमा राखेर बिलौना गर्दै भनिन् "मेरो प्राण ! यस्तो राम्रो पर्वत र गुफामा यस्तो रमाइलो हिमालय र जङ्गलमा कति आनन्दले हामी डुल्थ्यौं, खेल्थ्यौं । अब म एक्लै भएँ । मेरो सूर्य अस्तायो । मेरो जीवनज्योति हरायो । मेरो संसार नष्ट भयो । मेरो सर्वश्वहरण भयो । जता हेर्छु उतै अन्धकार, फुलहरुको सुगन्धले मग्मगिरहेको यो हिमाल प्रदेश मेरो लागि दुर्गन्धले युक्त भयो । मेरो प्राण ! मेरो जीवनेश्वर !

मैले पतिव्रता धर्म पालन गरेको रहेछु भने, पति भक्ति सत्यधर्म पालन गरेकी रहेछु भने मेरो प्यारो किन्नरको जीवन फर्कोस् । यस्तो निर्दोषी माथि दुष्टले बाण चलाए । सत्यको प्रभाव छ भने यस्तो बेलामा हुनुपर्छ । मेरो सत्य धर्मको प्रभावले मेरो प्राणेश्वरको प्राण फर्कोस्, बोधिसत्व किन्नरको छातीमा हात राखेर किन्नरी भुलिरहिन् । बिस्तारै किन्नरको छाती तातेको जस्तो अनुभव भयो । मेरो प्राणधारको मुटु तातेछ । मेरो सत्य धर्मको प्रभाव अवश्य हुनुपर्छ । मैले पति भक्ति सत्यधर्म पालन गरेको छु । यो सत्य प्रभावले मेरो प्राण उठेर आओस् । यस्तो अधिष्ठान गरेर पोखरीको पानी ल्याएर पतिको देहमा सिञ्चन गरिन् । बोधिसत्व बिस्तारै उठ्यो । घाउ पनि चाँडै नै निको भयो । दुबै जनाले अघि जस्तै आनन्दपूर्वक जीवनयापन गरे ।

शुद्ध मनले लोग्नेको सेवा गरेमा यहाँको यहिँ फल प्राप्त हुने रहेछ ।

★ ★ ★



Downloaded from http://www.dhamma.digital

# शुद्ध मैत्री चित्तको प्रभावले कुमन्त्रले छुन सकेन

प्राचीनकालमा वारायणसी देशमा धेरै दु:ख सहेर समुन्द्रपार व्यापार गरेर धनी भएको एउटा महाजन थियो । धेरै धनी भएपछि महाजनले आफू धरमै बसी बनियाँहरुलाई समुद्रपार पठाई व्यापार गर्ने भयो । उनको धेरै देशसंग व्यापारिक सम्बन्ध थियो ।

एकदिन धेरै मालसामानहरु विदेशमा पठाउन परेकोले धेरै बनियाँहरुको आवश्यकता परेको थियो । यस निमित्त महाजनलाई एउटा इमान्दार बनियाँ नाइकेको पनि नितान्त आवश्यक थियो । एकजना आफ्नो विश्वासपात्र बनियाँलाई नाइके नियुक्ति गरियो, यो मालसमान यो देशमा बिक्री गर्नु भनी अहाएर मालसानहरु बन्दर गाहतिर ओसार्न लगायो ।

बनियाँ नाइकेले प्रस्थान गर्नुभन्दा अघि साहुलाई भन्यो – "म अघि जस्तै एक्लै होइन मैले विवाह गरिसकेको छु । यसैले महिनौं परदेशमा घुम्नलाई घरकी जहानलाई अलिकति खर्च छोडेर जानुपर्छ । मलाई अलिकति दाम दिनुहोस् ।"

साहुले भन्यो – "हुन्छ । तर अहिले मसंग नगद छैन । यहाँ धन धेरै राखिछोड्न पनि हुँदैन । तिम्रो जहानलाई खर्च अड्क्यो भने यहाँ लिन जानु भनी भनेर जानु । दिई पठाई दिन्छु ।"

पैसा भन्ने चीज कस्तो हुँदोरहेछ । त्यत्रो साहुले पनि छैन भन्यो । यहाँ धन धेरै राख्नु हुँदैन रे । धेरै धन हुने पनि दु:खै रहेछ ।



Downloaded from http://www.dhamma.digital

बानियाँले घर गएर आफ्नो जहानलाई भन्यो - " म भोलि सबेरै जहाज चढेर समुद्रको यात्रा गर्छु । तिमीलाई खर्चको आवश्यकता पर्‍यो भने साहुकहाँ लिनजानु, बिन्छु भन्नु भएको छ । केही धन्दा नमान्नु । म सकेसम्म चाँडै आउने छु ।" यति भनेर बानियाँले स्वास्नीसँग बिदा माग्यो ।

"हाम्रो विवाह भएको धेरै भएको छैन । यसरी छुट्टिएर बस्ने इच्छा छैन । तर के गर्ने ! नगरिकन हामीलाई खानेकुरा कहाँबाट आउँछ । विवाह गरेर यति चाँडै छुट्टिएर बस्नु बेमज्जा भए पनि परिस्थितिबश छुट्नुपर्‍यो । एउटा कुरा भन्छु । जहाँ पनि जुनसुकै काममा पनि होशियारीसाथ गर्ने गर्नुहोस् । यहाँ घरमा जस्तै बुद्धगुण स्मरण गरेर शुद्ध मनले परित्राण पाठ गर्ने गर्नुहोस् । सत्यमा रहनुहोस् । म पनि अप्रमादी भएर केही न केही गरिरहने छु । बुद्धगुण स्मरण र मैत्रीभावले बिघ्नबाधा केही नभएर कल्याण हुनुपर्छ । शुभ कुशल भइरहोस् भनेर प्रार्थना गरिरहने छु ।"

बानियाँले साहुसंग बिदाबाजी भएर समुद्रमा यात्रा गर्न प्रस्थान गर्‍यो ।

यता बानियाँ नाइकेकी जहानले परदेशमा गएको लोग्नेलाई विघ्नबाधा, भय अन्तराय केही नहोस् भनी पतिब्रत धर्म पालन गरेर शुद्ध मनले, आचरणले पूजापाठ आदि गरेर दिन काटिरहिन् । परपुरूषसंग हाँसी, ख्याल ठट्टा गरी, आँखा झिम्काई सतित्व नष्ट गर्ने यस्तो दुश्चरित्रबाट टाढै रहेर परदेशमा गएको लोग्नेलाई शुभ मङ्गल भइरहोस् भनी मैत्रीचित्रले शुभकामना गरी दिन बिताइरहिन् ।



Downloaded from http://www.dhamma.digital

खर्च गर्ने पैसा सकिएर एकदिन लोग्नेले भने अनुसार साहुकहाँ पैसा माग्न गइन् । साहुलाई नमस्कार गरेर तिनले भनिन् -"मेरो स्वामीले खर्च गर्नलाई पैसा चाहेमा साहुकहाँ लिन जानु भनेर जानु भएकोले आएको म । अलिकति खर्च पाइन्छ कि ?"

बानियाँ नाइकेकी स्वास्नी भर्खरकी तरूणी थिइन् । तिनी अति राम्री थिइन् । साहुले आँखै नफिराइकन तिनलाई पैतालादेखि शिरसम्म लोभी दृष्टिले हेऱ्यो । अनि भनेजति रूपियाँ दिई पठायो ।

दाम लिएर बानियाँनीले आवश्यक सामानहरु खरिद गरी घर गइन् । साहुले जतिसुकै प्रेम देखाए पनि तिनलाई वास्ता थिएन । मात्र आफ्नो परदेशमा गएको लोग्ने सम्झेर उनलाई कुनै प्रकार को अमङ्गल नहोस् भनी शुद्धचित्तले मैत्री भावना गरिरहिन् । उनी ठान्थिन्, मन अशुद्ध भयो भने उनले गरेको शुभकामना पूरा हुँदैन, मनले कुनै नराम्रो कल्पना गर्नु हुँदैन । यो दृढ विश्वासले तिनको मन साहुतिर लागेन । मजबूत चित्तले आफ्नो मङ्गल कामना गरिरहिन् ।

साहु रातदिन त्यो बानियाँकी स्वास्नीमात्र सम्झिरहन्थ्यो । साहुनी भन्दा तिनी निकै राम्री थिइन् । अनि के त, प्रायः लोग्नेमानिसहरु राम्री तरूणी देखेपछि आफ्नै स्वास्नीदेखि असन्तुष्ट हुनु स्वभाविकै पो हो कि ! धनको अभिमान र मोहचित्तले गर्दा अर्काकी स्वास्नीलाई कुदृष्टिले हेर्नु अनुचित्र ठानेन । त्यही बानियाँकी स्वास्नीलाई सम्झेर साहुको मन चञ्चल हुन थाल्यो । आफ्नो वशमा


Downloaded from http://www.dhamma.digital

पार्ने अभिप्रायले तिनलाई भने जति दाम दिई पठाउँथे । जोशमा होश नभएको साहुको मन उनै बानियाँनीसंग टाँसियो । साहुले मनमनै भन्यो - "त्यो बानियाँकी स्वास्नी नल्याइकन मनमा शान्ति हुँदैन ।"

साहुले कल्पना गऱ्यो - "श्रीमान् भएकी विवाहिता, तिनलाई केवल धनको बलले ल्याउनु हुँदैन । लोक निन्दाको साथै राजदण्ड पनि हुन सक्छ । कुनै उपायद्वारा तिनको लोग्नेलाई मार्न पाए हुन्थ्यो । मेरो बानियाँ हो, तिनको लोग्ने ! लोग्ने मरेपछि त अनि, कहाँ जाला मछली मेरो धरियाँ ! अनाथिनी भएकीले आफ्नो बानियाँकी जहानको उपकारको लागि घरमा ल्याएँ । कसको के भन्ने ठाउँ छ ? अनि त इच्छानुसार स्वास्नी गरेपनि भयो । नोकर्नी गरे पनि भयो । यस्तै संसारको भनाई खानुपर्ने छैन । धर्म गरेको जस्तो पनि हुन गयो । यस्तै ठीक पर्ला ।" यो निष्कर्षमा पुगेपछि साहुले सन्तोषको सास फेऱ्यो । बानियाँ नाइकेलाई कसरी मार्ने ? यसलाई समुद्रपार व्यापार गर्न पठाई राखेको छु । उ हतपत आउँदैन । महिनौं विस्तार हुन्छ । मलाई तिनको स्वास्नी छिट्टै ल्याउनु परेको छ । के गरेमा मनको .... ? "एउटा वैद्य छ । कुविद्या र कुमन्त्रमा पारंगत । उ मसानमा गएर भूतहरुलाई नचाउँछ । शायद यसैबाट यो काम हुनसक्छ ।"

एकदिन त्यो वैद्यलाई बोलाएर आफ्नो गुप्ती कोठामा लग्यो । आफ्नो कहानी सुनाएर साहुले उसलाई भन्यो - "समुद्रपार व्यापार गर्न पठाइराखेको मेरो बानियाँ नाइकेलाई उहीं मार्न सक्यौं भने तपाईंलाई जग्गा जमीन र घरको लागि राम्रो व्यवस्था मिलाई दिनेछु ।"



Downloaded from http://www.dhamma.digital

धेरै धन देखेपछि महादेवको त त्रिनेत्र बल्छ भन्ने उखान छ। एउटा साधारण वैद्यको के कुरा ! वैद्यले खुशी भएर भने "यो काम म खुशीसाथ गर्छु। तर साहुजी मेरो मेहेनत खेर नजाओस्।"

साहुले वैद्यलाई विश्वास दिलायो - "यो काम सफल भएपछि कबुल अनुसार फरक नपारिकन सबै कुरा पूरा गर्नेछु।"

वैद्यले घर गएर तन्त्रमन्त्र प्रयोग गेरर भूतलाई आह्वान गऱ्यो। मन्त्राधीन भूत वैद्यको आज्ञा मान्न तयार भयो।

"फलाना साहुको बानियाँ नाइके समुद्रपार व्यापार गर्न गएको छ। यसलाई मारेर आउनु।" भूतले वैद्यको आज्ञा शिरोपर गर्न प्रस्थान गऱ्यो। धम्मोहवे रक्खति धम्मचारी (जुन व्यक्तिले शुद्ध मनले आफ्नो आचरण धर्म पालन गरिरहन्छ, उसलाई कुमन्त्रले छुन सक्दैन) यो सत्य संसारमा विद्यमान रहेछ। बानियाँ नाइके बुद्धगुण स्मरण गरी परित्राण पाठ गर्ने गरेको शुद्ध हृदयी भएको र तिनकी जहानले पनि शुद्ध मनले, शुद्ध आचरणले मैत्री भावना गरिरहेकी हुनाले तिनको शुद्ध चित्त र मैत्री बलले गर्दा भूतले बानियाँ नाइकेलाई मार्ने प्रयास गऱ्यो। तर मार्नु त कता कता बानियाँ नाइकेको नजीकसम्म पनि जान सकेन।

सत्यताको केही शक्ति नहुँदो हो त दुष्ट चित्तका दुर्जनहरुले मन नपरेका मानिसहरुलाई कुमन्त्र हतियारले के मात्र गर्दैन होला ! तर कुमन्त्रले जो कोहीलाई छुन नसक्ने रहेछ। नराम्रो चित्तका र दिनदशा बिग्रेकाहरुमा मात्र कुमन्त्रको प्रभाव पर्ने रहेछ।


Downloaded from http://www.dhamma.digital

भूतले कति प्रयास गर्दा पनि बानियाँ नाइकेलाई छुनसम्म पनि सकेन । हरेश खाएर फर्क्यो । वैद्यले भूतलाई बानियाँ नाइकेलाई नमारी हुँदैन । जाउ कि जाउ भनी जोड गर्‍यो । बानियाँ नाइकेको शुद्ध चित्त छ । उनी धर्मात्मा छन् । उनलाई म केही गर्न सक्दै न भन्दा पनि वैद्यले भूतलाई जाउ कि जाउ भनी जोड गर्‍यो । उसलाई मार्न सकेमात्र मेरो कार्य सिद्ध हुन्छ । म धनी हुन्छु भन्दै भूतलाई वैद्यले जबरजस्ती गर्‍यो ।

भूतलाई रिस उठ्यो । नाहकमा शुद्ध चित्त धर्मात्मा व्यक्तिलाई मारेर आफू धनी हुन खोज्ने यसैलाई मार्नु पर्छ भनेर भूतले वैद्यलाई मार्न खोज्यो । तर ग्रहपति बलिया भएकाले हो कि तारणको प्रभावले हो वैद्यलाई मार्न सकेन । भूतले फेरी विचार गर्‍यो – "मलाई यस्तो काम अह्राएको, उसको मूल कारण त त्यही साहु हो, जो अर्काको लोग्ने मारेर स्वास्नी लुट्न चाहन्छ । यसलाई मार्‍यो भने वैद्यको कुरा हराउँछ, अनर्थकारि त यही दुष्ट आत्मा साहु हो । यसैलाई मार्छु बरू । शुद्ध हृदयमा पवित्र दम्पत्ति बानियाँ र बानियाँकी दाम्पत्य प्रेममा पनि आँच आउँदैन । यस्तो विचार गरेर भूतले साहुलाई सिध्याइदियो ।

साहुसंग घर लिउँला, खेत लिउँला, धनदौलत लिउँला सुखी हुँला भन्ने आशा गरिरहेको कुवैद्य ज्यानमारा भूतको डरले थरथर काम्यो ।


Downloaded from http://www.dhamma.digital

वैद्य निस्केर गइसकेपछि घण्टौं घण्टौंसम्म पनि साहु कोठाबाट निस्केन। सुतिरहनु भएको हो कि भनेर साहुनीले कोठामा हेर्न गइन्। साहु बिछ्यौनामै मरिरहेको देखर सबजना बिलखबन्दमा परे । रोगै केही नभइकन अकस्मात्संग साहुको मृत्यु भएकोले घरका जहानहरुले सोचबिचार गरे । वैद्यलाई समातेर ल्याए । साहुलाई मारेको तैले नै हो । तेरै कुमन्त्रले साहु मरेको हो । के के गरिस् तैंले ? भन्दै वैद्यलाइं सापसंग चुटे । साहुलाई मारेको मैले होइन । मलाई नमार्नुहोस् । भएको कुरा भन्छु । भन्दै वैद्यले बिन्ती गऱ्यो। "भन् कसरी साहुको ज्यान गयो। नत्र तँलाई...... ! दाह्रा किटेर, मुक्का उठाएर साहुका जहानहरुले सोधे ।

वैद्यले भन्यो "साहुलाई बानियाँ नाइकेकी स्वास्नी मन पऱ्यो। तिनको लोग्नेलाई नमारिकन तिनलाई घरमा ल्याउन नहुने भएकोले साहुले मेरो मन्त्रको मद्दत लिनुभयो। घर, खेत र व्यापार गर्नलाई धन दिन्छु भन्नु भएकोले म पनि लोभमा फसें । तर त्यो बानियाँ नाइके शुद्ध चित्रको धर्मात्मा भएको र उसकी पत्नी पनि बुद्धगुण स्मरण गरेर सत्यधर्ममा बसेकी, मैत्री भावना बलियो भएकी हुनाले भूतले बानियाँ नाइकेलाई केही गर्न सकेन । धनको लोभले गर्दा काम तामेल गरिदेउ भनी मैले करकाप गरें। यही दुष्टात्माले गर्दा वैद्यले मलाई दुःख दिएको हो भनेर भूतले साहुलाई मारिदियो । मैले मारेको होइन। मेरो ज्यान नजाओस् ।"



Downloaded from http://www.dhamma.digital

वैद्यको कुरा सुनेर साहुको जहानहरुको चित्त बुझ्यो । तिनीहरुलाई थाहा भयो कि साहुको आफ्नै गल्तीले ज्यान गएको भनेर । पाप अर्कालाई बिगार्ने नियतले गरिन्छ । फल आफैले भोगिन्छ भन्ने उखान चरितार्थ भयो । पापको फल अहिलेको अहिले नै देखियो ।

केही महिनापछि समुद्रपार व्यापार गर्न गइरहेको बानियाँ नाइके फर्केर आयो । इमान्दार भएकोले उसलाई साहुको ठाउँमा राखे । सत्य, मैत्री र सदाचारको शक्ति सम्पन्न भएको, बुद्धगुण स्मरण गरेर राम्रो काम गर्ने भएकोले तिनीहरुको जीवनमा केही दुःख भएन । कसैको कुमन्त्रले पनि तिनीहरुलाई छुन सकेन ।

★ ★ ★

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# मति राम्रो भए गति राम्रो हुन्छ

मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया
मनसा चे पदुट्ठेन - भासति वा करोति वा
ततो नं दुक्खमन्वेति चक्कं व वहतो पदं ।

अर्थः- जुन अवस्थामा पनि मन अगाडि जान्छ । त्यसैले, मन मुख्य हो, मनद्वारानै संसार बनिराखेको छ । गाडा तानेर ल्याउने गोरूको पछि-पछि पाङ्ग्रा गुडेर आएझैं खराब नियत हुने व्यक्तिको पछि-पछि दुःख आउँछ ।

मनोपुब्बङ्गमा धम्मा - मनोसेट्ठा मनोमया
मनसा चे पसन्नेन - भासति वा करोति वा
ततो नं सुखमन्वेति छाया च अनपायिनी

अर्थः- जुन अवस्थामा पनि मन अगाडि जान्छ । त्यसैले, मन मुख्य हो, मनद्वारा नै संसार बनिराखेको छ । सँगसँगै हिंड्ने छायाँझैं राम्रो नियत हुने व्यक्तिको पछि-पछि सुख आउँछ ।

माथिको अर्थ सहितका दुइ पालि गाथाहरू धम्मपद नामक किताबबाट निकालिएका हुन् । यो गाथा वा श्लोकहरूका सार हो- "मति राम्रो भए गति राम्रो हुन्छ । अर्थात् मन शुद्ध हुनुपर्दछ ।"

आजभोलि संसारको रूप बदलिसकेको सबैले अनुभव गरेको हुनुपर्दछ । अहिले, असल नियत हुनेहरू भन्दा खराब नियत हुनेहरू धेरै भएर आएका छन् । मानिसहरू रूप र बोलिबाट आफ्नो मनशाय थाहा हुन दिंदैनन् तर उनीहरूले गरेका कामहरूले



Downloaded from http://www.dhamma.digital

उनीहरूको स्वार्थपना झल्काइरहेका हुन्छन् । वर्तमान स्थिति यस्तो भएतापनि गति सुधार्न वा भविष्य उज्ज्वल बनाउन मति राम्रो नपारी हुँदैन । मति राम्रो नहुने व्यक्तिले केही समयको लागि आफ्नो उन्नति गरे पनि उसबाट अरूले केही लाभ गरेको हुँदैन । उसको धार्मिक कार्यलाई पनि मानिसहरू "त्यो मानिस गतिलो छैन । देखावती धर्ममात्र गरेको हो ।" भनी उसको निन्दा गर्न पुग्छन् । उसको बाहिरी लवाई-खवाई ठीक भएता पनि आफ्नै कुकर्मको सम्झनाले उसलाई भित्रभित्रै पोलिराखेको हुन्छ ।

अप्ठेरोपनालाई सहेर, मति राम्रो पारेर काम गर्नुमा मानसिक शान्ति हुन्छ । यसै फलस्वरूप कुनै-कुनै राष्ट्रहरूमा असल मानिसहरूको संख्या बढेर ती राष्ट्रहरूको भौतिक र मानसिक उन्नति दुबै भएर आएका छन् ।

"पानी बलियो भयो भने पानीले जित्छ, आगो बलियो भयो भने आगोले जित्छ" भन्ने हाम्रो उखान छ । घरमा बेस्सरी आगो लाग्दा पानी जति हाले पनि आगो ननिभी पानी समेत बलेर जान्छ । त्यस्तै, भात पकाउँदा उम्लेर माड पोखियो भने मेहनत गरेर बालिराखेको आगो पनि निभ्दछ । तर हामी यो कुरा नबिर्सौं कि आगोसँग पोल्ने स्वभाव हुन्छ भने पानीसँग शीतल पार्ने क्षमता हुन्छ । हामी शान्ति र शीतलता चाहन्छौं भने आगो बलियो भए आगोले जित्छ भनी निराश हुनुहुँदैन । आगो लाग्दा निभाउने कोशिशै नगरी बस्यौं भने आगोले एक-दुइ घर मात्रै होइन, पूरा गाउँ वा शहरै जलाउन सक्दछ ।



Downloaded from http://www.dhamma.digital

मानिसहरूलाई राग, द्वेष र मोहरूपी आगोले सल्काइ रहेको हुन्छ। यही आगोले सामाजिक उत्थानमा बाधा पुऱ्याइरहेको छ। यस्तै कुराले गर्दानै बुद्धले आज्ञा गर्नुभएको थियो -

कोनु हाँसो किमानन्दो निच्चं पज्जलिते सति
अन्धकारेन ओनद्धा पदीपं न गवेस्सथ।

अर्थः- सधैं आगोको ज्वाला दन्कीरहेको ठाउँमा के हाँस्ने र के आनन्द लिने ! अन्धकारले ढाक्दा पनि (तिमीहरूले) बत्ति किन नखोजेको ?

राम्रो मतिले काम गर्ने व्यक्तिलाइं पनि शत्रुहरूको कुचक्रले गर्दा, दुर्घटना आदि भएर दुःख आइपर्न सक्छ। तर सत्य मेव जयते भने जस्तै उनीहरूको अन्त सुखपूर्णनै हुन्छ। यही सिलसिलामा यहाँ एउटा कथा प्रस्तु गरिन्छ-

धेरै वर्ष अगाडि गाउँको एकजना साहुको घरमा काम गर्ने १० वर्ष जतिको केटो थियो। उसका आमाबाबु, दिदी-बहिनी, दाजु-भाइ कोही थिएनन्।

केटो दिनदिनै नजकिको जङ्गलमा साहुका भेंडाहरू लगी चराउने गर्दथ्यो। एकदिन भेंडाहरू चराइरहेको बेला उसले एकजना बटुवालाई देख्यो। त्यस बटुवाको लवाई-खवाइले धनी जस्तो लागे पनि हिंडाइ र मुखको अँध्यारोपनले उसको चिन्तित अवस्था प्रस्ट्याउँथे। ऊ त्यसरी हिंड्दै गर्दा उसको पटुकामा बाँधिराखेको धनको पोको खसेको उसले चालै पाएनछ।



Downloaded from http://www.dhamma.digital

एकछिन पछि केटोले त्यो पोको देखेछ । "यो पोको भर्खर यहाँबाट जाने बटुवाको हुनुपर्छ" - उसले सोच्यो र दगुरेर गई बटुवालाई पोको दियो । इमान्दार केटोलाई हेर्दै उसले भन्यो- "मेरो धन ल्याइदिएकोमा धन्यवाद छ । बाटो भुलेकोले बाटो खोज्दाखेज्दै थकान र भोकले ग्रस्त भैसकेको छुँ । धनको पोको खसेको पनि चाल पाईंन ।"

केटोले बटुवा भोकै रहेको भन्ने जानेर "तपाईं यहिं बस्नुस्, म अहिले आउँछु" भनेर कुद्दै गयो र आफ्नो दिउँसोको खाजा ल्याइदियो । खाजा सबै खाइसकेर बटुवाले भन्यो - "तिम्रो चिउरा र तरकारी मेरो निम्ति अमृत सरह भयो । यसको बदलामा म तिमीलाई यो धनको पोको दिन्छु ।" केटोले आफ्नो हातमा थमाईदिएको धन फर्काउँदै भन्यो- "मैले तपाईलाई खाजा खुवाएको पैसाको लोभले होइन आफ्नो धर्म निभाएकोमा मलाई पैसा चाहिंदैन ।" २-३ पल्ट भन्दा पनि केटोले पैसा लिन मानेन । बटुवाले फेरि सोध्यो- "तिमीलाई फुर्सत छ भने मलाई शहर जाने मूलबाटोसम्म पुऱ्याइदिन सक्छौ ?"

शहर जाने मूल बाटोसम्म उनीहरू आइपुग्दा साँझ पर्न लागिसकेको थियो । बिदा हुने समय बटुवाले आफूले लगाइराखेको हीराको औंठी फुकालेर केटोलाई दिएर भन्यो । मेरो चिनोस्वरूप यो औंठी लिइराख्नु, मौकामा काम आउला । केटोलाई औंठी हीराको हो भन्ने थाहा थिएन । औंठी आफ्नो औंलामा नमिल्ने भएकोले सानो कपडाको टुक्रामा पोको पारी घाँटीमा जन्तरझैं झुण्ड्याइराख्यो ।



Downloaded from http://www.dhamma.digital

केटो भेंडाहरू लिएर बेलुकी घर फर्कदा साहुले सँधैभैं भेंडाहरू गनेर हेऱ्यो। एउटा भेंडा नपुग भएकोमा रिसाएर साहुले भन्यो- "हराएको भेंडा खोजेर ल्याएस्। भेंडा भेट्टाउन सकिनस् भने तँ पनि घरमा नपसेस्।"

केटोले दिनभरि केही खाएको थिएन। अँध्यारो भईसकेकोले भेंडा भेट्टिने आशा धेरै कम भए पनि ऊ जङ्गलतिर लाग्यो।

रात परेकोले जङ्गलमा भेंडो खोज्न त परै जावस्, एक्लै हिंड्न पनि डरलाग्दो भएर आयो। रात बिताउन लायकको ठाउँ खोज्दाखोज्दै ऊ एउटा झुप्रोनिर आइपुग्यो। उसले एकछिन ढोका ढक्ढक्याएपछि त्यो खुलियो।

केटोमा जति कोमलता थियो, ढोका खोल्न आउने व्यक्ति त्यतिनै कठोर देखिन्थ्यो। विशेष कारण नभएदेखि केटो शायद उसित नबोलिकनै आफ्नो बाटो लाग्थ्यो होला। उसका बलिया देखिने हात खुट्टाले उसको शक्ति झल्काइरहेको थियो भने उसको डरलाग्दो अनुहारबाट ऊ निर्मम पनि छ भन्ने अड्कल लगाउन सकिन्थ्यो। अहिले, उसको शान्ति भङ्ग पार्न आएकोमा ऊ अलि रिसाएको थियो।

"एक रातको लागि बास पाइएला कि भनेर ..." - केटोले मसिनो स्वरमा भन्यो।

केटोको कोमल बचनले ढोका खोल्न आउने व्यक्तिको अनुहार मा देखेको रीस शान्त भयो। उसले केटोलाई भित्र लगी एकछिन कुराकानि गऱ्यो र पछि खानेकुरा ख्वाई सुतायो।



Downloaded from http://www.dhamma.digital

भोलिपल्ट बिहान त्यो व्यक्ति केटोसँगै शहर गयो । बजारको एउटा पसलमा ग्राहकहरू थुप्रै थिए । उसले केटोलाई भन्यो- "तिमी त्यो पसलमा गएर साहुले नदेख्ने गरी एक थान कपडा लिएर आऊ, म यहीँ बसिराख्छु ।"

केटोलाई शुरूदेखिनै त्यो व्यक्ति बदमाश हो भन्ने शंका थियो । अब उसको कामधन्दाको बारेमा पनि थाहा भयो । उसले भन्यो- "काका, म ल्याउन सक्दिन ।"

"मैले तँलाई ख्वाएर घरमा सुताएको त्यसै होइन । मेरो काममा सघाइनस् भने म तँलाई कुट्छु ।" उसले यसरी हप्काएपछि केटो डरले "हुन्छ" भनेर त गयो तर पसल अगाडि पुगेर भित्र नपसी अन्तै भाग्यो । त्यस मान्छेले केटोलाई बल्लबल्ल खोजेर घर ल्यायो । ४-५ थप्पड लगाएर केही नख्वाई घरमै थुनिराख्यो ।

अर्को दिन बेलुका केटोलाई लिई त्यो मान्छे फेरि शहरको बाहिरपट्टिको इलाकामा पुग्यो । रात परेपछि उसले महलजस्तो एउटा घरको भित्ता फोड्न थाल्यो । केटो पस्न सक्ने जतिको प्वाल बनेपछि उसले केटोलाई भन्यो- "तिमी भित्रपसी धन बटुलेर ल्याउ, म यहाँ कुरिराख्छु ।"

केटो प्वालबाट भित्र छिरेर खोपिमा पुग्दा साहु मस्त निन्द्रामा थियो । उसले साहुलाई उठाएर स्थितिको जानकारी दियो । साहु "चोरलाई कुट्छु" भनी एउटा लामो लठ्ठी लिई अँध्यारोमै बाहिर निस्क्यो ।



Downloaded from http://www.dhamma.digital

एकछिनको झगडा पछि चोरले साहुको पेटमा छुरा रोपिदियो दिशा पहिल्याउँदै भाग्न खोज्यो। तर मूल सडकसम्म आउन नपाउँदै अनि ऊ अनजान साहुका नोकरहरूले उसलाई समात्यो। रगत धेरै बगेकोले बेहोश भै ढलिराखेको साहुलाई अस्पताल पुऱ्याइए। पछि केटोलाई पनि चोर होकि भन्ने शंकाले जीउ छामेर हेर्दा उसले जन्तर बनाई लगाइराखेको हीराको औंठी देखे। "यस्तो महँगो औंठी छातिमा झुण्ड्याइराख्ने यो पनि चोरै हुनुपर्छ" भनी उसलाई पनि चोरसँगै अञ्चलाधिशलाई बुझाइ दिए।

अञ्चलाधिश त केटोले जङ्गलमा भेट्ने उही बटुवा पो रहेछन्। दुबैले एक अर्कालाई चिने। केटो कसरी चोरको हातमा पऱ्यो बुझ्नलाई उसले उसलाई पनि चोर थुनिराखेकै कोठामा राखिदिए र आफु बाहिर लुकी उनीहरूले गरेका कुराहरू सुनिर ाखे।

चोर– "मोरो, तँ भित्र पसेर के गरिस्? तँलै नै साहुलाई सबै पोल खोलिदिइस् हैन?"

अञ्चलाधिशलाई देखिसकेपछि केटोमा अलि स्फूर्ति आइसकेको थियो। उसले भन्यो– "मैले तपाईंलाई पहिल्यै त्यस्तो काम गर्दिन" भनेको थिएँ। मलाई जबर्जस्ती भित्र हुलःयाइदिनु भयो।

अञ्चलाधिशले केटोलाई तर्साएर चोर्न लगाएको हो, ऊ आफ्नै खुशीले चोर्न गएको होइन भन्ने थाहा पायो। त्यस रात उनी उनीहरूलाई केही नभनी आफ्नो घर फर्के।



Downloaded from http://www.dhamma.digital

भोलिपल्ट बिहानसम्ममा साहुको पनि होश फर्किसकेको थियो। साहुले आफ्नो बयानमा चोरले भित्ता फोड़ी केटोलाई भित्र पसाइदिएको तर केटो भित्र आई उसलाई सबै कुरा बताइदिएको र वास्तवमा ऊ चोर नभएको व्यहोरा सुनायो। अञ्चलाधिशले पनि साहुलाई आफूले केटोलाई जङ्गलमा भेटिसकेको कुरा सुनाउँदै उसको इमान्दारीताबाट प्रभावित भै मैलेनै त्यो हीराको औंठी दिएको हुँ भने।

आफू कसरी चोरको हातमा पऱ्यो भन्ने कुरा केटोले आफ्नो बयानमा भन्यो।

आफ्नो धनको सुरक्षा गरिदिएकोले टुहुरो केटोलाई आफ्नै घरमा काम दियो र उसको शिक्षादिक्षाको बन्दोबस्त पनि गरिदियो।

★ ★ ★

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# मति सप्र्यो भने आयु पनि लम्बिन्छ

धेरै वर्ष पहिले एउटा गुरूकुलमा एक गुरु थियो । उसले ज्योतिष-विद्याद्वारा को कतिसम्म बाँच्छ भन्न सक्दथ्यो ।

एकदिन उसले गुरूकुलमा भएका शिष्यहरूमध्ये एकजनाको आयु कर्म ७ दिनमात्रै बाँकि रहेको थाहा पायो । केटोले गुरूकुलमै प्राण त्याग गऱ्यो भने अरूले नराम्रो सोच्लान् भनी उसले केटोलाई बोलाएर भन्यो- "बाबु, तिम्रा आमा बाबुले, तिमीलाई छिटो घर पठाईदिनुस् भनी पत्र पठाउनु भएको छ । बिलम्ब नगरी भोलि नै तिमी घर जाउ ।"

भोलिपल्ट बिहानै गुरूको आदेशानुसार केटो घरतिर हिंड्यो । ४ दिनको बाटो काट्न ऊ आफ्नै धुनमा गइरहेको बेला एक ठाउँमा उसले एकजना ऋषिले भुईमा खसिराखेको फलहरू टिपिरहेको देख्यो । केटोले ऋषिलाई सोध्यो- ऋषिज्यू रूखमा त्यतिका ताजा फलहरू हुँदाहुँदै तपाई किन भुईमा खसिराखेका फलहरू मात्रै टिपिराख्नु भएको ?"

ऋषिले भन्यो- "म अरूले नदिएको नलिने ऋषि हुँ । रूखले खसालिदिएका फलहरू मात्रै खान्छु, रूखबाटै टिपेर खाँदिनँ ।"

"त्यसो भए मैले टिपेर तपाईंलाई दिएँ भने लिनु हुन्छ ?"
"बाबुलेनै टिपी दिए जरूर लिन्छु ।"

केटोले रूखमा चढेर फलहरू टिपी ऋषिको डालोभरि राखिदियो । ऋषिले केटोको भलो होस् । भनी कामना गऱ्यो ।



Downloaded from http://www.dhamma.digital

भोलिपल्ट ऊ एउटा नदीनिर आइपुग्यो । नदी तर्न राखिएको साँघुरो बाँसको पुल झण्डै जीर्ण भइसकेको थियो । एकजना मानिस डराईं-डराईं त्यस पुलबाट गइरहेको थियो । ऊ गइसके पछि केटोले अलि परबाट बाँसहरू ल्याएर पुलको मर्मत गरिदियो ।

तेस्रो दिनमा केटो एक उद्यानमा आइपुग्यो । हरियाली वातावरणमा जङ्गली पशुपन्क्षीहरू रमाइरहेका थिए । यत्रतत्र छरिएका स-साना तलाउहरूले त्यस ठाउँलाई अझै सुन्दर बनाइदिएका थिए । उसले एउटा तलाउमा पानी नपुगेर माछाहरू छटपटिरहेको देख्यो । घण्टौं लगाएर उसले ती माछाहरूलाई पानी धेरै भएको तलाउमा लगेर हालिदियो ।

चौथो दिनमा केटो घर पुग्यो र एक्कासि घर फर्केकोमा उसका आमाबाबुले त्यसको रहस्य सोधे । आफ्ना आमाबाबुले त्यसरी सोधेकोमा छक्क पर्दै उसले उल्टो प्रश्न गर्‍यो- "तपाईंहरूले नै मलाई छिटो घर पठाईदिनुस् भनी गुरूलाई पत्र पठाउनुभएको होइन ?"

आमाबाबुले छोरो फर्किनाको कारण जे भएतापनि त्यत्रो लामो बाटो हिंडेर आएको छोरोलाई घरमा केही दिन राखेर मात्र फेरि गुरूकुल पठाउने विचार गरे । छोरो घरमा आएकोमा उनीहरू खुशी थिए भने छोरोको विद्याध्ययन छुटेकोमा दु:खी पनि ।

१७ दिनसम्म आमाबाबुको सेवा गरेर केटो फेरि गुरूकुलतिर लाग्यो । त्यहाँ पुगेर उसले गुरूलाई नमस्कार गर्‍यो । आफ्नो विद्यानुसार ७ दिन पछि मर्नुपर्ने शिष्य १७ दिनपछि पहिलेभन्दा


Downloaded from http://www.dhamma.digital

मोटाघाटा भएर उभिरहेको देख्दा उसले केही बुझ्न सकेन । केही क्षण टोलाई सकेपछि यथार्थ कुरो बुझ्न उसले शिष्यलाई भएको सबै बृतान्त सुनाउन भन्यो ।

केटोले आफू घर गएको बेला बाटोमा ऋषिलाई रूखबाट फलहरू टिपी दिएको, बिग्रेको पुल मर्मत गरिदिएको र पानी नपुगेर छटपटिरहेका माछाहरूलाई पानी धेरै भएको तलाउमा लगेर राखिदिएको, आमा-बाबुको सेवा गरेको लगायत आफू घर फर्केकोले आमाबाबु छक्क परेको कुरा समेत गुरूलाई सुनायो । गुरूले कर्म कमजोर भैराख्नेले पुण्य-कर्म गरेर फेरि कर्म बलियो पारेको कुरा जान्यो, उसको आयु लम्बिनाको रहस्य बुझ्यो ।

अब मानिसहरूको मृत्यु कति प्रकारबाट हुन सक्छन् भन्ने कुरा एकचोटि जानौं -

मानिसहरूको मृत्यु ४ प्रकारबाट हुन सक्छन्- आयु सिद्धिएर, कर्म सिद्धिएर, आयु र कर्म दुबै सिद्धिएर र अकालले । बलिरहेको तेलको दियोलाई उपमास्वरूप लिन सकिन्छ । बलिरहेको तेलको दियोमा बत्ति मात्रै सिद्धिएर पनि निभ्न सक्दछ र तेल मात्रै सिद्धिएर पनि निभ्न सक्दछ । त्यस्तै, बत्ति र तेल दुबै सकिएर पनि दियो निभ्न सक्दछ र बत्ति र तेल दुबै भैकन पनि हावाले गरेर वा अरू केही वस्तु त्यसमा परेर निभ्न सक्दछ ।

प्रस्तुत कथामा तेल सकिएर निभ्न लागेको दियोमा फेरि तेल थपेर निभ्न नदिए जस्तै पुण्य-कर्मले आयु कर्म लम्ब्याइदियो ।

★ ★ ★


Downloaded from http://www.dhamma.digital

# मति राम्रो नभएकोले गति राम्रो भएन

प्रस्तुत गर्न लागिएको कथा जातकको हो–

धेरै समय अगाडि बोधिसत्वले भाँडाकुँडाहरू बेच्ने व्यापारीको कुलमा जन्म लिए ।

उसँगै व्यापार गरेर हिंड्ने एकजना व्यापारी दुष्ट स्वभावको थियो । एकदिन दुबैजना नीलबाहिनी नदी तरेर व्यापार गर्न गए । गाउँमा पुगेपछि दुबैले छुट्टाछुट्टै बाटो लिए ।

गाउँको एक घरमा एउटी बुढी र उनकी नातिनी बस्दथे । अहिले उनीहरू गरीब र उनीहरूको परिवार सानो भए पनि के ही वर्ष पहिले उनीहरू धनी र उनीहरूको परिवार ठूलो थियो । समयको अन्तरालमा उनीहरूको परिवार नासियो, उनीहरू धनीबाट गरीब बने । अहिले उनीहरूको पुरानो घर ठाउँ-ठाउँमा चुहिएर आज भत्किएला कि भोलि भैसकेको थियो ।

बोधिसत्वको साथी व्यापारी भाँडाकुँडाहरू बोक्दै उनीहरूको घरतिर आइरहेको बज्यै र नातिनीले झ्यालबाट हेरिरहेको थिए । चम्केका नयाँ भाँडाकुँडाहरू देखेपछि नातिनीले ती मध्ये एउटा भाँडो लिने रहरलाई थाम्न सकिनन् ।

"भाँडो किन्नलाई हामीसँग पैसा पुग्दैन ।"

"सानो एउटा भए पनि किनिदिनुस् ।"
"सानोको पनि १ कार्षापण त भन्ला, मसँग त्यति पैसा पनि छैन ।"



Downloaded from http://www.dhamma.digital

बच्चीले पिरोल्नै थालेपछि नयाँ एउटा भाँडोसँग साटेर लिन बज्यैले भित्र कोठाबाट पुरानो थाल लिएर आइन् ।

"यसको सट्टामा कुनै एउटा भाँडो दिनुहुन्छ ?" बज्यैले ब्यापारीसँग सोधिन् ।

ब्यापारीले याललाई कसिमा घोटेर हेऱ्यो । चम्किलो पहेंलो भएर आएको देखपछि उसलाई थाल सुनको हो भन्ने पक्का विश्वास लाग्यो । उसले विचार गऱ्यो- "यदि अहिल्यै भाँडोसँग साटेर लिएँ भने संका लागेर यिनीहरू पछि झगडा गर्न आउन सक्छन् ।" थाल फर्काउँदै उसले भन्यो- "यो पुरानो थालको सट्टामा नयाँ भाँडो दिन मिल्दैन ।"

पहिलो ब्यापारी गएको एकछिन पछि दोश्रो ब्यापारी पनि उनीहरूको घर अगाडि आइपुग्यो ।

"यसले नयाँ भाँडो देला कि एकपटक सोधी हेर्नुस् न बज्यै" नातिनीले पुनः आग्रह गरिन् ।

ब्यापारी सोझो देखिएकोले बज्यैलाई उसँग पनि सोधी हेर्न मन लाग्यो । बज्यैले उसलाई पनि थाल देखाउँदै "यसको बदलामा कुनै एउटा भाँडो दिन मिल्ला कि ?" भनी सोधिन् । ब्यापारीले थाल लिई कसिमा घोटेर हेऱ्यो ।

"बज्यै, यो सुनको थाल हो । यो थालको मोल तिर्न मसँग पैसा पुग्दैन ।" ब्यापारीले तिनीलाई सम्झायो ।



Downloaded from http://www.dhamma.digital

ब्यापारीको कुरा तिनीले बुझ्न सकिनन् । ट्वाल्ल पर्दै बज्यैले भनिन् - "भर्खर यहाँबाट जाने ब्यापारीले यो थालको सट्टामा नयाँ भाँडो दिन मिल्दैन भनी गए, तपाईं यो थाल सुनको हो भन्दै हुनुहुन्छ । तपाईंकै प्रतापले यो सुनको भइदियो होला । त्यसैले, तपाईंलाई जति दिन मन लाग्छ, त्यति दिएर यो थाल तपाईंले नै लानुस् ।"

ब्यापारीले आफूसँग भएको १ हजार कार्षापण (त्यसताकाको मुद्रा) मध्ये नदी तर्नलाई डुङ्गा-भाडा ४ कार्षापण मात्रै आफूसँग राखेर बाँकि धन र भाँडाकुँडाहरू पनि सबै दिई उनीहरूबाट बिदा भए । ब्यापारीको स्वभावबाट प्रभावित बज्यैले उनको सही प्रकृति पनि जानिन् ।

उनीहरूले सबै भाँडाकुँडाहरू थन्क्याई मात्र सकेका थिए, अघिको दुष्ट ब्यापारी फेरि उनीहरूको घरनिर आइपुग्यो । बज्यैलाई बोलाई उसले, "अघिको पुरानो थाल ल्याइदिनुस्, एउटा नयाँ भाँडो दिन्छु" भन्यो ।

"अघि तपाईंले त्यो थालसँग भाँडो साट्न मिल्दैन भनी पन्छ्याएर जानुभयो । अर्को ब्यापारी आई त्यो सुनको हो भनेर १ हजार कार्षापण र ऊसँग भएका सबै भाँडाकुँडाहरू दिई लगिसक्यो ।"

त्यो सुनेर दुष्ट ब्यापारी डाहाले छट्पटिन्दै रगत बमन गरेर त्यहिं प्राण त्याग गऱ्यो । मति राम्रो नभएकोले गति राम्रो भएन ।

★ ★ ★



Downloaded from http://www.dhamma.digital

# विषको विरुवामा पानी दिनु हुँदैन

यो उपदेश बुद्धले किन र कसको लागि भन्नु भएको हो ? एक दिन गौतम बुद्ध बेलुवन बिहारमा बस्नु भएको बेला राजा अजातशत्रुले दुष्ट देवदत्तलाई आफ्नो गुरू मानेर भक्ति गरी हिंडेको ले (अजातशत्रु पनि) नारकीय दुःख भोग गर्न जानु परेको कारणले यो उपदेश दिनु भएको हो ।

भगवान् बुद्धलाई काँढाले बिझेको जत्तिकै दुःख दिई हिंड्ने दुष्ट र पापी भिक्षु देवदत्त प्रति श्रद्धा राखेर राजा अजातशत्रुले देवदत्तले भने जति दान दिएर गयाशिर्ष पर्वतमा विहार बनाएर त्यो पनि दानमा दिए । त्यस्ता देवदत्तको कुरा सुनेर बुद्धलाई विरोध गर्न र प्रहार गर्न धेरै सहायता दिए । उहि दुष्ट गुरू देवदत्तको हाहामा लागेर श्रोतापन्न भैसकेका आफ्नो बुबा धर्मराज बिम्बिसार लाई मारेर पछि आफू नै विनाश भएर बस्नु पर्‍यो । त्यत्ति मात्रै होइन, आफ्नो गुरू देवदत्त जमिन फाटेर नरकमा खसे भन्ने कुरा सुनेर आफूले पनि उसैको कुरा सुनेर आफ्नो बुबालाई मारेको मात्र सम्झेर आफू पनि देवदत्त जस्तै जमिन म्हासिएर जाने पो हो कि भन्ने पीरले राज्य सुख नै भोगन नसक्ने भयो । बसी नसक्नु भयो । सुत्न पनि सकेन । उभिराख्न पनि समर्थ भएन । उसलाइं त जहाँ गए पनि पृथ्वी नै फाटेर गए जस्तो हुन थाल्यो । उसको मनमा त सँधैं अवीचि भन्ने नरकको ज्वाला नै आएर जिउ पोल्न थालेको जस्तो हुन थाल्यो । उसको कानले सँधैं नर्कपालले बोलाएको जस्तो सुन्न थाल्यो । कुटेर पठाएको कुकुर कामे जस्तै उसको मन पनि भय र त्रासले थुरू थुरू काम्न थाल्यो, उसको लागि बुद्ध



Downloaded from http://www.dhamma.digital

बाहेक अरू कोहि शरण र भरोसा रहेन। यस्ता त्राशयुक्त मनलाई शान्त गर्न बुद्ध कहाँ नै जानु पर्छ भनी उसको मनले निर्णय गरे। तैपनि बुद्धलाई दुःख दिन देवदत्तले भने जतिकै सहायता पुऱ्याएको र बुद्धको उपासक आफ्नो बुबालाई पनि आफूले मारि सकेको हुँदा बुद्धकहाँ जाउँ भनी आँट गर्न सकेन। यसरी नै मन ताप र पश्चातापले पोलिराख्यो। त्यतिबेला कार्तिक पूर्णिमाको दिनमा राजगृहमा सबैले बत्ति बाली दीपावली मान्ने रहेछ।

त्यो दिन राजा अजातशत्रु आफ्ना मन्त्रीगणका साथ आफ्नै दरवारको एक फराकिलो चौरमा बसिराखेको थियो। त्यतिकै बेला जीवक बैद्य पनि राजाको सँगै बसिराखेको थियो। गौतम बुद्ध त्यसबेला जीवक वैद्यको आम्रबनमा (आँपको बगैंचामा) बस्नु भएको थियो। जीवक वैद्य बुद्ध प्रति श्रद्धा राख्ने एक बौद्ध उपासक थिए। अनि जीवक वैद्यलाई आफू नजिक बसी राखेको देखी राजा अजातशत्रुले यस्तो कल्पना गरे - "अब म यसै बसी राखेर भएन। मेरो गुरू जमिन फाटेर नरकमा पुगि सके। म पनि त्यसरी नै नरकमा जाने त होला नि। त्यसैले अब म जीवक वैद्यलाई साथमा लिएर भगवान् बुद्ध कहाँ शरण जानु पऱ्यो। तर म बुद्धको शरणमा जान्छु भनी सिधै भन्न पनि लाज लाग्छ। किनकि मैले मूर्ख देवदत्तलाई गुरू मानेर बुद्धलाई धेरै दुःख दिइसकें। बुद्धको एक प्रमुख उपासक आफ्नो बुबा बिम्बिसारलाई पनि मारिसकें त्यसै ले मैले कसरी बुद्धकहाँ जाउँ भन्ने ? बरू कुरो घुमाएर भन्नु पर्ला" भन्ने विचार गरी राजा अजातशत्रुले भन्यो-


Downloaded from http://www.dhamma.digital

"भो मन्त्रीगण ! आजको यो बेलुकिको मौसम खुब रमाइलो छ, खुब राम्रो छ । आकाशमा सबै नक्षत्र पूर्ण छन् (आकाशमा ताराहरू सफासँग चम्किरहेछन्) । यस्तो समयमा कुनै श्रमण वा ब्राह्मणहरू कहाँ गएर धर्मको कुरा सुनी मनमा शान्ति र आनन्द लिन पाए कति राम्रो हुँदो हो ।" भनेर कुरो उठाए ।

राजाले यति भन्नासाथ मन्त्रीहरूले आफ्ना गुरूहरूको बयान गरेर राजालाई आ-आफ्ना गुरूकहाँ लग्ने योजना बनाउन थाले ।

अनि एकजना मन्त्रीले सबभन्दा पहिले पूरण कस्सप भन्ने गुरूको बयान गर्दै भने - "उहाँकहाँ जानु भए तपाईंको मन शान्त होला कि ?" राजाले केहि बोल्नु भएन ।

फेरि अर्को मन्त्रीले आफ्नो गुरू मक्खलि गोसालको बयान गर्दै बिन्ति गरे- "महाराज, उहाँकहाँ जानु भए त तपाईंलाई मनमा शान्ति होला कि ?" राजा अजातशत्रु चुपलागेरै बस्नुभयो ।

फेरी अर्को मन्त्रीले भने- "महाराज, अजित केसकम्बल भन्ने गुरूकहाँ जानु भएमा त हजुरलाई प्रशस्त आराम मिल्ला कि ?" यसो भन्दा पनि राजाले केहि उत्तर दिनु भएन ।

अर्कोले भन्यो- "महाराज, पकुध कच्चायन भन्ने गुरू ठूलो महात्मा हुनुहुन्छ । त्यहाँ जानु भएमा कल्याण हुनेछ ।" यो कुरा सुनेर पनि राजाको अनुहार हँसिलो भएन ।

फेरि अर्कोले बिन्ति गर्‍यो- "तपाईं संजय बेलट्ठिपुत्र भन्ने गुरू कहाँ जानु पर्ला । " तैपनि राजा चुप लागेरै बस्नु भयो ।



Downloaded from http://www.dhamma.digital

फेरी अर्कोले निर्गन्थ नाथ पुत्रको बयान गर्‍यो उसको बयान सुनेर पनि राजाले केहि बोल्नु भएन।

कसको सँगत गरे शान्ति होला भनेर राजा अजातशत्रुले कुरो उठाएको नै जीवकबाट उसको गुरू भगवान् बुद्धको बयान गराउन गराएको थियो। तर जीवक वैद्य चुप लागेरै बसि राख्यो। अरूहरूले आ-आफ्ना गुरुका बयान गरे वैद्यले भने राजाले सोझै मसँग सोधे मात्रै जवाफ दिन्छु नत्र किन भनुं भनेर चुप लागी बसि राख्यो। राजा चाहिं जीवकबाट बुद्धको बयान गर्न लगाऔं र अनि उहाँकहाँ जाउँ भनुँ भन्ने बिचार गरि राखेको थियो। जीवक वैद्यले केहि नबोलेकोले करबरले राजा अजातशत्रुले नै सोध्नु पर्‍यो- "हे जीवक, तिमी किन चुप लागेर बसिराखेको ? अरूहरूले आ-आफ्ना गुरुहरूको बर्णन गरे, के तिम्रो कोहि गुरू छैन र ?"

अनि मात्रै जीवक वैद्य उठेर आफ्नो आम्रवनतर्फ फर्केर बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि भनेर ३ पल्ट वन्दना गरी हात जोडी बिन्ति गरी अरहं आदि बुद्धका ९ गुणहरू, बुद्धले राम्ररी उपदेश गर्नु भएको धर्मका ६ गुणहरू, सुपटिपन्न आदि संघका ९ गुणहरू बयान गरेर उहाँ क्लेशको आगो निभिसकेको बुद्ध कहाँ तपाईं शरण जानु भएमा शान्ति र आनन्द पाउनु हुने छ। उहाँको दर्शनले नै मन हलुँगो हुन्छ। उहाँको धर्म उपदेश र शिक्षाले आनन्द र सुख पाउनु हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ। हाल उहाँ मेरै आम्रवनमा २५० भिक्षुहरू सहित बस्नु भएको छ भनेर बिन्ति चढाए।



Downloaded from http://www.dhamma.digital

वैद्यबाट यति कुरा सुनेर मात्रै राजाको मुख उज्यालो भयो। संतोष प्रकट गऱ्यो। हर्षित भयो। अनि राजाबाट आज्ञा भयो- "जीवक! त्यसो भए अहिले तुरुन्तै उहाँ कहाँ जाऊँ। हात्ति घोडा आदि तैयार गर।"

वैद्यले तुरुन्तै हात्ति, घोडा र महिलाहरूको पल्टन आदि धेरै आरक्षकहरूको बन्दोवस्त मिलाई दिए। हात्ति चढी युप्रै परिवार सहित राजा जीवक वैद्यको आम्रवनमा सवारी भयो।

त्यहाँ २५० भिक्षुहरू निश्चल र निशब्द भएर शान्तपूर्वक बुद्धको धर्म उपदेश सुनिराखेको देखेर राजा आश्चर्य भएर भन्नु भयो- "अहो! यो त हिउँदको शान्त समुद्रमा ठूलो जहाज रोकि राखेको जस्तै छ।" गौतम बुद्ध शान्तपूर्वक बसिराख्नु भएको देखेर राजाको मनमा धेरै आनन्द भएको कुरा प्रकट गर्नुभयो। यतिका मान्छेहरू यसरी चुप लागेर निश्चल भै बसीराखेको मैले कहिल्यै देखेको छैन भन्ने मनमा राखेर श्रद्धा उत्पन्न गरी हात जोडेर एकातिर बस्नु भयो। त्यसपछि राजा अजातशत्रुले भगवान् बुद्धसँग सामान्य फलसूत्रको कुरा सोध्नुभयो। अनि बुद्धले दुइ वटा परिच्छेद सहितको सामान्य फलसूत्र व्याख्या गरेर सुनाउनुभयो। उपदेश सुनेर राजाको मन हलुंगो भयो र हर्षित भएर बुद्धको शरणमा गई वन्दना गरेर बुद्धलाई परिक्रमा गरी आफ्नो दरवार मा फर्कनुभयो।



Downloaded from http://www.dhamma.digital

अनि बुद्धले भिक्षुहरूलाई बोलाएर यसो भन्नुभयो, "भिक्षुहरू, राजा अजातशत्रुले आफ्नो खाल्टो आफैले खने अथवा आफ्नो खुट्टामा आफैले बन्चरो हाने। आफ्नो मार्गफल ज्ञानलाई आफैले नष्ट गरिदियो। दुष्टहरूको संगत गरेकोले अथवा विषको विरूवामा पानी दिएकोले उसको अमुल्य जीवन नाश भयो। कलंकित भयो। यदि राजा अजातशत्रुले राज्यको लोभमा परेर आफ्नो बुबा धर्मराज बिम्बिसारलाई हत्या नगरेकोभए भर्खरै उसलाई सुनाएको सामान्य फलसूत्र कथाको अन्तमा क्लेश रहित भै श्रोतापत्ति मार्गरूपि आँखा खुल्ने थियो। भन्नाको मतलब श्रोतापत्ति मार्गज्ञान उत्पति हुने थियो। तर के गर्ने ? मूर्ख देवदत्तको शरणमा गएर उसको कुरा सुनी आफ्नो बुबा धर्मराज बिम्बिसारलाई मारेको हुनाले जसरी काटिसकेको ताडको रूख फेरि पलाउँदैन त्यसरी नै श्रोतापत्ति मार्गज्ञानले रहित भै दुःखले मुक्त हुन नसक्ने भएर बस्नुपर्‍यो। यसरी विषको विरूवामा पानी दियो भने आफुलाइं पनि हानी हुन्छ, अरूलाई पनि हानी हुन्छ।" यसो भन्नु भएपछि उहाँले पहिले पहिले घटिसकेको आफुले खनेको खाल्टोमा आफै खसेको घटना (कथा) सुनाउनु भयो।

पहिले पहिले बाराणसी देशमा ब्रह्मदत्त राजाले राज्य चलाइ राखेको बेलामा बोधिसत्व एक धनी ब्राह्मण कुलमा जन्म लिएर ठुलो भैसकेपछि तक्षशिलामा दिसापामोक्ष गुरूकहाँ गई सबै विद्यामा पारंगत भएर आई बाराणसी देशको दिसापामोक्ष गुरू भएर ५०० कुमारहरूलाई विद्या सिकाइ राखे। ती विद्यार्थीहरूमा संजीव भन्ने विद्यार्थी कुमार एकजना पनि रहेछ। त्यो कुमारले मरेकोलाई



Downloaded from http://www.dhamma.digital

जिलाउने मन्त्र सिक्यो, तर उसलाई फेरि मार्ने (हताउने) मन्त्र सिकेन । एकदिन उ अरू साथीहरू संगै जंगलमा गएर दाउरा लिन गएको बेलामा त्यहाँ एउटा मरेको बाघ देख्यो । अनि उसले साथीहरूलाई फुर्ति लाएर भन्यो - "साथी हो, मैले मरेकोलाई जिलाउने विद्या सिकि सकें । ऊ त्यो मरेको बाघलाई म फेरि जिलाई दिन सक्छु ।" अनि साथीहरूलाई पत्यार नलागेर सोधे- "मरेकोलाई पनि जिलाउन सकिन्छ र ? हुनै नसक्ने कुरो गरिराख्छ ।"

यो सुनेर संजीवले "लौ, नपत्याए हेर" भनेर बाघको अगाडि बसेर मन्त्र पढ्यो । साथीहरु चुपलागेर हेरिराख्यो । उसले मन्त्र पढ्दा पढ्दैमा बाघ चलमलाउन थाल्ये । त्यति हुनासाथ साथीहरु सबै भागे । संजीवले मन्त्र पढि नै राख्यो । बाघ बाँचेर उठ्नासाथै त्यहि मन्त्र पढ्नेको घाँटी पक्रेर रगत खाई मारिदियो । संजीव त्यहीं मऱ्यो । भएको घटना सबै हेरेर दाउरा लिई अरू विद्यार्थीहरु गुरूकहाँ फर्केर भएको कुरा सबै सुनाए । अनि बोधिसत्व गुरूले दुष्टहरुको उपकार गर्नु नै विनासको मूल कारण हो भन्नु हुँदै विषको विरूवामा पानी दिनु हुँदैन, पानी दिए पछि अवश्यै सप्रने छ, तर पानी दिनु अगाडि बिषको बोट हो कि अमृतको बोट हो भनेर बिचार गरेर मात्रै पानी दिनु पर्दछ, अर्थात् बिचार गरेर मात्रै सहायता र मद्दत दिनु पर्दछ भनेर उपदेश दिनुभयो ।

★ ★ ★



Downloaded from http://www.dhamma.digital

## एउटा रूख अमिलो हुँदैमा वननै अमिलो हुँदैन

धेरैजसो मान्छेहरुको एकजना खराब हुँदैमा सबैलाई नै खराब ठान्ने चलन छ। खराब असल छुट्याउन सक्नेहरु साह्रै कम। कोहि चाहिं एक जना असल हुँदैमा सबैलाई असल ठान्दछन्। साँच्चै भनौं भने यसरी बुद्धि नै नपुऱ्याईकन काम गर्नु वा विश्वास गर्नु नै मुर्खता हो। विवेक विचार नहुने मानिसहरुले आफ्नो जीवनमा बरोबर धोका खाइरहेका छन्। त्यसैले सँधै विचार गर्नुपर्दछ। यो कुरा बुझाउनको लागि म एउटा कथा सुनाउँछु जुन कि हामीले सँधैं सम्झि राख्न योग्य छ।

पहिले पहिलेको कुरा हो। बाराणसी देशमा ब्रम्हदत्त र ाजाले राज्य चलाइराखेको थियो। थुप्रै प्रकारका पीरहरुले गरेर र ाजाको मनमा सन्ताप भइरहेको थियो यसरी पीर र चिन्ताले दिक्क भएर राजा झ्यालमा बसिराखेको बेला एकजना क्लेशबाट मुक्त भैसकेको प्रत्येक बुद्ध हिमालयबाट नूनिलो, अमिलो, पीरो स्वाद लिनको लागि राजदरबारको मुनि भिक्षाटन आईराख्नु भएको थियो। दिक्क भएर झ्यालमा बसिराखेको राजाले उक्त क्लेशरहित प्रत्ये क बुद्धको दर्शन गर्नासाथै राजाको मन हलुंगो भयो र पीर हटेर जीव नै शीतल भयो।

जसरी घामले वा आगोले पोलेको मान्छेले सफा र निर्मल पानी भएको पोखरी देख्दाखेरी आनन्द हुने हो, त्यस्तै क्लेशले गर्दा पीर भैरहेको राजालाई क्लेश रहित उक्त प्रत्येक बुद्धलाई



Downloaded from http://www.dhamma.digital

देख्नासाथ मन शीतल र आनन्द भयो। त्यसैले राजाको मनमा उक्त प्रत्येक बुद्ध उपर श्रद्धा उत्पन्न भयो। यति हुनासाथ राजाले एकजना नोकरलाई पठाएर प्रत्येक बुद्धलाई निमन्त्रणा गर्न पठाए। निमन्त्रणा स्वीकार गरेर उहाँ राजाको दरबारमा पाल्नु भयो।

अनि राजाले आफूलाई भनेर ल्याइराखेको भोजन प्रत्येक बुद्धलाई दान दियो। प्रत्येक बुद्धले भोजन लिएर दरवारबाट बाहिर निस्कनुभयो र एउटा पाटिमा बसेर भोजन गर्नुभयो।

त्यस पाटिमा लोग्ने स्वास्नी दुईजना माग्नेहरु पनि बसेका रहेछन्। प्रत्येक बुद्धले खाई राख्नुभएको भोजनको बास सुंघेर उनीहरुको मुखमा र्‍याल चुहियो। बसी नसक्नु भएर उनीहरु प्रत्येक बुद्ध कहाँ गएर "हामीलाई पनि त्यो भोजन अलिकति दिनुस्न" भनी माग्न गए। उनीहरु उपर दया लागेर प्रत्येक बुद्धले केही भोजन बाँकी राखिदियो। माग्नेहरुले त्यस्तो राजाको खाना खान पाउँदा कति मीठो छ भन्ने कुराको बयानै गर्न सकेन, खाना साथ जीउ नै जाडोमा मक्कल ताप्नु जस्तै हलुंगो भयो। ती माग्नेहरुले प्रत्येक बुद्धसँग सोधे-

"भन्ते, यो भोजन त साह्रै मीठो छ नि, कहाँबाट पाउनु भएको ?"

प्रत्येक बुद्धले कुरा नलुकाई भन्नुभयो- "दरबारमा बोलाई र ाजा आफैंले दान दिएर पठाएको।" यति भनेर प्रत्येक बुद्ध हिमालय



Downloaded from http://www.dhamma.digital

मै फर्कनु भयो । उहाँ वर्षमा एक पटक मात्रै नुनिलो, अमिलो र पीरो स्वाद लिनको लागि हिमालयबाट तल देशमा झर्ने गर्थ्यो । अरू बेला सँधै हिमालयको गुफा मै बस्ने गर्थ्यो ।

यता ती माग्ने दम्पत्तीहरुलाई राजाको भोजन मात्रै खाउँ खाउँ लागि रह्यो । के गरेमा एक पटक फेरि त्यस्तो राजाको भोजन खान पाउने हो भनी कल्पनामा डुबे । यसरी बिचार गरे "राजाले आफ्नो भोजन सबैलाई दान दिने त पक्कै पनि होइन होला । उही चीवरधारी श्रमण भिक्षुहरुलाई मात्र दिने त होला नि ।"

हामी माग्ने नै भएर राजा कहाँ गएर राजाको भोजन दानमा लिन सक्ने छैनौं । त्यसैले म चाहिं प्रत्येक बुद्धको जस्तै पहेंला वस्त्र लगाई दरवारमा भिक्षा माग्न जान्छु तिमी यहीं बसिराख्नु" भनी स्वास्नी चाहिंलाई पाटि मै छाडेर लोग्ने चाहिं आफू एक्लै पहेंलो वस्त्र लगाएर सरासर दरवारमा गएर भिक्षा माग्न गयो र राजाले पहिलेकै प्रत्येक बुद्ध आउनु भयो होला भन्ठानेर पहिले झैं भक्ति राखेर आफूले खान लागेको भोजन नै दान दिई पठाए ।

अनि राजाको मनमा यस्तो पनि विचार आयो, उहाँ कहाँ बस्नु हुने हो एकपल्ट थाहा पाउन पाए हुन्थ्यो ।" यस्तो विचार गरेर आफ्नो छोरो युवराज र बोधिसत्व मन्त्री दुबैलाई बोलाएर भन्यो- "भो युवराज र मन्त्री ! भर्खर भिक्षाटनमा आउनु भएको उहाँ को हुनुहुन्छ, कहाँ बस्नुहुन्छ, एक पटक हेरेर आउ" भनेर पठाए ।



Downloaded from http://www.dhamma.digital

उनीहरु त्यो भिक्षुको भेषमा माग्न आएको माग्नेको पछि पछि थाहा नपाउने गरी लागे । जब पाटिमा पुग्यो त्यो माग्नेको स्वास्नी चाहिं दौडेर आई लोग्नेको हातमा रहेको पात्र लिन आई । स्वास्नीलाई पात्र सुम्पेर आफू पाटिनिर पुग्नासाथ चीवर (पहेंलोवस्त्र) फुकालेर पाटिमा गई आफ्नो माग्ने लुगा लगाई लोग्ने स्वास्नी दुबैले राजाले दानमा दिएर ल्याएको भोजन खुब मज्जासँग खाए ।

अनि ती पिछा गरेर आइरहेका युवराज र मन्त्री दुबैले यो जम्मै देखेर आश्चर्य भई फर्केर आइराखेको बेला परस्पर कुरा भयो- "अब हामीले राजालाई के भनेर भन्ने ?"

राजकुमारले भन्यो- "ऊ एकजना ठग माग्ने रहेछ भन्ने नि ।"

अनि मन्त्रीले भन्यो- "राजकुमार ! राजालाई सत्य कुरा भन्नु मनासिब हुँदैन । किनकि हाम्रो राजाले कति ठूलो श्रद्धा राखेर आफ्नो खाना नै दान दिनुभयो । पवित्र व्यक्ति भन्ठानेर राजाले असल चेतनाबाट दान दिएकोले उहाँले पुण्य प्राप्त गरि हालिसक्यो । अब गएर हामीले त्यो व्यक्ति पवित्र होइन, फलाना पाटिमा बस्ने भिक्षुको भेष लिएर आएको भने पछि कत्रो श्रद्धाले दान दिएर पुण्य कमाएको र मनमा आनन्द लिइराखेको राजालाई धक्का पर्नेछ, चोट पर्नेछ र श्रद्धा बिग्रने छ । त्यसैले हामीले आफू भूठमा पनि नपर्ने गरी र राजाको मन पनि नबिग्रने गरी कुरो सुनाउनु पर्ला ।" राजकुमार पनि हुन्छ भनेर चूप लागेर बस्यो ।


Downloaded from http://www.dhamma.digital

मन्त्रीले भन्यो- "राजकुमार ! त्यसो भए राजालाई हामीले सल्वाह गरे अनुसार भन्छु, तपाई नबोलिदिनुस् ।" यति भनेर सरासर राजाकहाँ गए ।

अनि राजाले सोधे- "उहाँ महात्मा कहाँ वस्नु हुँदो रहेछ त ?"

मन्त्रीले भने- "महाराज ! हामी उक्त महात्माको पछि पछि लागि रहेको बेला परको एउटा पाटिमा पुगें । त्यस पाटिको नजिकै पुगे पछि उक्त पहेंलो वस्त्र नै गायब भयो । यता पऱ्यो उता पऱ्यो हामीले केही भन्न सकेन ।"

यति सुनेर राजालाई धेरै खुशी लाग्यो र भन्यो- "धन्य ! मेरो भोजन त्यस्ता पवित्र व्यक्तिको हातमा पऱ्यो । तिमीहरु पछि लागेको थाहा पाएर नै उहाँ त्यहिं लोप हुनु भयो होला । मेरो भोजन असल ठाउँमा परेछ ।" राजा धेरै खुशी र आनन्द भैरहेको बेला अकस्मात् उनी बिरामी भई परलोक भयो । अन्तिम अवस्यामा पवित्र व्यक्तिलाई दान दिन पाएँ भनी हर्षले गद्गद् भई त्यहि चेतनाले मरेकोले उनलाई सुगति प्राप्त भयो ।

बाबु परलोक भएपछि छोरो चाहिं राजा भयो । केहि बर्ष पछि फेरी साँच्चैको पवित्र प्रत्येक बुद्ध पहिलेको जस्तै राजदरबारमा भिक्षाटन आउनु भयो ।

छोरो चाहिं राजाले देख्नासाथ त्यो मागने फेरि भिक्षुको भेषमा आएर ठग्न आएछ भन्ठाने, एउटा रूख अमिलो हुँदैमा जङ्गलै



Downloaded from http://www.dhamma.digital

अमिलो हुन्छ भन्ठाने, एक जना पहेंलो वस्त्र धारण गर्ने ठग देख्दै मा सबै पहेंलो वस्त्रधारीहरु ठग नै हुन्छन् भन्ठाने । त्यसैले उसले "उ त्यो भिक्षा माग्न आइराखेको ठगलाई मर्ने गरि कुटेर पठाइदे उ" भनेर हुकुम भयो । राजाको आज्ञा सुन्नासाथ कर्मचारीहरुले गएर उहाँलाई खूब कुटे ।

राजाले दरबारमा बसी हेरिराख्यो । प्रत्येक बुद्धले दुई चार पटक हानेको सही नै राख्यो । पछि उहाँलाई धेरै तकलिफ भयो । ज्यानै जाला जस्तो भयो । अनि प्रत्येक बुद्धले "यहाँ यसरी बसेर भएन" भन्ने बिचार गरेर आफ्नो समाधिको शक्तिबाट ऋद्धि उत्पन्न गरेर आकाशबाट उडेर हिमालय तर्फ जानु भयो र राजाले हेरी नै राख्यो । उहाँ ऋद्धिबलले उडेर जानु भएको देखेर आफूले विवेक बुद्धि नलगाई एउटा रूख अमिलो हुँदैमा जङ्गलै अमिलो हुन्छ भन्ठानेर एक जना नक्कली चीवरधारी भिक्षु देख्दैमा सबै नक्कली नै हुन्छन् भन्ठानेर कुट्न लगाएको त त्यत्रो ठूलो महापुरूष प्रति अपराध पो गर्न पुगें भनी राजाको मनमा ठूलो अशान्ति र दाह भयो । पश्चातापको आगोले पोलेर राजा उहि दिन मऱ्यो र दुर्गतिमा गएर धेरै दु:ख भोग गर्न जानु पऱ्यो ।

त्यसैले एकजना खराब हुँदैमा सबैलाई खराब सम्झनु हुँदैन । फेरि एक जना असल हुँदैमा सबैलाई असल सम्झनु हुँदैन । त्यसैले विवेक बुद्धि पुऱ्याई काम गर्नु पर्छ भन्ने अर्थमा एउटा रूख अमिलो हुँदैमा जङ्गलै अमिलो ठान्न हुँन्दैन भन्ने उखान बन्न गएको हो ।

★ ★ ★



Downloaded from http://www.dhamma.digital

# ठूलोपन देखाउनु हुँदैन

ठूलोपन देखाउनु हुन्न रे ! किनकि पछि ठूलो दुःख भोग्नु पर्ला । ठूलोपन देखाउनु भन्नु नै नजान्नेहरुले केहि जानेमा, नहुनेहरुसँग केही पैसा र घर भएमा हुने अभिमान हो । तर यो सबैलाई हुने त होइन । होश नहुनेहरु, खराब विचार हुनेहरु र बुद्धिहीनहरु सँग मात्रै ठूलोपना देखापर्दछ । त्यसैले हामीकहाँ एउटा अर्को उखान पनि छ- नमच्चिने पिङ्को सय झड्को । साँच्चै विवेक बुद्धि हुनेहरु अभिमानले गमक्क हुँदैन । नमच्चिले पिङ्ले झड्का खुवाए जस्तै ठूलो हुँदैमा केहि गर्न सक्दैन । त्यसैले धन बढ्दै गए पनि विवेक बुद्धि भएमा ठुलोपना आउँदैन । बडाईपना देखाउनु नै पतनको कारण हो । यो कुरा बुझाउनलाई एउटा कथा अगाडि राख्छु-

पहिले पहिले विदेह राष्ट्रको मिथिलामा विदेह भन्ने राजाले राज्य चलाइराखेको थियो । त्यसबेला बोधिसत्वले उही विदेह राजाको अग्रमहारानीको कोखमा जन्म लिए । ठूलो भैसकेपछि त्यो राजकुमार दिसापामोक्ष गुरूकहाँ गई धेरै शास्त्र विद्यामा पारंगत भै आफ्नो देशमा विदेह राजा भए । राजा भएता पनि कुनै कुनै दिन चार आठ घोडे बग्गीमा बसी देशमा घुम्न आउने गर्थ्यो । देशवासीहरुले धेरै भक्तिभावका साथ स्वागत सत्कार गरेर उत्सव मनाउने गर्दथे । त्यतिबेला विदेह देशको एक जङ्गलमा थुप्रै स्वर्णहंस (सुनका हाँसहरु) बस्थे । त्यहाँ बस्ने स्वर्णहंसराजको आफ्नै स्वर्णहंसनी स्वास्नी र दुइटा छोरा हुँदा हुँदै पनि देश (शहर) मा बस्ने एउटी कागसँग


Downloaded from http://www.dhamma.digital

प्रेम र संभोग गरेर काग जस्तो पनि नदेखिने हंसराज जस्तो पनि नदेखिने एउटा खच्चर छोरो जन्मेछ । त्यसलाई बिनिलक भन्ने नामाकरण गरे । त्यो सुवर्ण राजहँस त्यहि काग पत्तिबाट जन्मेको खच्चर बिनिलकको मायाले गर्दा बरोबर शहरमा जाने गर्दथ्यो । यसरी बुबा हंसराज बरोबर शहरमा जाने थाहा पाएर हाँसका छोराहरुले भने– "बुबा ! किन तपाई बरोबर मान्छेहरु धेरै भएको शहरमा जानु हुन्छ ? चाहिँदै नचाहिकन त्यसरी बरोबर जानु हुँदैन । साह्रै खराब मान्छेहरु पनि हुन्छन् । ती खराब मान्छेहरुले देखेमा तपाईलाई पनि दुःख दिनेछन् ।"

छोराहरुले रोके पछि बाबु चाहिं सुवर्ण हँसलाई अप्ठ्यारो परेको हुनाले आफ्नो मनको कुरा पोखे– "हो शहरमा बस्ने एउटी कागसँग मैले सहवास गरें । उसबाट एउटा छोरो पाएँ । उही छोरो को मायाले म बरोबर शहर जाने गर्दछु ।"

Dhamma.Digital

अनि छोराहरुले भने– "त्यसो भए तपाईको त्यो काग–पुत्र यहिं ल्याइदिनेछौं । ऊ कहाँ छ, ठाउँ मात्रै भनि दिनुस् ।" ठेगाना सोधी बाबुको सुरक्षाको लागि र इच्छापूर्तिका लागि काग कान्छीआमा र छोरो भएको ठाउँमा गई काग कान्छी आमासँग काग भाइलाई मागेर एउटा फराकिलो बाँसको फल्याक ल्याई त्यसमा बिनिलकलाई बसाली सुवर्णहँस दुई दाजु भाइले बाँसको दुबै तर्फ पक्री सरासर आकाश मार्गबाट उडेर आइराखेको बेलामा उनीहरु देशको माथि पुगे ।



Downloaded from http://www.dhamma.digital

त्यतिकै बेला मिथिला देशको विदेह राजा पनि सेतो घोडाले तानेको रथमा बसी उत्सव गरी आइराखेको त्यो कागले देखेछ। अनि उसको मनमा अभिमान उठेछ। अनि उसले भने- "भो विदेह राजा, तिमी र ममा केही फरक छैन। म पनि भाग्यमानी छु, तिमी पनि भाग्यमानी छौ। तिमी सेतो घोडाले तानेको बग्गीमा बसेर जमीनको मार्गबाट जाँदैछौ, म सुवर्ण हँसराजहरुले तान्न लगाई आकाशको मार्गबाट आउँदै छु।" यसरी कागले अभिमान गरेको देखेर हँसराजहरुलाई रिस उठ्यो। त्यहि बाटो मै खसाली देउँ कि भन्ने पनि मनमा उठ्यो। तैपनि बुबाको इच्छा पूरा गर्ने बचनले गर्दा सहेर बोकेर ल्याई बुबाको अगाडि राखेर त्यो खच्चर कागले बाटोमा फुर्ति गरेको बुबा चाहिंलाई सुनाए।

यो कुरा सुनेर बुबा हँसराजलाई धेरै चित्त दुखेछ। मेरो आफ्नै भूलले गरेर सानोजातको कागसँग सहवास गरि सकें। त्यसैले यो सानो जातको कागले मेरो हँसजातका छोराहरुलाई नोकर जस्तै गरेर अपमान गऱ्यो। यो ठूलो बन्न खोज्ने कुबुद्धिलाई ठूलो बनाउनु हुँदैन भन्ने बिचार गरी हँस छोराहरुलाई भने- "लौ छोराहरु, यो ठूलापन देखाउनु पर्ने कागको बच्चालाई यहाँ राखेर ठिक हुँदैन। तिमीहरु गएर यो कागलाई फेरि यसको आमा कहाँ नै राख्न लग।" भनी पठाए। कागको बच्चा कागै रह्यो। हँसराजहरुको समुहमा बस्न पाएन। ठूलोपन देखाएमा त्यो ठूलो ठाउँबाट खस्नेछ। त्यसैले ठूलोपन देखाउनु हुँदैन।

★ ★ ★



Downloaded from http://www.dhamma.digital

# कंजुस बन्नु हुँदैन

कंजुस बन्नु पनि एउटा विनाशको कारण हो । कंजुस बन्नु भन्नु नै आफूलाई खानेकुरा वा अरू कुनै कुरा प्राप्त हुँदा खेरी अरूलाई पनि बाँड्नु पर्ला भनेर बाँडेर दिन र ख्वाउन नपर्ने उपाय गर्नुलाई नै कंजुस बन्नु भनिन्छ । त्यति मात्रै होइन, लेखपढ गर्न नजाने सम्म आमा, बाबु, दाइ, दिदी, गुरू साथीहरुको सहायता लिएर पढी, पास गरी सकेपछि काम गरेर पैसा कमाए पछि पहिले आफूलाई गुण गर्नेहरुलाई ख्वाउनु पर्ला भनेर अलग्गै बस्न जानु, निहुँ खोजेर झगडा गर्ने थी पनि कंजुसी कै लक्षण हुन् । यसरी कंजुस हुनाले जीवनमा आफूले नै धोका खानु पर्ला, आफैलाई नै हानी हुन्छ भन्ने कुरा बुझाउनको लागि पहिले घटिसकेको एउटा कथा सुनाउँछु -

Dhamma.Digital

पहिले पहिले बाराणसी देशमा ब्रम्हदत्त राजाले राज्य चलाई राखेको बेलामा बोधिसत्व एउटा जङ्गलमा बृक्ष देवता भएर जन्मनु भयो । त्यति बेला एउटा गाउँमा माछा मारेर जीविका चलाई राख्नेहरु पनि बस्दथे । त्यहाँ जसले माछा मारेर ल्याएपनि सबैले बाँडिचुँडि खाने चलन थियो । एकदिन एउटा कंजुसले माछा मार्न गयो । जाल नदीमा फाल्नासाथ तलसम्म गई एउटा रूखको हाँगामा अड्किनाले तानेर तानि नसक्नु भएछ । अनि त्यो कंजुसले विचार गरेछ, पक्कै पनि जालमा ठूलै माछा परेछ । यो माछा गाउँमा



Downloaded from http://www.dhamma.digital

लगेमा अरूलाई पनि बाँड्नु पर्ला किनकि अरूहरुको पालोमा पनि मैले बाँडेर लिई खाइसकें । अब यो ठूलो माछा सबैलाई बाँडेर ख्वाउन नपर्ने गर्नलाई के उपाय गर्नुपर्ला, भनेर उसले विचार गऱ्यो ।

अनि संगै आएको छोरोलाई बोलाएर भन्यो- "हेर छोरा, तँ चाँडै दौडेर घर गई आमालाई भनि देउ कि हामीले एउटा ठूलो माछा पाउने भो ! त्यसैले त्यो माछा घर ल्याउँदा अरूलाई बाँडेर ख्वाउनु नपर्ने गर्नलाई तेरो आमालाई गाउँका सबैसँग झगडा गरेर हाम्रो घरमा कोहि पनि आउन मन नपराउने र हामीसँग बोल्न आउन मन नपराउने गरीराख भनि देउ ।" यसो भनेर छोरोलाई घर पठाए ।

स्वास्नी चाहिं पनि कोहिभन्दा कम्ति थिएन । साँच्चै उनी त लोग्नेले भने जस्तै गाउँलेहरुको घर घरमा गई भए नभएको निहुँ खोजेर गाउँलेहरूसँग झगडा गरी बोल्न नपर्ने बनाइदियो । हुँदै नभएको कुरो लाएर चोर आदि ठहऱ्याई अरूसँग झगडा गरिरहेको देखेर गाउँको मुखियाले उनलाई दण्ड स्वरूप थुनिदियो ।

उता लोग्ने चाहिं ठूलो माछा पऱ्यो भनेर जाल तान्दा तान्दै नदी मै खसेर त्यहिं रूखमा ठक्कर खाई आँखा गुमाई अन्धो भएर त्यहिं बसी रोइराखे ।



Downloaded from http://www.dhamma.digital

छोरो चाहिं आफ्नो आमा आपत्तिमा परेको कुरा सुनाउन भनेर बाबुचाहिं कहाँ आउँदा खेरी बाबुको दु:ख र आपत देखेर दौडेर गइ गाउँलेहरुसँग गुहार माग्न गयो । तर के गर्ने ? कंजुस बनेर अरूलाई पनि बाँडि दिनु पर्ला भनेर सबैसँग झगडा गरी सबैलाई शत्रु बनाई राखि सक्यो । कहाँ को गुहार ? त्यो कंजुस नदीमै त्यसै मर्‍यो । त्यसैले आफूसँग भएको कुरा आफै मात्रै खान्छु भनेर लोभी बन्यो भने यसरी नै दु:ख हुन्छ । उखान पनि छ कि एक हातले तालि बज्दैन । त्यसैले कन्जुस भई आफ्नो दिने पालोमा झगडा गर्नु हुँदैन । झगडा गर्‍यो भने आफ्नो विनास हुनेछ ।

★★★


Downloaded from http://www.dhamma.digital

# स्वार्थी बन्नु हुँदैन

मानिसहरु बढी स्वार्थी बन्नु हुँदैन । स्वार्थ पुरा गर्न खोजेमा एकातिरबाट नाफा भए जस्तो देखिएता पनि अर्को तिरबाट नाश गराएर बस्नु पर्ने हुन सक्छ । त्यसैले स्वार्थ पुरा गर्नमा मात्रै पनि लाग्नु हुँदैन । आफ्नो स्वार्थमात्रै पुरा गर्न खोजेमा के हुन सक्छ भन्ने बुझाउन पहिले घटिसकेको एक कथा प्रस्तुत गर्दछु-

एकादेशमा एक जना धेरै धनाद्य साहु थियो । उसका दुइ जना छोरा थिए । उसका छोराहरु दुई जना दुईतै स्वभाव र तालका रहेछन् । जेठो छोरो खुब दयावान् र धर्मात्मा थियो । कान्छो चाहिं खुब निर्दयी र स्वार्थी थियो । छोराहरु दुई जना दुईतै स्वभावका हुनाले बाबु चहिंलाई आफू मरिसके पछि आफ्नो धन सम्पत्ति एकजनाले मात्रै छल गरेर लेला भन्ने पीर र चिन्ता थियो । त्यसैले जे चीज किने पनि दुई दुईटा किन्ने गर्दथ्यो, पछि गएर स्वार्थी कान्छो भाईले राम्रो चाहिन्छ भन्ने ठाउँ नपाउने गरी, कसैले बढी लिन नपाउने गरी सकेसम्म मिलाएर आमा बाबु दुबै परलोक भए । छोरा दुई जना मात्रै बाँकि रह्यो ।

आमा बाबु परलोक भैसके पछि जेठाले स्वार्थी भाईलाई चित्त बुझाउनै सकेन, त्यसरी चित्त बुझाउन नसकिने भएपछि दाजुले भाइलाई भन्यो- "भाइ, तिमीलाई मैले चित्त बुझाउन सक्दिन । म अलग्ग बस्छु, स्वार्थीहरुलाई जत्ति दिए पनि चित्त बुझ्दैन । मलाई पनि परिवार पाल्नु छ ।" भनेर अलगै बस्न गयो । भएको धन



Downloaded from http://www.dhamma.digital

सम्पत्ति, घर, जग्गा आदि सबै बाँडे । गाउँ गाउँमा दिइ राखेको ऋणको पैसा मात्रै बाँकि रह्यो । त्यसैले हामी दुबै मिलेर एकपटक बुबाले ऋणमा दिइराखेको पैसा उठाउन जाऔं । तिर्न सक्नेहरुले सकेसम्म साँवा समेत दिएर त्याउने छन् नसक्नेहरुले ब्याज मात्र भए पनि तिर्नेछन् । अनि उठाउन बाँकि जम्मै बाँडेर आउँला । तिम्रो भागमा परेको तिमी नै लिन जाउ । मेरो भागको मै लिन जान्छु । अहिले एक चोटिलाई हामी सँगै जाऔं भनेर दाजु भाइ दुबै हिंडे । गाउँ गाउँमा डुलेर पैसा उठाई दाजु चाहिंको रूमालमा पोको पारे । घर पुगे पछि बाँडेर लिउँला भनेर दाजु चाहिं धुक्क बसे । बाटामा खानलाई भनेर गाउँमा बस्ने नाता कुटुम्बहरुले उनीहरुलाई खाना पनि दिएर पठाए । अनि दुबै दाजुभाई एउटा नदीको किनारमा पुगे । उनीहरुको घर जान डुङ्गामा बसेर नदि तर्नु पर्ने रहेछ । डुङ्गा थिएन । डुङ्गा नल्याए सम्मन् खाना खान सिध्याऔं भनेर खानाको पोको फुकालेर दुबैले खाए । तर भाइ चाहिंले खाना निल्नै सकेन । उसको मनमा एउटै चिन्ता थियो- "कसरी त्यो दाजुले त्याएको धनको पोको आफु एक्लैको हातमा पार्न सकिएला । दाजुले दिंदा त आधी आधी मात्रै दिनेछ । धन सबै आफ्नो गर्नलाई के उपाय गर्नु पर्ला ?" भनेर योजना बनाइ राख्यो । त्यही मात्रै चिन्ता लिइ राख्यो । त्यसैले उसले "मलाई भोक छैन दाजु" भने यताउता केहि पाइन्छ कि भनेर खोज्न गयो । त्यहाँ एकातिर माटाको घ्याम्पो एउटा फुटेको मिल्काइराखेको देखेर उसले सोच्यो- "अब चाहिं बेस हुने भयो ।" त्यो घ्याम्पोका टुक्राहरुलाई पैसा जस्तै चक्का चक्का बनाई ती जम्मै पैसा पोको पारेको रूमाल जस्तै देखिने अर्को रूमालमा पोको पाऱ्यो । त्यो पोको पनि पैसाको



Downloaded from http://www.dhamma.digital

पोको जत्रो पाऱ्यो । अनि त्यो पोको आफ्नो लुगा भित्र छोपेर ल्यायो । दाजुले केहि चाल पाएन ।

दाजु चाहिंले आफूले खान चाहेको जति खाई सिध्याएर बाँकि कसलाई दिउँ भनेर खोज्दा कोहि माग्नेहरु नदेखेर नदिमा बस्ने माछाहरुलाई खुवाए । अनि यस्तो आशिका गऱ्यो - यो माछाहरुलाई खुवाएको पुण्य यहाँ नजिकै बस्ने देवताहरू प्रमुख सबै मानिसहरूलाई प्राप्त होस्, यसो भनेर पुण्य अनुमोदन गरि राख्यो । पछि डुङ्गा ल्यायो । दाजुभाई दुबै डुङ्गामा बसेर नदि तर्न थाले । नदि तर्दा तर्दै दाजु चाहिंलाई निद्रा लागेछ । भाइलाई चाहिं कहिले आफूसँग भएको घ्याम्पो-टुक्राहरुको पोको राखेर पैसाको पोकोसँग बदल्न पाइएला भन्ने चिन्ताले गर्दा निद्रा लागेन । दाजु चाहिं सुतिराखेको बेलामा घ्याम्पो-टुक्राहरुको पोको बिस्तारै निकालेर पैसाको पोको सँगै राख्यो । तर दाजु ब्यूंझने पो हो कि भन्ने डरले दाजुको अनुहार हेरी हेरी पैसाको पोको भनेर लिएको त उहि आफूले राखेको घ्याम्पो-टुक्राहरुको पोको नै लिएर आफ्नो लुगाको पोकोमा लुकाए । उसलाई हर्ष लाग्यो । "पैसाको पोको मेरो लुगाको पोको भित्र हाली हालें । टुक्राटाक्रिको पोको दाजुको अगाडि छँदैछ । दाजुले हेर्दा घ्याम्पोका टुक्राहरुमात्र देख्यो भने मलाई नै शंका गरेर मेरो लुगाको पोको फुकालेर हेर्नेछ । त्यसैले त्यो टुक्रा टाक्रि भएको पोको पानीमा खसालि दिनु पऱ्यो।" भनेर डुङ्गा अलि ढल्केको बेलामा त्यो पोको खसालि दियो। अनि उ चिल्लाएर दाजुलाई उठाइकन भन्यो- हेर्नोस् दाइ ! पैसाको पोको खस्यो ।" दाजुले पानीमा हेर्दा पैसाको पोको देख्यो । तैपनि



Downloaded from http://www.dhamma.digital

पानीमा ओर्लेर पोको लिन जान सक्ने होइन। अनि भाई चाहिंलाई भन्यो- "भाइ, त्यो पैसा हाम्रो रहेन र खस्यो। भएको भई हाल्यो। मनमा पीर नलेउ।" भनेर धैर्य गरेर भनि राख्यो।

भाइचाहिंले बाहिरबाट मात्रै चित्त दुखेको जस्तो अनुहार बनाई राख्यो। भित्रबाट चाहिं दाजुलाई छलेर पैसाको पोको हातमा पारिसकें भनेर धुक्क भई बसि राख्यो।

आ-आफ्नो घर पुग्यो। भाइचाहिं दाजुलाई छलेर पैसाको पोको हातमा पारें भनी हर्ष भएर स्वास्नीलाई "यो धनको पोको हिफाजत साथ राख्नु" भनेर दियो।

पैसाको पोकोलिने स्वास्नी चाहिंको मन स्थिर रहेन। कतिको पैसा रहेछ, गनेर मात्रै भित्र राखुं भन्ने बिचारले पोको फुकालेर हेर्दा त पैसाको पोको भनेर दिएको त घ्याम्पोका टुक्राहरुको पोको पो रहेछ। अनि हत्त न पत्त गई लोग्ने कहाँ भन्न गईन- "मलाई दिनु भएको कहाँको पैसाको पोको हो र ? त्यसमा त घ्याम्पोका टुक्राहरु पो छन्।"

दाजुलाई छलौं भन्दैमा आफै छलियो। यो कुरा दाजुलाई सुनाउनु पनि भएन। उसको मनमा झन डाह भै राख्यो।

त्यसैले यो कथाले भनिरहेछ कि स्वार्थी बन्नु हुंदैन। स्वार्थी बनेर एकातिरबाट लाभ गर्न खोज्दैमा अर्कोतिरबाट उल्टो आफुलाई नोक्सान गराएर बस्नु पर्ला।

★ ★ ★



Downloaded from http://www.dhamma.digital

# भगवान् बुद्धका बाऱ्ह कर्म विपाकहरू

भगवान् बुद्धले धर्मको परिभाषा सरल रूपमा यसरी दिनु भएको छ-

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा
सचित्त परियोदपनं एतं बुद्धानुसासनं"
*अर्थात्-*
"सबै पापकर्म नगर्नु, असल एवं हितउपकारी
कार्य मात्र गर्नु र आफ्नो चित्तलाई
शुद्ध गर्नु, यही नै बुद्धहरुको शिक्षा हो।"

संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्मा) एवं चतुआर्य सत्य (दुःख, दुःख समुदय सत्य, दुःखि निरोध सत्य एवं दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्य) लाई भित्री मनले बुझ्न नसकेको कारणले हामी गलत धारणा, गलत सोचाई र गलत विचारमा परी बेहोशी बन्न पुग्छौं। फलस्वरूप राग, द्वेष र मोहको बसमा परी हामीले अरूलाई दुःख हुने, अकुशल कार्य गर्न पुग्छौ। यसका प्रतिफल हामीले दुःखरुपी कर्मफल भोग्न बाध्य भइरहेका हुन्छौ। त्यसैले भगवान् बुद्धले बताउनु भएको शिक्षालाई अध्ययन गरी प्रज्ञा रुपी ज्ञानको आँखाले सम्यक दृष्टि अर्थात् ठीक सोचाईलाई अपनाउन सकेको खण्डमा जन्म मरण चक्रबाट नै मुक्त हुने भाग्य प्राप्त गर्न सक्नेछौं। त्यसको लागि हामीले बुद्ध शिक्षाका तल उल्लेखित ५ वटा खुड्किलाहरु पार गर्न अत्यावश्यक देखिन्छ।



Downloaded from http://www.dhamma.digital

१) **कम्म सकता सम्यक दृष्टि-**

कम्म सकता सम्यक दृष्टि भएको व्यक्तिले कर्म र कर्मफल विषयमा विश्वास गर्छन् । आफूले गरेको राम्रो र नराम्रो कार्यको फल आफैले भोग्नु पर्दछ भन्ने प्राकृतिक नियमलाई भित्री मनले नै बुझी आफूलाई र अरूलाई पनि हीतोपकार हुने कार्य मात्र गर्नेछ ।

२) **ध्यान सम्यक दृष्टि-**

ध्यान सम्यक दृष्टि भएको व्यक्तिले आफ्नो चित्तलाई असल (कुशल) कार्यमा लगाउने र खराब (अकुशल) कार्यबाट टाढा राख्ने अभ्यास गरिरहेको हुन्छ । चित्तको बसमा नगइ चित्तलाई आफ्नो बसमा राख्न सकेमा मात्र शान्ति प्राप्त हुँदो रहेछ भन्ने सत्य तथ्य प्राकृतिक नियमलाई उसले भित्री मनले बुझेको हुन्छ ।

Dhamma.Digital

३) **विपश्यना सम्यक दृष्टि-**

विपश्यना सम्यक दृष्टिको तहमा पुगेको व्यक्तिले क्षण क्षणमा आफ्नो शरीर (रूप) र आफ्नो चित्त (नाम) लाई अलग्ग, अलग्ग छुट्टाएर हेर्न सक्ने क्षमता प्राप्त गरेको हुन्छ ।

४) **मार्ग सम्यक दृष्टि-**

मार्ग सम्यक दृष्टि प्राप्त गरिसकेको व्यक्तिले आफ्नो चित्तबाट क्लेश हटाई लोकोत्तर मार्ग प्राप्त गरेको हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## ५) फल सम्यक दृष्टि-

फल सम्यक दृष्टि प्रात गरिसकेको व्यक्तिले क्लेश नाश गरी लोकोत्तर फल (आध्यात्मिक शान्ति) को रसलाई अनुभव गरिरहेको हुन्छ ।

यसरी आर्य अष्टाङ्गिक मार्गहरु मध्येको प्रथम मार्ग सम्यक दृष्टि जुन व्यक्तिमा विद्यमान हुन्छ, त्यस व्यक्तिले बाँकी रहेका अन्य सातवटा आर्य मार्गहरुलाई स्वतः प्राप्त गरेको हुन्छ । त्यसैले जुन व्यक्तिले माथि उल्लेखित सम्यक दृष्टिको पाँचवटा तहले पारङ्गत हुने सौभाग्य प्राप्त गर्छ, उसले सम्पूर्ण सांसारिक दुःखबाट मुक्ति प्राप्त गरी भाग्यमानी बन्न सक्दछ ।

तर जब सम्म सम्यक दृष्टिबाट अलग्ग रहने छ, तबसम्म हामी भवचक्रमा अल्मलिएर कुशल र अकुशल कर्मफलको भागीदार बन्दै फल भोग्नको लागि बाध्य भई दुःखकष्ट भोगिरहनुपर्ने हुन्छौ । आफूले रोपेको कर्मको फल भोग्ने संयोग मिलिसकेको भए अरहन्त भइसकेका पवित्र निक्लेशी व्यक्तिले समेत त्यस कर्मफल भोग्नु नै पर्ने प्रकृतिको नियम रहेको छ । यसलाई स्वयं बुद्धले समेत पन्छाउन नसकिने रहेछ । उदाहरणको लागि शाक्यमुनि बुद्धले समेत १२ वटा कर्म विपाक भोग्नु भएको प्रमाण यहाँ प्रश्न उत्तरको रूपमा प्रस्तुत गर्न सान्दर्भिक ठानेको छु ।

शाक्यमुनि बुद्धले भोग्नु भएको १२ वटा कर्म विपाक र त्यसका कारणहरु यसरी रहेका छन् -



Downloaded from http://www.dhamma.digital

## प्रश्न नं. १

सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गर्नका लागि अर्थात् बुद्ध हुनका लागि गृहत्याग गर्नु भएपछि उरूवेल वनमा आफ्नो शरीर लाई अति कष्ट हुने गरी छ वर्ष सम्म दुस्कर चर्या गर्नु परेको थियो । कुन कर्म विपाकको कारणले उहाँले यस्तो दुःख भोग्नु परेको होला ?



जोतिपाल ब्राह्मण हुनुभएको जन्ममा बोधिसत्वले वचनद्वारा अपराध गर्नुभएको दृष्य

## उत्तर-

काश्यप बुद्ध बन्नु भएका बोधिसत्वले बुद्ध हुनु अगाडि छ दिन दुष्कर तपस्या गर्नु भएको कुरा ज्योतिपाल (भविष्यमा शाक्य मुनि बुद्ध हुने) बोधिसत्वले सुनेर अज्ञानता बस अभिमान रुपी क्लेश चित्त प्रयोग गरी यसरी बोल्नु भएको थियो-



Downloaded from http://www.dhamma.digital

"छ दिन त के मैले छ वर्ष सम्म पनि तपस्या गर्न सक्छु।" यसरी अभिमान रुपी क्लेश चित्त प्रयोग गर्नुभएको अकुशल कर्मको बीऊले सिद्धार्थ बोधिसत्वको जन्ममा उहाँले छ वर्ष सम्म कठोर दुष्कर चर्या गर्नु भएपछि मात्र बोधिज्ञान प्राप्त गरी शाक्य मुनि बुद्ध बन्न सफल हुनुभएको थियो।



जोतिपाल ब्राह्मण भएको अवस्थामा गरेको वची कर्मको विपाकको कारण सिद्धार्थले ६ वर्ष सम्म दुस्कर चर्या गर्नुपरेको दृष्य

## प्रश्न नं. २

चिञ्चमान नाम गरेकी एक महिलाले नक्कली गर्भवती बनी सभामा विराजमान हुनुभएका शाक्य मुनी बुद्धलाई उनको श्रीमान् हुनुभएको आरोप लगाउन पुगेकी थिइन्। बुद्ध जस्तो निक्लेशी एवं पवित्र व्यक्तिले समेत किन यस प्रकारको निन्दनीय झूठो आरोप खेपी निन्दित हुनु परेको होला ?



Downloaded from http://www.dhamma.digital



नक्कली गर्भवती बनेकी चिञ्चमानले शाक्यमुनी बुद्धलाई उनको श्रीमान् हुनु भएको झूठो आरोप लगाउँदै

उत्तर-

एक समय बोधिसत्व (भविष्यका शाक्य मुनि बुद्ध) मदिरा सेवन गरी बिस्मृति बनेका थिए। त्यही समय उनले पिण्डाचारको लागि पाल्नु भएका एक अरहन्त भिक्षुलाई हेला गर्दै यसरी दुर्वचन प्रयोग गरेका थिए।

"आयो हेर ! शील भ्रष्ट व्यभिचारी !" यसरी एक परिशुद्ध आर्य पुद्गललाई झूठा आरोप लगाउन पुगेको अकुसल एवं निन्दनिय कर्मको फल शाक्यमुनि बुद्ध हुनुभएको पवित्र जीवनमा समेत झूठो आरोप खेपी निन्दित बन्नु परेको थियो।


Downloaded from http://www.dhamma.digital



अरहन्त भिक्षुलाई अपशब्द प्रयोग गर्दै बोधिसत्व भविष्यका शाक्यमुनी बुद्ध

## प्रश्न नं. ३

तिर्थंकरहरुकी शिष्या सुन्दरी परिव्राजिका जेतवन विहार मा दिनहुँ पुगी शाक्यमुनि बुद्धकी श्रीमती हुँ भन्दै लोकको अगाडि झुठो हल्ला प्रचार गर्दै हिंडेकी थिइन् । यसरी पवित्र शाक्यमुनी बुद्ध सुन्दरी परिव्राजिकाको कारणले पनि लोक निन्दित हुन परेको थियो । यो कुन कर्म विपाकको कारण होला ?



मुनाली [illegible] बुद्धलाई कठोर वचन प्रयोग गर्दै



Downloaded from http://www.dhamma.digital

नर-

एक समय मुनालि नामक बोधिसत्व (भविष्यको शाक्य मुनि बुद्ध) ले एकजना प्रत्येक बुद्धलाई "दुराचारी आयो भनी फरूस वाक्य प्रयोग गरेको थियो। यही अकुशल वचन प्रयोग गरेर आएको कर्म विपाकको कारणले उहाँ भगवान् बुद्ध जस्तो पवित्र व्यक्ति हुनु भएपनि कर्म विपाक भोग्ने संयोग जुरेको कारणले गर्दा लोकद्वारा निन्दित हुनुपर्ने फल भोग्नु परेको थियो।

प्रश्न नं. ४

सुन्दरी परिव्राजिकालाई तिर्थकरहरुले हत्या गरी जेतवन विहार प्राङ्गणको खाल्डोमा पुर्न लगाएका थिए। त्यसपछि उनी परिव्राजिकालाई भगवान् बुद्धले हत्या गरी आफ्नो दुराचार कार्य छोप्नका लागि उक्त खाल्डोमा पुरेर लुकाइराखेको हो भनी ती तिर्थकरहरुले भगवान बुद्ध माथि झूठो आरोप लगाएका थिए। यसरी कुन पापको कारणले भगवान् बुद्ध जस्तो शुद्ध, निर्दोष व्यक्तिले पनि यस्तो झूठो लाञ्छना एवं दोषारोपण सहनु परेको ?





Downloaded from http://www.dhamma.digital

उत्तर-

बोधिसत्व (भविष्यको शाक्यमुनि बुद्ध) एक जन्ममा ऋषि प्रव्रज्या हुनु भएको थियो। एकदिन आकाश मार्गबाट उडेर आउनु भएको अर्को ऋषिको शक्ति देखि आफूसंग त्यस्तो शक्ति नभएको कारणले इर्ष्यायुक्त चित्त उत्पन्न भएर उहाँप्रति यसरी झुठो आरोप लगाउनु भएको थियो।

'कसैलाई हत्या गरी भागेको होला।' यसरी निर्दोष ऋषिलाई झुठो आरोप लगाई आएको फलस्वरूप यस जीवनमा उहाँले आफूमाथि आइपरेको झुठो आरोप खेप्न परेको थियो।



[illegible] ऋषिलाई झुठो आरोप लगाउँदै बोधिसत्व

प्रश्न नं. ५

तथागत (शाक्य मुनि बुद्ध) गृद्धकूट पर्वत माथि जानुहुँदा देवदत्तले उहाँलाई हत्या गरी उ बुद्ध बन्ने कुनियत राखी बुद्धलाई ढुंगाले प्रहार गरेको थियो। यसरी भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि अरूको प्रहारलाई थाप्नुपर्ने कुन विपाकको कारण होला ?



Downloaded from http://www.dhamma.digital



देवदत्तले भगवान बुद्धलाई ढुंगा प्रहार गरिरहेको दृश्य

उत्तर-

एक जन्ममा भगवान् बुद्ध हुने बोधिसत्व महाजन कूलमा जन्म लिनुभएको थियो । त्यही जन्ममा उहाँले आफ्नो भाईलाई सम्पत्ति अंश आधा पारेर दिनुपर्ला भनी कुनियत राखी भाइलाई फकाई जंगल भित्र लगी हत्या गरेको थियो यही अकुशल पाप कर्मको विपाकले देवदत्तद्वारा गरेको ढुंगा प्रहारको चोट खेप्न परेको थियो ।



सम्पत्तिको लोभमा परी आफ्नै भाईलाई हत्या गर्दै बोधिसत्व



Downloaded from http://www.dhamma.digital

**प्रश्न नं. ६**

देवदत्तले भगवान् बुद्धलाई ढुंगा प्रहार गर्दा त्यस ढुंगाको टुक्रा उछिट्टिएर आई भगवान् बुद्धको खुट्टाको बुढी औंलामा परेर उक्त औंलामा रगत जमेको थियो । भगवान् बुद्धको यो कुन जन्मको अकुशल कर्म विपाक होला ?



देवदत्तले भगवान बुद्धलाई ढुङ्गा प्रहार गरि हत्या गर्ने प्रयास गरिरहेको दृष्य

**उत्तर-**

एक समय भगवान् बुद्ध हुने बोधिसत्व महाजन कोखमा जन्मेको थियो । उक्त जन्ममा उहाँले प्रत्येक बुद्धलाई रगत बग्ने गरी ईटाले हानेको थियो । त्यही कुकर्मको फल भोग्दै शाक्य मुनी बुद्ध हुनु भएपछि पनि देवदत्तको ढुंगा प्रहारले रगत जम्ने गरी चोट सहनुपरेको थियो ।



Downloaded from http://www.dhamma.digital



बोधिसत्वले प्रत्येक बुद्धलाई ढुङ्गाले प्रहार गरिरहेको दृश्य

**प्रश्न नं. ७**

रक्सी पिलाएर जिस्काइएको कारणले रिसाउँदै रीसले चूर भएर मात्तिएको नालागिरि हात्तीले भगवान् बुद्धलाई लखेटेको थियो। यो कुन जन्मको अकुशल कर्मको विपाक होला ?




नालागिरि हात्तीले भगवान बुद्धलाई लखेटेको दृश्य



Downloaded from http://www.dhamma.digital

## उत्तर-

एक जन्ममा बोधिसत्व माउटे कोखमा जन्मेको थियो। उक्त जन्ममा बोधिसत्वले एकजना प्रत्येक बुद्ध आइरहनु भएको देखी उहाँलाई हात्तीले लखेट्न लगाई मार्ने चित्त उत्पन्न गरेको थियो। यसरी अकुशल चित्त उत्पन्न गरेको खराब चित्तको कर्म विपाकको कारणले शाक्यमुनि बुद्ध जस्ता परिशुद्ध व्यक्तित्व हुनु भएपनि उहाँलाई नशाले चुर भएको नालागिरि हात्तीले लखेट्न आएको थियो।



बोधिसत्व माउ[illegible] प्रत्येक बुद्धलाई हात्तीले लखेट्न [illegible]

## प्रश्न नं. ८

ढुगा प्रहार भएको खुट्टाको औंलामा रगत जमेको कारणले उक्त घाउ पाकेर भगवान् बुद्धलाई धेरै पीडा भएको थियो। त्यसैले जीवक वैद्यले भगवान् बुद्धलाई उक्त घाउको सल्यक्रिया नै गर्नु परेको थियो। शाक्य मुनि बुद्धको कुन जन्मको विपाक होला यो ?



Downloaded from http://www.dhamma.digital



भगवान बुद्धको खुट्टाको औंलामा रगत जमेको बेला जीवक वैद्यले उक्त घाउ शल्यक्रिया गरिरहेको दृश्य

## उत्तर-

एक जन्ममा बोधिसत्व प्रान्तिय राजा भएको थियो । त्यही बेला उनले रक्सी पिएर विस्मृति भई निर्दोषी जनताहरुलाई छुरा घोपी सास्ती गरी अकारण नै मार्न लगाएको थियो । यही पापकर्मको फलस्वरूप शाक्य मुनी बुद्ध हुनुभएको बेलामा समेत घाऊको कारणले पीडा सहनु परेको थियो ।




प्रान्तिय राजा बोधिसत्वले रक्सीले मातिएर निर्दोषी जनतालाई छुरा घोपी यातना दिएको दृश्य



Downloaded from http://www.dhamma.digital

प्रश्न नं ९

भगवान् बुद्धलाई कहिलेकाहिँ कपाल दुखाईको कारणले धेरै कष्ट सहनु पर्थ्यो । यो कुन विपाकको फल होला ?



भगवान् बुद्धलाई कपाल दुखी कष्ट सहनु परेको दृश्य

उत्तर-

एक जन्ममा बोधिसत्व माझी गाउँमा जन्म लिन भएको थियो । एकदिन एउटा गाउँमा गइरहनु भएको बेला एउटा माझीले ठूलो माछा मारेर उक्त माछाको टाउकोमा प्रहार गरेर मारेको दृष्य देखी उहाँ बोधिसत्वले खुब प्रसन्न मुद्रामा प्रशंसा गर्दै हेरिरहनु भएको थियो । यसरी माझीले गरेको अकुशल कार्यलाई रोक्न खोज्नुको बदला प्रसन्नता व्यक्त गरेको विपाक फलले भगवान् बुद्ध जस्तो निक्लेशी हुनु भएपनि समय समयमा टाउको दुख्ने रोगले पीडित हुनु परेको थियो ।



Downloaded from http://www.dhamma.digital



[illegible] उक्त माछाको टाउकोमा प्रहार गरिरहेको दृष्य [illegible] बोधिसत्वले प्रशंसा गरिरहेको दृष्य ।

**प्रश्न नं. १०**

एक पटक वेरन्जा ब्राह्मणले भगवान् बुद्धलाई वर्षावास भरिको लागि निमन्त्रणा गरेर लगेको थियो । तर उसले भगवान् बुद्धलाई आफूले निमन्त्रणा गरेको कुरालाई नै बिर्सेर केही पनि उपस्थान गर्न गएन । त्यही समय उक्त स्थानमा अनिकाल परेको कारणले अन्न अभाव भएको हुँदा त्यस स्थानमा अरू मानिसहरु कोही पनि भएनन् । भोजन अभावको कारणले भगवान् बुद्धले घोडाको दाना खाएर पनि जीवन निर्वाह गर्नु परेको थियो ।

कुन कर्म विपाकको कारणले भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि यस्तो कठिनाइको सामना गर्नु परेको होलो ?



Downloaded from http://www.dhamma.digital



भगवान बुद्धलाई घोडाको दाना दान गरेको दृश्य

उत्तर-

बोधिसत्वको एक जन्ममा भिक्षुहरु भिक्षाटनको लागि आइरहन आएको थिए । यौवनमत्तामा परेको बोधिसत्वले अभिमानी [illegible] गई यिनीहरुलाई राम्रो खाना किन दान दिने ? [illegible] दान दिने नि भन्दै होच्याएर निन्दा उपहास गरेको थियो । [illegible] अकुशल कर्म रुपी बीउको फल स्वरूप शाक्यमुनि बुद्ध [illegible] महिना सम्म घोडाको दाना खाएर जीवन निर्वाह गर्नु [illegible] थियो ।

Downloaded from http://www.dhamma.digital



[illegible] भिक्षुलाई छ्याको दाना मात्रदान दिनु भनी निन्दा उपहास गरिरहेको दृष्य ।

**प्रश्न नं. ११**

भगवान् बुद्धलाई कमर दुख्ने रोगले पनि सताउने गर्थ्यो । यो कुन कर्म विपाक हो ?




भगवान बुद्धलाई कमर दुख्ने रोगले सताइरहेको दृष्य



Downloaded from http://www.dhamma.digital

उत्तर-

एक जन्ममा बोधिसत्वले मल्ल युद्ध गरेको थियो। उक्त घटनामा बोधिसत्वले एक व्यक्तिको कम्मर भाँचेर पराजित गरिदिएको थियो। त्यही कुकर्मको प्रतिफल अनुसार उहाँ बुद्ध हुन भएपनि उहाँलाई कम्मर दुख्ने रोगले खुब सताउने गर्थ्यो।



प्रश्न नं. १८

संसारका प्राणीहरु मध्ये छद्दन्त एकदम बलवान् प्राणीमा गनिन्थ्यो। छद्दन्त जस्तै भगवान् बुद्ध पनि विश्वमा बलिष्ट व्यक्तिमा गनिन्छ। तर यस्तो बलिष्ट व्यक्तिले समेत चुन्दले दान दिएको भोजन पचाउन सक्नु भएन। खाना पचाउन नसकी यही कडा भोजनको कारण उहाँलाई धेरै वेदना सहनु परेको थियो। यस कर्मफलको कारण के होला?



Downloaded from http://www.dhamma.digital



चुन्दले दान दिएको भोजन पचाउन नसकी भगवान् बुद्धले वेदना सहन परेको दृष्य

उत्तर-

एक जन्ममा बोधिसत्व चिकित्सक थिए । त्यसबेला उहाँले औधषीमूलो गरी निको पारिसकेको एक सेठ पुत्रलाई कुनै कारणवस क्रोधको आवेगमा आई फेरि अर्को औषधि खुवाई भाडा वान्ता गराइदिएको थियो । यही कर्म विपाकको फलस्वरूप उहाँलाई यस प्रकारको फल भोगाएको थियो ।



बोधिसत्वले सेठ पुत्रलाई गलत औषधी खुवाई भाडा वान्ता गराई दिएको दृष्य



Downloaded from http://www.dhamma.digital

सारांश-

धर्म संसारमा विपाकलाई साधारण रूपमा लिएर हेलचक्र्याईं गर्न हुँदैन । आफूले रोपेको कर्म विपाक भोग्ने संयोग जुटिसकेपछि भगवान् बुद्धले समेत फल भोग्न बाध्य हुनुपर्दो रहेछ भने हामी जस्ता साधारण व्यक्तिको त के कुरा ? त्यसकारण कर्माकर्मफललाई बुझी हामीले दशारूपी नराम्रो कर्म फल भोग्न नपर्ने गरी नराम्रो कर्मको बीऊ रोप्नका लागि आफूलाई संयम गर्नु पर्ने शिक्षा माथि उल्लेखित घटनाले दिइरहेको छ ।



Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अहरतो सम्मासम्बुद्धस्स"

## विघ्नबाधा हटिने सूत्र

| | |
|---|---|
| १) हेतु पच्चयो (जरा) | Rool Condition |
| २) आरम्मण पच्चयो (आधार) | Object Condition |
| ३) अधिपति पच्चयो (प्रमुख, प्रवलता) | Predominance Condition |
| ४) अनन्तर पच्चयो (निरन्तरता) | Conliguily Condition |
| ५) समनन्तर पच्चयो (राम्रो निरन्तरता) | Immediacy Condition |
| ६) सहजात पच्चयो (संगसंगै) | Co-nascence Condition |
| ७) अञ्ञमञ्ञ पच्चयो (पारस्परिक) | Mulualily Condition |
| ८) निस्सय पच्चयो (एकले अर्का माथि भरपर्ने) | Dependence Condition |
| ९) उपनिस्सय पच्चयो (बलियो आदर्श) | Powerful Condition |
| १०) पुरेजात पच्चयो (पहिला नै उपस्थित भएको) | Pre-nascence Condition |
| ११) पच्छाजात पच्चयो (पछिल्लो आधार) | Posl- nascence Condition |



Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| १२) आसेवन पच्चयो (बारम्बार दोहऱ्याउने) | Repetition Condition |
| १३) कम्म पच्चयो (कर्म) | Kamma Condition |
| १४) विपाक पच्चयो (कर्मको फल) | Kamma Result Condition |
| १५) आहार पच्चयो (पोषण) | Nutriment Condition |
| १६) इन्द्रिय पच्चयो (इन्द्रिय) | Faculty Condition |
| १७) झान पच्चयो (ध्यान) | Jhana Condition |
| १८) मग्ग पच्चयो (मार्ग) | Path Condition |
| १९) सम्पयुत्त पच्चयो (घुलमिल) | Association Condition |
| २०) विप्पयुत्त पच्चयो (छुट्टाछुट्टै) | Dissociation Condition |
| २१) अत्थि पच्चयो (उपस्थिति) | Presence Condition |
| २२) नत्थि पच्चयो (अनुपस्थितिको कारणले उत्पत्ति) | Absence Condition |
| २३) विगत पच्चयो (लोप हुने) | Disappearance Condition |
| २४) अविगत पच्चयो हो तीति (लोप नहुने) | Non-Disappe-arance ondition |



Downloaded from http://www.dhamma.digital

# नेपाली भाषामा प्रकाशित पुस्तकहरू


१) बौद्ध दर्शन
२) पञ्चशील
३) शान्ति
४) बौद्ध प्रश्नोत्तर (प्र.सं.)
५) नारी हृदय
६) पटाचारा स्थविरा चरित
७) बुद्ध शासनको इतिहास, भाग-१
८) नेपाली ज्ञानमाला (प्र.सं.)
९) बुद्ध र उहाँको विचार
१०) बौद्ध ध्यान (प्रथमावृत्ति)
११) लक्ष्मी (प्र.सं.)
१२) उखानको कथा संग्रह (प्र.सं.)
१३) मिलिन्द प्रश्न, भाग-१ (प्र.सं.)
१४) बौद्ध जगतमा स्वास्थ्य सेवा (प्र.सं.)
१५) श्रमण नारद (प्र.सं.)
१६) वेस्सन्तर जातक (प्रथमावृत्ति)
१७) बौद्ध विश्वास, भाग-१
१८) बौद्ध विश्वास, भाग-२
१९) बौद्ध दर्पण (प्र.सं.)
२०) महा सतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान (प्र.सं.)
२१) सप्तरत्न धन
२२) महासीहनाद सुत्तं
२३) सफलताको रहस्य (प्रथमावृत्ति)
२४) मानव महामानव,पहिलो भाग (प्र.सं.)
२५) निरोगी (प्र.सं.)
२६) जातक कथा (प्र.सं.)
२७) प्रज्ञा चक्षु
२८) तथागत हृदय (प्र.सं.)
२९) सतिपट्ठान विपस्सना (प्र.सं.)
३०) महास्वप्न जातक (प्र.सं.)
३१) परित्राण (तृतीय सं.)
३२) बुद्ध पूजा विधि र कथा संग्रह (प्र.सं.)
३३) मैले बुझेको बुद्ध-धर्म
३४) बुद्धको जीवनी र दर्शन
३५) बौद्ध प्रश्नोत्तर (द्वि.सं.)
३६) १.आमा बुबा र छोराछोरी
२.बुद्ध धर्ममा नारीको स्थान
३७) स्नेही छोरी (प्र.सं.)
३८) मति राम्रो भए गति राम्रो हुन्छ (प्र.सं.)
३९) बुद्ध र बुद्धपछि (प्र.सं.)
४०) १.बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय
२. बुद्धको जन्मभूमि नेपालमा बुद्ध धर्म प्रति असहिष्णुता (द्वि.सं.)
४१) अनागारिका धम्मवती (प्र.सं.)
४२) बौद्ध-ज्ञान
४३) बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४४) मिलिन्द प्रश्न, भाग-२
४५) मानव स्वभाव
४६) महास्वप्न जातक (द्वि.सं.)
४७) संक्षिप्त बुद्ध जीवनी (पञ्चमावृत्ति)
४८) श्रमण नारद (द्वि.सं.)
४९) श्रमण नारद (तृ.सं.)
५०) मिलिन्द प्रश्न, भाग-१ (द्वि.सं.)
५१) धर्म चिन्तन
५२) बौद्ध ध्यान (द्वि.सं.)




Downloaded from http://www.dhamma.digital

५३। बुद्धको अन्तिम यात्रा, प्रथम भाग (द्वि.सं.)
५४। बौद्ध विश्वास, भाग-३ (प्र.सं.)
५५। लक्ष्मी (द्वि.सं.)
५६। सम्यक शिक्षा
५७। बुद्ध पूजा विधि र कथा संग्रह (तृ.सं.)
५८। परित्राण (पाँचौं सं.)
५९। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
६०। बौद्ध दर्पण (द्वि.सं.)
६१। आर्य सत्य र आर्य मार्ग (प्र.सं.)
६२। बुद्ध पूजा विधि, कथा संग्रह र परित्राण (चौं.सं.)
६३। धम्मपद (चौं.सं.)
६४। बुद्ध पूजा विधि र परित्राण (प्र.सं.)
६५। सम्यक शिक्षा भाग-३
६६। बुद्ध पूजा विधि (पाँचौं सं.)
६७। बुद्ध पूजा विधि र कथा संग्रह (छैठौं सं.)
६८। बुद्ध पूजा विधि र कथा संग्रह (सातौं सं.)
६९। बुद्ध पूजा विधि र कथा संग्रह - आठौं सं.
७०। लक्ष्मी (तृ.सं.)
७१। बुद्धको शिक्षात्मक उपदेश (प्र.सं.)
७२। बुद्ध पूजा विधि -नवौं सं.
७३। क्षान्ति र मैत्री (प्र.सं.)
७४। शान्ति मार्ग
७५। पहिलो गुरू को हो ? (प्र.सं.)
७६। दान पारमिता
७७। बुद्धको संस्कृति र महत्व
७८। बौद्ध कथा र बौद्ध चरित्र
७९। मिलिन्द प्रश्न, भाग-१ (तृ.सं.)
८०। संक्षिप्त बुद्ध वंश, भाग-१ (दो.सं.)
८१। चिर स्थित सद्धर्म
८२। संक्षिप्त बुद्ध वंश, भाग-२ (द्वि.सं.)
८३। मिलिन्द प्रश्न, भाग-२ (द्वि.सं.)
८४। महास्वप्न जातक (दो.सं.)
८५। बुद्ध पूजा विधि र कथा संग्रह (नृ.सं.)
८६। चित्त शुद्ध भए जीवन उज्जल हुने छ (प्र.सं.)
८७। प्रौढ बौद्ध कथा र लक्ष्मी (प्र.सं.)
८८। नवकली देवता (प्र.सं.)
८९। आमा बुवाको सेवा
९०। बुद्धको मूल उपदेश (प्र.सं.)
९१। शाक्यमुनि बुद्ध
९२। बौद्ध दर्पण (ते.सं.)
९३। मणिचूड जातक (द्वि.सं.)
९४। मानिसलाई असल बनाउने बुद्ध शिक्षा
९५। क्षान्ति र मैत्री (द्वि.सं.)
९६। बुद्ध शासनको इतिहास भाग -१(द्वि.सं.)
९७। मति राम्रो भए गति राम्रो हुन्छ उत्थानको कथा संग्रह (तृ.सं.)
९८। महापरित्राण (पालिभाषा) (चौं.सं.)
९९। मातापिताको गुण र बुद्धको सर्हीवाटो
१००। बौद्ध प्रश्नोत्तर (तृ.सं.)
१०१। संक्षिप्त बुद्ध जीवनी
१०२। बाल उपयोगी संक्षिप्त बुद्ध जीवनी (द्वि.सं.)
१०३। बुद्धको चमत्कार



Downloaded from http://www.dhamma.digital

१०४) बुद्ध पूजा विधि र कथा संग्रह
१०५) मानव महामानव, दोश्रो भाग (प्र.सं.)
१०६) सल्लेख सूत्र (प्र.सं.)
१०७) बुद्ध र बुद्धपछि (द्वि.सं.)
१०८) सच्च विभङ्ग सुत्त (प्र.सं.)
१०९) महानारद जातक (प्र.सं.)
११०) कर्तव्य
१११) प्रौढ बौद्ध कथा र लक्ष्मी (द्वि.सं.)
११२) बौद्ध जगतमा स्वास्थ्य सेवा (द्वि.सं.)
११३) परित्राण मूल पालि तथा
नेपाली अनुवाद (सातौं.सं.)
११४) बुद्ध पूजा विधि र कथा संग्रह
११५) त्रिरत्न वन्दना र परित्राण पाठ
(मूल पालि तथा नेपाली अर्थ निदान)
११६) धर्म उपदेश, भाग-२
११७) श्रमण नारद
११८) सीवली
११९) बौद्ध दर्पण (चौ.सं.)
१२०) बुद्ध पूजा विधि
१२१) आदर्श बौद्ध महिलाहरू
१२२) दश बन्धन (दश संयोजन)(प्र.सं.)
१२३) महासमय सूत्र
१२४) भगवान बुद्धको धर्मपुर (प्र.सं.)
१२५) च्याइथीयुको इतिहास
१२६) भगवान बुद्धको आठ विजयहरू र
ब्राह्म कर्म विपाक (प्र.सं.)
१२७) बुद्ध पूजा विधि
१२८) संक्षिप्त बुद्ध वंश (तेस्रो भाग)(प्र.सं.)
१२९) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको
शनिवारिय कक्षाको विवरण
१३०) आधारभूत बुद्ध शिक्षा
१३१) नेपालका थेरवाद बुद्ध धर्म
चुनौती र उपलब्धी
१३२) त्रिरत्न वन्दना परित्राण पाठ (मूल पालि
तथा नेपाली अर्थ र निदान) र कथा
१३३) स्नेही छोरी (दोश्रो संस्करण)
१३४) बुद्ध पूजा र परित्राण पाठ (मूल पालि
तथा नेपाली अर्थ र
निदान)
१३५) त्रिरत्न वन्दना-परित्राण पाठ र
सूत्र समूह (मूलपालि तथा नेपाली
अर्थ र निदान)
१३६) बुद्ध शिक्षा-(तपाईंको हातमा)
१) यःम्ह म्ह्याय्(उपन्यास) न्हापांगु


Downloaded from http://www.dhamma.digital

# नेपाल भाषामा प्रकाशित पुस्तकहरू

२. मैत्री भावना
३. पंम छ न्वी ?
४. त्रिरत्न गुण स्मरण
५. त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
६. कर्तव्य (प्र.सं.)
७. भिक्षा
८. परित्राण (प्र.सं.)
९. हृदय परिवर्तन
१०. न्हापायाम्ह गुरु सु ?
११. बुद्धया अन्तिम यात्रा, भाग-१
१२. बुद्धया अन्तिम यात्रा, भाग-२
१३. बौद्ध ध्यान
१४. कर्म
१५. बौद्ध प्रश्नोत्तर (प्र.सं.)
१६. प्रार्थना संग्रह (तृ.सं.)
१७. बाखँ, भाग-१
१८. बोधिसत्व
१९. अनन्त लक्खण सुत्त (द्वि.सं.)
२०. शाक्यमुनि बुद्ध
२१. मनि भिंसा गनि भिनी
२२. बाखँ, भाग-२
२३. धम्मचक्कप्पवत्तन सुत्त (प्र.सं.)
२४. बाखँ, भाग-३
२५. लक्ष्मी द्यों
२६. महास्वप्न जातक (द्वि.सं.)
२७. अभिधर्म, भाग-२ (प्र.सं.)
२८. क्षान्ति व मैत्री (प्रथमावृत्ति)
२९. जातक बाखँ
३०. बाखँया फल, भाग-२
३१. राहुलयात तथागतया उपदेश
३२. बाखँ, भाग-२ (द्वि.सं.)
३३. प्रार्थना संग्रह (चौथौ प्र.)
३४. प्रौढ बौद्ध कथा (प्र.सं.)
३५. बुद्धया अर्थनीति (द्वि.सं.)
३६. श्रमण नारद (प्र.सं.)
३७. मखंम्ह पासा मञ्य
३८. उखानया बाखँ पुच (प्र.सं.)
३९. पालि भाषा अवतरण, भाग-१ (प्र.सं.)
४०. ललितविस्तर (द्वि.सं.)
४१. न्हापायाम्ह गुरु सु ? (द्वि.सं.)
४२. पालि प्रवेश, भाग-१
४३. चमत्कार
४४. मणिचूड जातक (द्वि.सं.)
४५. महाजनक जातक
४६. गृही विनय ? (च.सं.)
४७. राहुलयात तथागतया उपदेश (द्वि.सं.)
४८. बाखँ, भाग-४ (प्र.सं.)
४९. चरित्र पुच
५०. अभिधर्म (चित्त काण्ड छगूया संक्षिप्त परिचय) (प्र.सं.)
५१. परित्राण (द्वि.सं.)
५२. सप्तरत्न धन (प्र.सं.)
५३. महा-सतिपट्ठान सुत्र
५४. शान्तिया त्वाथः (द्वि.सं.)
५५. चरित्र पुचः, भाग-२
५६. बुद्ध व शिक्षा (क) (प्र.सं.)


Downloaded from http://www.dhamma.digital

५७) बौद्ध ध्यान, भाग-२
५८) जातकमाला, प्रथम भाग (तृ.सं.)
५९) विश्व धर्म प्रचार देशना, भाग-२
६०) लुम्बिनी विपस्सना
६१) विश्व धर्म प्रचार देशना, भाग-१
६२) प्रोगीया चिठी (प्र.सं.)
६३) संक्षिप्त बुद्ध जीवनी (चतुर्थ.सं.)
६४) जातक बाखँ (द्वि.सं.)
६५) बुद्ध-धर्म (द्वि.सं.)
६६) भिखा (द्वि.सं.)
६७) पालि प्रवेश, भाग-१,२
६८) सर्वज्ञ, भाग-२ (तृ.सं.)
६९) जातकमाला, भाग-२ (तृ.सं.)
७०) जप पाथ व ध्यान
७१) किसा गौतमी (प्र.सं.)
७२) धम्मपद (श्लोकबद्ध भावानुवाद) (द्वि.सं.)
७३) धर्म मसीनि
७४) तेमिय जातक
७५) वम्मिक सुत्त
७६) मध्यम मार्ग
७७) त्रिरत्न गुण लुमंके (द्वि.सं.)
७८) सर्वज्ञ, भाग-२
७९) दान
८०) बाखँ, भाग-५
८१) भिम्हं म्ह्याप् व काय्
८२) भिक्षु जीवन
८३) महानारद जातक
८४) विवेक-बुद्धि
८५) समथ व विपस्सना संक्षिप्त भावना विधि
८६) भिम्ह मचा
८७) बुद्धपूजा विधि (प्र.सं.)
८८) स्वास्थ्य लाभ
८९) शिक्षा, भाग-१ (प्र.सं.)
९०) वृष्टि व तृष्णा त्यहेँ थनेगु उपदेश
९१) फंग: लाइम्ह लाखे (किपा हना बाखँ)
९२) विपस्सना ध्यान
९३) शिक्षा, भाग-२ (प्रथमावृत्ति)
९४) सतिपट्ठानभावना (प्र.सं.)
९५) त्रिरत्न वन्दना
९६) गौतम बुद्ध (द्वि.सं.)
९७) बाखँ, भाग-६
९८) नेपालय् २५ दँ जिगु लुमन्ति
९९) धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१००) शिक्षा, भाग-३ (प्र.सं.)
१०१) शिक्षा, भाग-४ (प्र.सं.)
१०२) बुद्ध व शिक्षा (ख)
१०३) धम्मपद व्याख्या, भाग-१ (प्र.सं.)
१०४) धम्मपदया बाखँ (प्र.सं.)
१०५) त्रिरत्न वन्दना व सूत्र पुच: (प्रथमावृत्ति)
१०६) विशेष बौद्ध
१०७) त्रिरत्न वन्दना व पञ्चशीलया फलाफल (छैठौं.सं.)
१०८) अभिधर्म, प्रथम भाग (द्वि.सं.)
१०९) संसारया स्वापू (प्र.सं.)
११०) परित्त सुत्त (प्र.सं.)
१११) धम्मपद (मूल पालि सहित नेपाल भाषाय्) (पाँ.सं.)
११२) बौद्ध नैतिक शिक्षा, भाग-१


Downloaded from http://www.dhamma.digital

११३) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
११४) आदर्श बौद्ध महिलापिं (द्वि.सं.)
११५) वेस्सन्तर जातक (तृतीयावृत्ति)
११६) दीर्घायु जुइमा
११७) त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायेके
११८) न्हगु त्रिरत्न वन्दना व धम्मपद
११९) निर्वाण (रचना संग्रह)
१२०) मनूतय्‌गु पहः (प्र.सं.)
१२१) कर्तव्य (द्वि.सं.)
१२२) महास्वप्न जातक (द्वि.सं.)
१२३) संस्कृति (प्र.सं.)
१२४) श्रमण नारद (द्वि.सं.)
१२५) बुद्धया करूणा व ब्रम्हदण्ड (प्र.सं.)
१२६) विशेषं म्हं मफइबले पाठ यायेगु
परित्राण (प्र.सं.)
१२७) विरकुशया बाखँ
१२८) त्रिरत्न वन्दना व परित्राण (सं.)
१२९) कर्म व कर्मफल
१३०) शिक्षा, भाग-५
१३१) पट्ठान पालि (प्रथम भाग)
१३२) धर्मया ज्ञान, भाग-२
१३३) संक्षिप्त बुद्धवंश (प्रथम भाग)(प्र.सं.)
१३४) संक्षिप्त बुद्धवंश (दोश्रो भाग)(प्र.सं.)
१३५) अभिधर्म, भाग-२ (द्वि.सं.)
१३६) कर्म (द्वि.सं.)
१३७) न्हापायाम्ह गुरू सु ? (द्वि.सं.)
१३८) अनत्त लक्खण सुत्त (द्वि.सं.)
१३९) अभिधर्म पालि (प्र.सं.)
१४०) बुद्ध पूजा, धम्मपद व ज्ञानमाला (प्र.सं.)
१४१) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१४२) धम्मचक्कप्पवत्तन सुत्त (तृ.सं.)
१४३) बुद्ध वन्दना विधि व बुद्धया
भिंगु विपाक
१४४) मनूतय्‌गु पह (द्वि.सं.)
१४५) प्रौढ बौद्ध कथा (द्वि.सं.)
१४६) न्हापायाम्ह गुरू सु ? व अमूल्य धन
१४७) बौद्ध स्तुती पुचः
१४८) त्रिरत्न वन्दना परित्त सुत्त (तेहौं सं.)
१४९) सूत्र पुचः (प्र.सं.)
१५०) त्रिरत्न वन्दना व परित्राण (च.सं.)
१५१) शाक्यमुनि बुद्ध (द्वि.सं.)
१५२) तृष्णा (द्वि.सं.)
१५३) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५४) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५५) सीवली (प्र.सं.)
१५६) अनागत वंश
१५७) सच्चा विभङ्ग सुत्त
१५८) त्रिरत्न गुण लुमंके
१५९) मनू तयेगु पहः व प्रेमं छु ज्वी ?
१६०) अभिधर्म पालि (दो.सं.)
१६१) त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
१६२) धर्मकीर्ति ज्ञानमाला भजन
म्ये मुना (न्हापांगु संस्करण)
१६३) धर्मकीर्ति ज्ञानमाला भजन
म्ये मुना (निक्वःगु संस्करण)
१६४) महा-सतिपट्ठान सूत्र (द्वि.सं.)
१६५) त्रिरत्न वन्दना व परित्राण (चौ.सं.)
१६६) गुरू दक्षिणा (प्र.सं.)
१६७) अभिधर्म (न्हगु संस्करण)
१६८) श्रेष्ठ पवित्र श्रोतापन्न (द्वि.सं.)



Downloaded from http://www.dhamma.digital

१६९) धर्मकीर्तिया सुखाँ
१७०) त्रिरत्न वन्दना परित्त सुत्त
(त्रिरत्न-वन्दना, परित्त सुत्त व
म्हेमेगु अर्थ सहित पट्ठान पालि गाथा)
१७१) नेपालय् वो गुणवती गुरूमा


Downloaded from http://www.dhamma.digital

# अंग्रेजी भाषामा प्रकाशित पुस्तकहरू

## Dharmakirti Publication English

1) Buddhist Economics and The Modern World
2) Dharmakirti Vihar Today
3) Dharmakirti Vihar
4) "Dhammakirti in a Nutshell"
5) Dhamma and Dhammawati
6) Paritta Suttas
7) The Life of Tathagata
8) Daw Gunawati Guruma in Nepal
9) Beloved Daughter

समाप्त

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital



Downloaded from http://www.dhamma.digital